## राष्ट्रिय मानव अधिकार आयोगका कार्यालयहरु

**केन्द्रीय कार्यालय**
हरिहरभवन, ललितपुर
पो.ब.नं.: ९१८२
इमेल : nhrc@nhrcnepal.org
फोन : ०१-५०१००१५, १६, १७ र १८
वेवसाइट : www.nhrcnepal.org
फ्याक्स : ०१-५५४७९७३ र ५५४७९७५
हटलाइन : ५० १० ०००

### प्रदेश कार्यालयहरु

विराटनगर, मोरङ
फोन : ०२१-४६१९३१ र ४६१०९३
फ्याक्स : ०२१-४६११००

जनकपुर, धनुषा
फोन : ०४१-५२७८११ र ५२७८१२
फ्याक्स : ०४१-५२७२२५०

सानेपा, ललितपुर
फोन : ०१-५५३०३६२

पोखरा, कास्की
फोन : ०६१-४६२८११ र ४६३८२२
फ्याक्स : ०६१-४६५०४२

बुटवल, रुपन्देही
फोन : ०७१-५४६९११

बिरेन्द्रनगर, सुर्खेत
फोन : ०८३-५२६७०७

धनगढी, कैलाली
फोन : ०९१-५२५६२१ र ५२५६२२
फ्याक्स : ०९१-५२५६२३

### प्रदेश शाखा कार्यालयहरु

दिक्तेल, खोटाङ्ग, फोन : ०३६-४२०२८४
खलङ्गा, जुम्ला, फोन : ०८७-५२०२२२
नेपालगञ्ज, बाँके, फोन : ०८१-५२६७०७
फ्याक्स : ०८१-५२६७०६


मानव अधिकारसम्बन्धी महत्वपूर्ण निर्णयहरु

# राष्ट्रिय मानव अधिकार आयोगबाट भएका
# मानव अधिकारसम्बन्धी महत्वपूर्ण निर्णयहरू

वर्ष ३ | अङ्क ५ | २०७५ फागुन

मानव अधिकारको गम्भीर उल्लङ्घन र मानवताविरुद्धका अपराधहरू गम्भीर अपराध हुने हुँदा त्यस्ता अपराधमा संलग्न व्यक्तिलाई कानुनको दायराभित्र ल्याउन विद्यमान प्रचलित कानुन अपर्याप्त भएको अवस्थामा नयाँ कानुनसमेत निर्माण गरी दण्डहीनताको अन्त्य गर्नुपर्ने।

– सर्वोच्च अदालत रिट नं. ०६९-WS-००५७, आदेश मिति २०७०/०९/१८/५


**राष्ट्रिय मानव अधिकार आयोग**
हरिहरभवन, ललितपुर, नेपाल

राष्ट्रिय मानव अधिकार आयोगबाट भएका

# मानव अधिकारसम्बन्धी महत्त्वपूर्ण निर्णयहरू


| वर्ष ३ | अङ्क ५ | २०७५ फागुन |
|---|---|---|


मानव अधिकारको गम्भीर उल्लङ्घन र मानवताविरूद्धका अपराधहरू गम्भीर अपराध हुने हुँदा त्यस्ता अपराधमा संलग्न व्यक्तिलाई कानुनको दायराभित्र ल्याउन विद्यमान प्रचलित कानुन अपर्याप्त भएको अवस्थामा नयाँ कानुनसमेत निर्माण गरी दण्डहीनताको अन्त्य गर्नुपर्ने।

– सर्वोच्च अदालत रिट नं. ०६९–WS–००५७, आदेश मिति २०७०/०९/१८/५


## राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर, नेपाल

## आयोगका पदाधिकारीहरू

मा. अनूप राज शर्मा, अध्यक्ष

मा. प्रकाश वस्ती, सदस्य

मा. सुदिप पाठक, सदस्य

मा. मोहना अन्सारी, सदस्य

मा. गोविन्द शर्मा पौड्याल, सदस्य

## सचिव

वेदप्रसाद भट्टराई

**सम्पादन/संयोजन**
श्यामबाबु काफ्ले
उपनिर्देशक/प्रमुख, कानुन महाशाखा
राष्ट्रिय मानव अधिकार आयोग

**सङ्कलन**
सन्ध्या पुडासैनी, मानव अधिकार अधिकृत
पूर्णिमा राणा, मानव अधिकार अधिकृत
रुना महर्जन, मानव अधिकार अधिकृत
मणिराम थापा, सहायक प्रथम

**प्रकाशक**
राष्ट्रिय मानव अधिकार आयोग
कानुन महाशाखा
हरिहरभवन, ललितपुर ।

**प्रकाशन मिति :** २०७५ फागुन

**प्रकाशन प्रति** : ५००

**प्रकाशन सङ्ख्या** : रा.मा.अ.आ. के.का.: २३९

**सर्वाधिकार** : राष्ट्रिय मानव अधिकार आयोग

**मुद्रण :** एपेक्स प्रिन्टीङ्ग प्रेस प्रा. लि.
तीनकुने, काठमाडौं
**फोन नं. :** ४१११८११
**ई-मेल :** apexpress100@gmail.com

आयोगको पूर्व-स्वीकृतिबिना यस प्रकाशनलाई पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू मात्र साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।

# प्रकाशन सम्बन्धमा

१. राष्ट्रिय मानव अधिकार आयोगले २०७३ वैशाख महिनाबाट सुरु गरेको मासमनिको पाँचौ अङ्कका रूपमा आयोगबाट भएका थप दसवटा महत्त्वपूर्ण निर्णयहरू यस अङ्कमा समावेश गरिएका छन् ।

२. यस अङ्कमा विस्थापित तथा उपभोक्ताका अधिकारसँग सम्बन्धित समेत विगत अङ्कहरूमा जस्तै जीवनको अधिकारसँग सम्बन्धित आयोगबाट भएका महत्वपूर्ण निर्णयहरू समावेश गरिएका छन् ।

३. यस प्रकाशनमा कतिपय स्थानमा आयोगको ठहर र कतिपयमा निर्णय उल्लेख भएको विषयलाई मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम भएका निर्णयहरूमा ठहर र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम भएका निर्णयहरूमा निर्णय भनी उल्लेख गरिएको छ ।

४. प्रकाशित सामग्रीलाई पठनीय र प्रयोगकर्ता-मैत्री बनाउने प्रयोजनका लागि प्रत्येक परिच्छेदहरूमा नम्बरिङ गरिएको छ । तर, ठहर वा निर्णयमा उल्लेख भएको ब्यहोरालाई हुबहु रूपमा उल्लेख गर्दै व्याकरणीय रूपमा मात्र सम्पादन गरिएको छ ।

५. पीडित र साक्षीको अधिकार संरक्षणको दृष्टिकोणबाट यस प्रकाशनमा उनीहरूको नाम गोप्य राखिएको छ । तर, मृतक र बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको नाम उल्लेख गरिएको छ ।

६. यस प्रकाशनमा छापिएका निर्णयहरूमा कुनै द्विविधा उत्पन्न भएमा सक्कल निर्णय मान्य हुनेछ ।

# विषयसूची


| उजुरी नं. | मानव अधिकार उल्लङ्घनको विषय | पृष्ठ सङ्ख्या |
|---|---|---|
| संवत् २०६७ सालको उजुरी नं. २२९ क्षे.का., जनकपुर । | विस्थापित | १ |
| संवत् २०६६ सालको उजुरी नं. १४१ उपक्षेत्रीय कार्यालय, खोटाङ । | उपभोक्ता अधिकार | १० |
| संवत् २०६४ सालको उजुरी नं. १५६ केन्द्रीय कार्यालय, ललितपुर । | हत्या | १५ |
| संवत् २०६४ सालको उजुरी नं. ४१३८ के.का.पुल्चोक, ललितपुर । | हत्या | १९ |
| संवत् २०६० सालको उजुरी नं. १२५५ के.का.पुल्चोक, ललितपुर । | हत्या | ३६ |
| संवत् २०६२ सालको उजुरी नं. ३३४ | हत्या | ५४ |
| संवत् २०६२ सालको उजुरी नं. ७०८ क्षेत्रीय कार्यालय, नेपालगन्ज । | बेपत्ता | ६५ |
| संवत् २०६४ सालको फाइल नं. २८० क्षे.का., पोखरा । | हत्या | ७६ |
| संवत् २०६२ साल | हत्या | ८३ |
| संवत् २०६७ सालको फाइल नं. १५६२ क्षे.का., विराटनगर । | हत्या | ९१ |

# राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

मानननीय अध्यक्ष, श्री केदारनाथ उपाध्याय

माननीय सदस्य, श्री रामनगिना सिंह

माननीय सदस्य, श्री गौरी प्रधान

माननीय सदस्य श्री डा. के.वि.रोकाय

संवत् २०६७ सालको उजुरी नं. २२९ क्षे.का., जनकपुर ।

विषय : विस्थापित ।

विस्थापितहरूले संविधानद्वारा प्रत्याभूत आवतजावत गर्ने स्वतन्त्रताको अधिकार प्रयोग गर्न नपाउनु, आफ्नो सम्पत्ति उपभोग गर्न नपाउनु तथा आफ्नो मूल घरमा बसोबास गर्न नपाउनु समेतका कारणबाट उनीहरूको मौलिक हकमाथि नै कुठाराघात भएको प्रस्ट देखिन्छ । आन्तरिक विस्थापित व्यक्तिहरूका लागि ... पनि राज्यका अन्य नागरिकसरह नै आधारभूत मानव अधिकारहरूको प्रत्याभूति गर्न मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९७९, सबै प्रकारका जातीय भेदभाव-विरुद्धको अन्तर्राष्ट्रिय अनुबन्ध १९६५, बाल अधिकारसम्बन्धी महासन्धि १९८९, सन् १९४९ का मानवीय कानुनसम्बन्धी चारवटै जेनेभा महासन्धिहरू तथा तिनीहरूका प्रथम आलेखहरू १९७७ र सन् १९५१ को राष्ट्रसङ्घको शरणार्थीसम्बन्धी महासन्धि, १९६७ को आलेखसमेतले विस्थापितहरूको अधिकारलाई प्रत्यक्ष-अप्रत्यक्ष रूपमा स्थापित गरिदिएका छन् । त्यसकारण, विस्थापित भएकै कारणले उनीहरूलाई अन्य नागरिकसरह अधिकारहरूको स्वतन्त्रपूर्वक उपभोग गर्नबाट वञ्चित गर्न सकिँदैन ।

- प्रकरण नं. १३

संयुक्त राष्ट्रसङ्घद्वारा पारित **United Nations Principles on Housing and property restitution for refugee and displaced persons, 2005 (The Pinheiro Principle)**ले राज्य, संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्थाहरू र अन्तर्राष्ट्रिय समुदायसमेतलाई शरणार्थी र विस्थापितको समस्यालाई व्यावहारिकरूपमा सम्बोधन गर्न विश्वव्यापी र संहिताबद्ध अवधारणाको सुरुवात गरेको छ । विश्वभरिका प्रायः विस्थापित एवम् शरणार्थीहरूले विस्थापित भएकै कारणबाट आफ्नो जग्गा-जमिन, घर र सम्पत्ति गुमाउनुपरेको यथार्थलाई हृदयङ्गम गर्दै यस सिद्धान्तले घर तथा

**सम्पत्तिको परिपूरण (Restitution) गर्ने अवधारणालाई नै सर्वश्रेष्ठ समाधान ठानेको छ ।**

**- प्रकरण नं. १४**

**आन्तरिक विस्थापितहरूको उचित व्यवस्थापनको पहिलो र अन्तिम जिम्मेवारी राज्यको हुने कुरामा विवाद छैन । अन्तर्राष्ट्रिय मानवीय सहयोगका विषय समस्याको तत्कालीन निराकरणका लागि अस्थायी उपायहरू मात्रै हुन् । अतः राज्यले विस्थापितहरूका आधारभूत मानव अधिकारको प्रत्याभूति गर्नुपर्ने तथा उनीहरूको इच्छाविपरीत पुनः असुरक्षित स्थानमा नफर्काई उनीहरूको सुरक्षाको ग्यारेन्टी गर्नुपर्ने जिम्मेवारी राज्यको दायित्वअन्तर्गत पर्दछ ।**

**- प्रकरण नं. १७**

१. सप्तरी जिल्ला शम्भुनाथ गाविस वडा नं. ... बस्ने ... को घरमा नेकपा (माओवादी) को समूहले मिति २०६०/९/४ गते साँझ ७ बजे आई ... समेतलाई कुटपिट गरी ... को हातखुट्टा काटी अपाङ्गसमेत बनाएको र सम्पूर्ण सम्पत्तिसमेत लुटेर लगीजबर्जस्ती घरबाटनिकाली घरमा ताला लगाई विस्थापित बनाएको हुँदा शान्तिपूर्वक आफ्नो घरमा बस्न तथा सम्पत्ति उपभोग गर्ने व्यवस्था मिलाई मानव अधिकार संरक्षणका लागि आवश्यक पहल गरी पाऊँ भनी आयोगमा मिति २०६२/५/१६ गते उजुरी दर्ता हुन आएको ... रहेछ ।

२. प्रस्तुत उजुरीका सम्बन्धमा ... घटनाको सम्बन्धमा के कसो भएको हो ? तहाँबाट निज परिवारको सहज जीवन यापन गर्ने व्यवस्था सम्बन्धमा आवश्यक पहल भएको छ भन्ने कुरामा विश्वस्त हुँदै, त्यस कार्यालयबाट प्राप्त हुने सहयोग तथा राहत, क्षतिपूर्तिसमेत उपलब्ध गराइदिनुहुन भन्ने समेतको ब्यहोरा उल्लेख गरी आयोगको क्षेत्रीय कार्यालय विराटनगरबाट ... जिल्ला प्रशासन कार्यालय सप्तरीलाई पत्राचार प्रेषित गरिएको पत्र मिसिल संलग्न रहेको देखिन्छ ।

३. चन्दा नदिएको विषयलाई लिएर ... समेत निजको परिवारलाई तत्कालीन नेकपा (माओवादी)का कार्यकर्ताहरूले चेतावनी र धम्की दिने गरेकोमा ... २०६० साल पुस ४ गते माओवादीका जिल्ला कमान्डर भनिएका मनोज चौधरी, थारुवान जिल्ला सदस्य तारणीप्रसाद चौधरी,

जिल्ला सदस्य सुकदेव साह र गाउँ पार्टी सचिव देवप्रसाद पालसमेत भई निज ... लाई अपाङ्गताबनाई परिवारका अन्य सदस्यहरूलाई कुटपिट गरी घाइते बनाईकरिब २५ लाख बराबरको गरगहना, नगद, भाँडाकुँडा, सुनचाँदी लुटपाट भएको र दुईकोठे पक्की घरमा समेत क्षति पुऱ्याएकाले निजलाई सम्पूर्ण परिवारसहित विस्थापित गराएको, सोही कारणबाट एघार बिगाहा जमिनमा खेतीपाती हुन नसकी जमिनसमेत बाँझो रहेको भन्ने उल्लेख भएको रहेछ ।

४. नेकपा (माओवादी) का कार्यकर्ताहरूको कुटपिट गरेपछि ... को शिक्षण अस्पताल काठमाडौँमा करिब दुई महिनासम्म उपचार भएको र परिवारका अन्य सदस्यहरू सामान्य उपचारपछि ठीक भएका । कुटपिटका कारण निज ... ले अपाङ्ग भई हाल अपाङ्गता प्रमाण-पत्रसमेत प्राप्त गरेको ।

५. उक्त घटनामा ... अमर मण्डल, ... माओवादी सेनामा कार्यरत तारणी चौधरी, ... सुकदेव साह र ... देवप्रसाद पालसमेत करिब २५ जना माओवादी कार्यकर्ताहरू संलग्न रहेको र निजहरू-विरुद्ध ज्यान मार्ने उद्योग मुद्दा दर्ता भई ... पुनरावेदन अदालत राजविराजमा मुद्दा विचाराधीन अवस्थामा रहेको पनि उल्लेख भएको रहेछ ।

६. जिल्ला प्रशासन कार्यालय सप्तरीबाट निज ... को १२ जनाको परिवार विस्थापित भएको भनी प्रमाणित गरी १८ लाख रूपैंयाको क्षति मूल्याङ्कनसमेत भएको रहेछ । सो सम्बन्धमा स्थानीय क्षति मूल्याङ्कन समिति सप्तरीले १ लाख ९४ हजार क्षतिपूर्ति र क्षति भएको १० लाख ९३ हजार ८ सय ९७ रूपैया ७५ पैसा मूल्याङ्कन गरेको रहेछ ।

७. हाल ... राजविराजमा घर खरिद गरी बसोबास गरिरहेका र यदि आधिकारिक निकायहरूबाट न्याय नपाइएमा आफूले नै पीडकहरूलाई कारबाही गर्ने ... अनुसन्धान टोलीसमक्ष व्यक्त गरेका रहेछन् ।

८. अनुसन्धानबाट ... र निजको परिवारलाई नेकपा (माओवादी) का कार्यकर्ताहरूले कुटपिट गरी सम्पत्तिसमेत लुटपाट गरी विस्थापित गराएको भन्ने देखिन्छ । उक्त घटनाका सम्बन्धमा जिल्ला प्रशासन कार्यालय सप्तरीमा उजुरी गरेको र उक्त कार्यालयले निजहरूको क्षतिको

मूल्याङ्कनसमेत भई सक्दा पनि क्षतिपूर्ति प्राप्त गर्न नसकेको रहेछ ।

९. सशस्त्र द्वन्द्वको क्रममा स्वतन्त्रतापूर्वक आफ्नो सम्पत्तिको उपभोग गर्न पाउने एवम् सुरक्षा पाउने अधिकारबाट नागरिकहरू वञ्चित भएको देखिन्छ । सो क्रममा राज्यले समेत व्यक्तिहरू तथा निजहरूको सम्पत्तिको सुरक्षा गर्न नसकेका कारण पीडित व्यक्तिहरूको मानव अधिकार हनन भएको देखिन्छ । अतः प्रस्तुत घटनामा ... लाई कुटपिट गर्ने व्यक्तिहरू उपर पुनरावेदन अदालतमा मुद्दा विचाराधीन अवस्थामा रहेको भन्ने देखिँदा सोसम्बन्धी केही गरिरहनु नपर्ने, निज ... को क्षति भएको सम्पत्तिको मूल्याङ्कन गरी क्षतिपूर्ति दिन नेपाल सरकारलाई निर्देशन दिई आयोगबाट सोको अनुगमनसमेत गर्नुपर्ने देखिन्छ भन्ने अनुसन्धान टोलीको निष्कर्ष एवम् सिफारिस रहेछ ।

१०. माथि उल्लेखित तथ्यहरूका आधारमा विश्लेषण गर्दा नेकपा (माओवादी) हरूले कुटपिट गरी चल-अचल सम्पत्ति समेत कब्जा गरी ... समेत निजको १२ जनाको परिवारलाई आन्तरिक रूपमा विस्थापित गराएको पुष्टि हुन आयो । यस घटनामा नेकपा माओवादीको कुटपिटको कारण अपाङ्गता भएका ... को सम्बन्धमा अदालतमा मुद्दा दर्ता भई हाल पुनरावेदन अदालतमा विचाराधीन अवस्थामा रहेको देखिन्छ ।

११. विगतका प्राप्त तथ्याङ्क केलाउने हो भने नेकपा माओवादीहरूले २०५२ सालदेखि सुरु गरेको सशस्त्र द्वन्द्वको कारण आन्तरिक विस्थापनको समस्या देखा परी यो समस्याले बृहत्रूप लिएको कुरामा दुईमत हुनुपर्ने देखिँदैन । जनआन्दोलन-पश्चात् नेपाल सरकार र नेकपा माओवादीबीच भएको २५ बुँदे आचारसंहिता, सातदल र माओवादीबीच भएको १२ बुँदे समझदारी पत्र र ८ बुँदे सहमति तथा २०६३ साल मंसिर ५ मा भएको विस्तृत शान्ति सम्झौतामा उल्लेख भए तापनि विस्थापित व्यक्तिहरूलाई ससम्मान घर फर्किन दिने र कब्जा गरिएका सम्पत्ति फिर्ता गर्ने सवालमा नेकपा माओवादी पार्टी अझै उदासीन नै देखिन्छ भने कुनै पनि व्यक्तिको गाँस, बास र कपासजस्ता आधारभूत आवश्यकतालगायत अन्य परिहार्य आवश्यकताको परिपूर्तिमा नै समस्या

उत्पन्न भएका कारण आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूलाई पुनःस्थापित गर्न नेपाल सरकारको भूमिका पनि फितलो रहेको देखिन्छ ।

१२. त्यस्तै विगतमा नेपाल सरकारबाट सशस्त्र द्वन्द्वको कारण विस्थापित भएका व्यक्ति तथा परिवारहरूका लागि केही कार्यक्रमहरू ल्याएको भए पनि ती कार्यक्रमहरू प्रभावकारी र दीर्घकालीन हुन नसक्दा पुनःस्थापन गराउनमा समस्या यथावत् नै रहेको देखिन्छ । विस्थापित व्यक्तिहरू वैदेशिक रोजगारीमा जान चाहेमा विशेष सहुलियत दिने भनि नेपाल सरकारले घोषणा गरेको भए पनि उक्त सुविधा उपभोग गर्न पाएको देखिँदैन । यस्तै सरकारले २०५६ साल आसोज ३ गते गणेशमान सिंह शान्ति अभियान कार्यक्रममार्फत विस्थापित भएका व्यक्तिहरूलाई घर फर्कने वातावरण मिलाउने, आर्थिक, स्वास्थ्य, शिक्षा, रोजगारीलगायतका सुविधा तथा व्यवसाय उपलब्ध गराउने भनिएकोमा सो कार्यक्रम प्रभावकारी रूपमा सफल नहुनुबाट पनि विस्थापितको समस्या यथावत् रहनुमा टेवा मिलेको देखिन्छ । साथै आन्तरिक विस्थापितसम्बन्धी राष्ट्रिय नीति २०६२ जारी गरिएको भए पनि सो नीतिबमोजिम कुनै ठोस कार्यक्रम भने ल्याइएको पाइएन ।

१३. सशस्त्र द्वन्द्वको कारण उत्पन्न आन्तरिक विस्थापितको उल्लेखित अवस्थाबाट नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ अन्तर्गत अधिराज्यभर आवतजावत गर्न पाउने, सम्पत्ति प्राप्ति, उपभोग र स्वेच्छापूर्वक वासस्थान रोज्नेलगायतका मौलिक अधिकारको उल्लङ्घन भएको पाइयो । **संविधानद्वारा प्रत्याभूत आवतजावत गर्ने स्वतन्त्रताको अधिकारसमेत विस्थापितहरूले प्रयोग गर्न नपाउनु, आफ्नो सम्पत्ति उपभोग गर्न नपाउनु तथा आफ्नो मूलघरमा बसोबास गर्न नपाउनुसमेतबाट उनीहरूको मौलिक हकमाथि नै कुठाराघाट भएको प्रस्ट देखिन्छ । त्यस्तै विस्थापित व्यक्तिहरूका लागि कानुनद्वारा विशेष अधिकार प्रत्याभूत गरेको नभए पनि राज्यका अन्य नागरिकसरह नै आन्तरिक विस्थापित व्यक्तिहरूको आधारभूत मानव अधिकारहरूको प्रत्याभूति गर्न मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६,**

**आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९७९, सबै प्रकारका जातीय भेदभावविरुद्धको अन्तर्राष्ट्रिय अनुबन्ध १९६५, बाल अधिकारसम्बन्धी महासन्धि १९८९, सन् १९४९ का मानवीय कानुनसम्बन्धी चारवटै जेनेभा महासन्धिहरू तथा तिनीहरूका प्रथम आलेखहरू १९७७ र सन् १९५१ को राष्ट्रसङ्घको शरणार्थीसम्बन्धी महासन्धि तथा १९६७ को आलेखसमेतले विस्थापितहरूको अधिकारलाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा स्थापित गरिदिएका छन् । त्यसकारण, विस्थापित भएकै कारणले उनीहरूलाई अन्य नागरिकसरह अधिकारहरूको स्वतन्त्रपूर्वक उपभोग गर्नबाट वञ्चित गर्न सकिँदैन ।**

१४. यसै गरी **संयुक्त राष्ट्र सङ्घद्वारा पारित United Nations Principles on Housing and property restitution for refugee and displaced persons, 2005 (The Pinheiro Principle) ले राज्य, संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्थाहरू र अन्तर्राष्ट्रिय समुदाय समेतलाई शरणार्थी र विस्थापितको समस्यालाई व्यावहारिक रूपमा सम्बोधन गर्न विश्वव्यापी र संहिताबद्ध अवधारणाको सुरुवात गरेको छ । विश्वभरिका प्रायः विस्थापित एवम् शरणार्थीहरूले विस्थापित भएकै कारणबाट आफ्नो जग्गा-जमिन, घर र सम्पत्ति गुमाउनुपरेको यथार्थलाई हृदयङ्गम गर्दै यस सिद्धान्तले घर तथा सम्पत्तिको परिपूरण (Restitution) गर्ने अवधारणालाई नै सर्वश्रेष्ठ समाधान ठानेको छ ।**

१५. विशेषतः आन्तरिक विस्थापितहरूको सम्बन्धमा मात्रै केन्द्रित भएर जारी गरिएको हालसम्मको एकमात्र दस्तावेज भनेकै संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा सन् १९९८ डिसेम्बर ९ मा पारित आन्तरिक विस्थापितहरूको निर्देशक सिद्धान्त (United Nations Guiding Priciples on Internally Displaced Persons, 1998) हो । जसले, आन्तरिक विस्थापितको स्पष्ट परिभाषा गर्दै आन्तरिक विस्थापितसम्बन्धी सामान्य सिद्धान्तहरू, विस्थापित हुनबाट संरक्षणसम्बन्धी व्यवस्थाहरू, विस्थापित अवस्थामा उनीहरूको संरक्षणसम्बन्धी व्यवस्था, र विस्थापितहरूलाई आवश्यक मानवीय राहत तथा सहयोग उपलब्ध गराई सुरक्षित पुनर्स्थापन र परिपूरणसम्बन्धी

व्यवस्था गरेको छ भने राज्यपक्ष र गैर राज्यपक्ष दुवैलाई कर्तव्य निर्वाहकर्ताको रूपमा राखेको छ । यस सिद्धान्तले विस्थापितहरूको अधिकारको संरक्षण गर्न विशेष गरी निम्नप्रकारको व्यवस्था गरेको छ :

- विस्थापित भएको आधारमा अधिकार र स्वतन्त्रताको उपभोग गर्न भेदभाव नगरिने,
- यी सिद्धान्तहरूकुनै पनि भेदभावविना सबै विस्थापितहरूलाई समान रूपमा लागू हुने,
- आवश्यक परिस्थितिमा बाहेक विस्थापनको समय बढाउन नहुने,
- समाधानका लागि सम्पूर्ण वैकल्पिक उपायहरू अपनाउनुपर्ने,
- आवासको व्यवस्था, सुरक्षाको अनुभूति, खाद्यान्नको व्यवस्था, स्वास्थ्य सुविधाको उचित व्यवस्था गरिनुपर्ने,
- व्यक्तिको जीवनको, स्वतन्त्रताको, सुरक्षाको अधिकार एवम् मर्यादापूर्ण जीवनसम्बन्धी अधिकारहरूको सुनिश्चितता गरिनुपर्ने,
- परिवारका सदस्यलाई अलग अलग नगरिने,
- बलात्कार, यातना, क्रूर अमानवीय व्यवहार, लैङ्गिक विभेदयुक्त हिंसाहरू तथा जबर्जस्ती वेश्यावृत्तिबाट संरक्षण गरिनुपर्ने,
- दासता, वैवाहिक बेचबिखन, यौनशोषण, अथवा जबर्जस्ती बालश्रमबाट संरक्षण गरिनुपर्ने,
- सैन्य सेवामा जबर्जस्ती भर्ती गराउन नपाइने, देश छाड्ने, देशको कुनै पनि भागमा सुरक्षाको खोजी गर्ने, अन्य देशमा शरण खोज्ने, बन्धक बन्न बाध्य नपारिने तथा शिक्षाको अधिकार आदिलाई यस सिद्धान्तले विशेष जोड दिएको छ ।

१६. अतः आन्तरिक विस्थापितहरूको समस्या समाधान गर्न वास्तविक विस्थापित व्यक्तिहरूको पहिचान गरी अभिलेखीकरण गर्नुपर्ने देखिन्छ । प्रस्तुत उजुरीमा तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२, १७ र हालको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३ र १९ मा प्रत्येक नेपाली नागरिकको लागि व्यवस्था भएका मौलिक हक विपरीतका कार्य भएको देखियो ।

१७. **आन्तरिक विस्थापितहरूको उचित व्यवस्थापनको पहिलो र अन्तिम जिम्मेवारी राज्यको हुने कुरामा विवाद छैन । अन्तर्राष्ट्रिय मानवीय सहयोग समस्याको तत्कालीन निराकरणका लागि अस्थायी उपायहरू मात्रै हुन् । अतःराज्यले विस्थापितहरूका आधारभूत मानव अधिकारको प्रत्याभूति गर्नुपर्ने तथा उनीहरूको इच्छाविपरीत पुनः असुरक्षित स्थानमा नफर्काई उनीहरूको सुरक्षाको ग्यारेन्टी गर्नुपर्ने जिम्मेवारी राज्यको दायित्व अन्तर्गत पर्दछ ।** विगत र वर्तमानका संविधानहरूले सबैनागरिकलाई सम्पत्ति आर्जन गर्ने, भोगचलन गर्ने, बेचविखन गर्ने आदि अधिकार प्रदान गरेको छ । राज्यले यी अधिकारहरूको संरक्षण गर्न आवश्यक सबै उपायहरू अवलम्बन गर्नुपर्दछ । राज्यले प्रत्यक्ष मानव अधिकार उल्लङ्घन गरेको अवस्थामा मात्र होइन, गैरराज्यपक्षले ज्यादति गरेको अवस्थामा प्रभावकारी संरक्षण प्रदान गर्न नसकेको अवस्थामा पनि नागरिकलाई राहत र क्षतिपूर्तिको व्यवस्था गर्नुपर्दछ । तर पनि, यस दायित्वलाई राज्यले गहन रूपमा नलिएको एवम् असक्षम भएको कारण विस्थापित समस्या अझैसम्म पनि समाधान हुन नसकेको अवस्था छ ।

१८. अतः यस उजुरीको निर्णयतर्फ विचार गर्दा, सप्तरी जिल्ला शम्भुनाथ गाविस वडा नं. ...बस्ने ..., ..., ...लाई मिति २०६०/९/४ गते साँझ ७ बजे नेकपा माओवादीका कार्यकर्ताहरूले कुटपिट गरी घरमा भएको ५ लाख बराबरको धन सम्पत्ति लुटपाट गरी ११ बिगाहा जग्गा जमिन कब्जा गरेकोले १२ जनाको परिवार जिल्ला सदरमुकाम राजविराजमा बसोबास गरी रहेको हुनाले सोको क्षतिपूर्तिसमेत दिलाई पाऊँ भनी मिति २०६२/५/१७ गते यस आयोगमा उजुरी दर्ता हुन आएको देखियो । यसमा आयोगको अनुसन्धान टोलीको प्रतिवेदन अनुसार चन्दा नदिएको विषयलाई लिएर तत्कालीन नेकपा माओवादी कार्यकर्ता तारणी चौधरी, सुकदेव साह, देवप्रसाद पालसमेत करिब २५ जना कार्यकर्ताहरूले कुटपिट गरी ज्यान मार्ने धम्की दिने गरेको, ... कुटपिटका कारण अपाङ्ग भई हाल अपाङ्गको प्रमाणपत्र लिएको, घटनासम्बन्धी ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता भई पुनरावेदन अदालत राजविराजमा विचाराधीन रहेको, स्थानीय क्षति मूल्याङ्कन समिति सप्तरीले मूल्याङ्कन गरी शान्ति मन्त्रालयमा पठाउने निर्णय गरेको,

१२ जनाको परिवार विस्थापित भएको भनी जिल्ला प्रशासन कार्यालय, सप्तरीबाट प्रमाणित गरिदिएको भन्ने देखिँदा निजहरूको आफ्नो सम्पत्तिउपभोग गर्न पाउने अधिकारको उल्लङ्घन भएको देखियो । निजहरूको सम्पत्तिको मूल्याङ्कन गरी क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णयभयो ।

१९. प्रस्तुत उजुरीउपर भएको निर्णय कार्यान्वयनका लागि नेपाल सरकारलाई लेखी पठाउनू । निर्णयको जानकारी उजुरीकर्तालाई दिनू । उजुरी फाइलको लगत कट्टा गरी नियमानुसार उजुरी फाइल आयोगको अभिलेख शाखामा बुझाइदिनू ।

**तयारीकर्ता**

..................
मन्दिरा श्रेष्ठ
सहायक प्रथम

| ................ | ................ | .............. |
|---|---|---|
| सदस्य | सदस्य | सदस्य |

| ................ | .............. |
|---|---|
| सदस्य | अध्यक्ष |

इति संवत् २०७० साल असार ३० गते रोज १ शुभम् ..................................

# राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

**माननीय अध्यक्ष श्री अनूप राज शर्मा**

**माननीय सदस्य श्री प्रकाश वस्ती**

**माननीय सदस्य श्री सुदिप पाठक**

**माननीय सदस्य श्री मोहना अन्सारी**

**संवत् २०६६ सालको उजुरी नं. १४१**
**उपक्षेत्रीय कार्यालय, खोटाङ**

**विषय : उपभोक्ता अधिकार**

**नागरिकहरूको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र दीर्घ जीवनसँग गाँसिएका सवालहरू प्रत्येक व्यक्तिका अधिकारका विषयमा मात्र सीमित नभई राज्यले निर्वाह गर्नुपर्ने दायित्वसमेत हुन् । बजारमा बिक्री वितरण गरिने खाद्य पदार्थहरूमा सबैको सहज पहुँच हुनुपर्ने र खाद्य पदार्थहरूमा नागरिकको स्वास्थ्य अनुकूल गुणस्तरीयता कायम राख्ने विषयमा राज्यका निकायहरू सजग हुनु अत्यावश्यक हुन जान्छ ।**

**- प्रकरण नं. ८**

**स्वास्थ्यबर्द्धक खाना खान पाउने अधिकारको सुनिश्चितता गर्ने दायित्व सरकारकै हुने हुँदा खाद्यान्नको गुणस्तरको निरन्तर एवम् नियमित अनुगमन गरी उपभोक्ताको अधिकारको संरक्षण गर्नुपर्ने ।**

**- प्रकरण नं. १२**

१. खोटाङ जिल्लाको सदरमुकाम दिक्तेल बजारमा व्यापार व्यवसाय गर्ने व्यापारीहरूले म्याद नाघिसकेका खाद्य पदार्थ निर्बाध रूपमा बिक्री वितरण गर्दा समेत कसैले चासो नदेखाएकाले सो सम्बन्धमा अनुगमन गरी आवश्यक कानुनी कारबाही गरी पाऊँ, साथै त्यस्ता खाद्य पदार्थ उपभोग गर्दा स्वास्थ्यमा नकारात्मक असर पर्छ भन्ने जानकारीसमेत उपभोक्तहरूलाई नभएकाले सो सम्बन्धमा चेतनामूलक कार्यक्रम सञ्चालनगरी पाऊँ भनी मिति २०६६/१२/९ गते आयोगको उपक्षेत्रीय कार्यालय खोटाङमा उजुरी दर्ता हुन आएको रहेछ ।

२. उल्लेखित ब्यहोराको उजुरी आयोगमा दर्ता हुन आएपछि आयोगले ... सो सम्बन्धमा जानकारी माग गर्दै जिल्ला प्रशासन कार्यालय खोटाङमा पत्राचार गरी सो सम्बन्धमा कुनै जानकारी प्राप्त भए-नभएको, यदि प्राप्त भएको भए आयोगको पत्रलाई जानकारीको आधार मानी सो सम्बन्धमा आवश्यक पहल हुने विषयमा विश्वस्त हुँदै सो

सम्बन्धमा भएका पहलहरूको सम्पूर्ण यथार्थ जानकारी उपलब्ध गराइदिनू ८र उद्योग वाणिज्य महासङ्घलाई समेत बोधार्थ तथा कार्यार्थ दिई पत्राचार गरेको रहेछ । तर, मिसिल अध्ययन गरी हेर्दा सो पत्रको जवाफ प्राप्त हुन सकेको रहेनछ ।

३. ... ।

४. त्यसपछि प्रमुख जिल्ला अधिकारी, राष्ट्रिय मानव अधिकार आयोगका प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रतिनिधि, उद्योग वाणिज्य सङ्घका प्रतिनिधि, सुरक्षाकर्मी, सञ्चारकर्मी समेतको संयुक्त टोलीबाट मिति २०७१/११/२५ र २७ गते बजार अनुगमन गरिएको रहेछ । सो क्रममा अधिकांश व्यापारीहरूले म्याद सकिएका खाद्य पदार्थ तथा पेय पदार्थहरू खुलेआम रूपमा बिक्री वितरण गर्ने गरेको, अनुगमन अवधिमा व्यापारीबाट म्याद नाघेका सामग्रीबिक्री वितरण नगर्ने भनी बाँचा गर्दै सामान जफत नगर्न आग्रह भएको, एउटै सामानको मुल्य पसलअनुसार फरक-फरक तोकीबिक्री वितरण गरिएको, एउटै पसलबाट खाद्यान्न पेय पदार्थ औषधी तथा किटनाशक औषधी र मल आदि बिक्री वितरण गरिएको, म्याद स्पष्ट नभएका वस्तुहरूको बिक्री वितरण गर्ने गरिएको र त्यसले स्वास्थ्यमा प्रतिकूल असर पर्ने चेतनाको समेत अभाव भएको भन्ने समेतका तथ्यहरू प्राप्त भएका रहेछन् ।

५. सो तथ्यको आधारमा नेपाल सरकारबाट नियमित रूपमा वजार अनुगमन गर्नुपर्ने, मिसावटयुक्त खाद्य पदार्थ बिक्री वितरण गर्ने व्यापारीहरूलाई कानुनी कारबाही गर्नुपर्ने, उपभोक्ता संरक्षणका लागि सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने र सोका लागि आयोगबाट समेत नीतिगत सिफारिस हुनुपर्ने भन्ने सुझाव अनुगमन प्रतिवेदनमा उल्लेख भएको रहेछ ।

६. त्यसपछि पनि जिल्ला प्रशासन कार्यालय र राष्ट्रिय मानव अधिकार आयोगको संयुक्त टोलीले गरेको अनुगमनको क्रममा पर्याप्त मात्रामा म्याद समाप्त भएका सामग्रीहरू भेटिएको र जिप्रकाले त्यस्ता खाद्य पदार्थहरूको जफतसमेत गरेको तथा नियमित बजार अनुगमन कार्यसमेत भइरहेको भन्ने मिसिल संलग्न उजुरीउपर गरिएको कारबाही वा प्रगतिको सङ्क्षिप्त विवरणमा उल्लेख गरिएको रहेछ ।

७. उल्लेखित तथ्यहरूका आधारमा विश्लेषण गर्दा आम नागरिकहरूको दैनिक जीवनमा उपभोग हुने खाद्य पदार्थमा मिसावट हुने गरेको, म्याद सकिएका खाद्य तथा पेय पदार्थहरू बजारमा खुलेआम बिक्री वितरण हुने गरेको कार्यहरूको परिणाम स्वरूप मानव स्वास्थ्यमा तत्कालीन र दीर्घकालीन असरहरू पर्न सक्दछ । जसबाट मानिसको स्वास्थ्य मात्र नभई ज्यानसमेत जोखिममा पर्ने खतरा विद्यमान रहेको भए पनि अधिकांश व्यापारी तथा उपभोक्ताहरूमा यस सम्बन्धमा ज्ञानको अभाव पनि रहेको देखिन्छ ।

८. **नागरिकहरूको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र दीर्घ जीवनसँग गाँसिएका सवालहरू प्रत्येक व्यक्तिका अधिकारका विषयमा मात्र सीमित नभई राज्यले निर्वाह गर्नुपर्ने दायित्व समेत हुन् । बजारमा बिक्री वितरण गरिने खाद्य पदार्थहरूमा सबैको सहज पहुँच हुनुपर्ने र खाद्य पदार्थहरूमा नागरिकको स्वास्थ्य अनुकूल गुणस्तरीयता कायम राख्ने विषयमा राज्यका निकायहरू सजग हुनु अत्यावश्यक हुन जान्छ ।**

९. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा ११ ले भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको आधारभूत अधिकारलाई स्वीकार गरी प्रत्येक व्यक्तिलाई पर्याप्त खाद्य समस्या समाधानका लागि पक्ष राष्ट्रहरूले खाद्यान्नको उत्पादन, सञ्चय वितरणमा सुधार, नियमन, आपूर्तिको समन्यायिक वितरणको सुनिश्चितता सहितको अनुगमनको दायित्व राज्यलाई तोकेको छ । आवश्यक पदार्थ नियन्त्रण ऐन, २०१७ को दफा ३ को उपदफा (२) (ङ) मा उल्लेखित सर्वसाधारणको हितको निमित्त आवश्यक देखिएमा कुनै आवश्यक पदार्थसम्बन्धी व्यापारिक वा आर्थिक कारोवारलाई नियमित वा निषेध गर्ने प्रावधान तथा उपभोक्ता संरक्षण ऐन, २०५४ ले गरेको व्यवस्था आदि जस्ता राष्ट्रिय कानुनहरू तथा अन्तराष्ट्रिय कानुनले तोकेबमोजिमको दायित्वपूरा गरी नागरिकको मानव अधिकार संरक्षण गर्नका लागि आवश्यक व्यवस्था गर्न-गराउन नेपाल सरकारले वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, गुणस्तर तथा नाप तौल विभाग, जिल्ला प्रशासन कार्यालयलगायतका कार्यालयहरूको जिम्मेवारी तोकिएको भए पनि ती निकायहरूले प्रभावकारी

रूपमा आफ्नो जिम्मेवारी निर्वाह नगर्दा आम नागरिक पीडित बन्नुपरेको पाइन्छ ।

१०. स्थानीय व्यापारी र उपभोक्ता सचेत नहुनुबाट उपभोक्ताले पाउनुपर्ने अधिकारको परिपूर्ति गराउनेतर्फ राज्यको जिम्मेवार निकायको उदासीनताले देखिंदा व्यक्तिको मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २१(२) ले उल्लेख गरेको प्रत्येक नागरिकलाई देशबाट उपलब्ध सेवामा समान पहुँच पाउने अधिकार, धारा २५(१) मा आफ्नो र आफ्नो परिवारको स्वास्थ्य कल्याणका लागि खाद्य, आवास, औषधी उपचारको सुविधा र सामाजिक सेवा पाउने व्यवस्थासमेत विपरीत हुन गएको देखियो ।

११. उपभोक्ताको व्यापक हित संरक्षण, संवर्द्धन र अधिकार सुरक्षाका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा नीति, ऐन तथा नियम बनाउन अभिप्रेरित गर्न र उपभोक्ताहरूको क्षमता अभिबृद्धि गर्ने उद्देश्यले अन्तराष्ट्रिय संरचनाका रूपमा संयुक्त राष्ट्रसङ्घले जारी गरेको उपभोक्ता संरक्षणसम्बन्धी दिग्दर्शन, १९८५ मा भएको व्यवस्थालाई सन् १९९९ मा विस्तार गरी सुरक्षाको अधिकार, सुसुचित हुने अधिकार, उपभोक्ता शिक्षाको अधिकार, आधारभूत आवश्यकता पूर्तिको अधिकार, स्वच्छ तथा स्वस्थ वातावरणको अधिकार समेतलाई प्रत्याभूत गरी सदस्य राष्ट्रहरूले त्यसको संरक्षण तथा संवर्द्धन गर्नुपर्ने व्यवस्था उल्लेख गरेको अवस्था, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा ११ लाई संयुक्त राष्ट्रसङ्घ, आर्थिक तथा सामाजिक समितिले सन् १९९९ मा सामान्य टिप्पणी नं. १२ मार्फत पर्याप्त तथा गुणस्तरयुक्त खाद्यवस्तु वा मानवीय मर्यादाका साथ खाद्यान्न खरिद गर्ने स्रोतमा आर्थिक र भौतिक पहुँच भएमा मात्र खाद्यान्नको अधिकार कार्यान्वयन हुन सक्ने व्याख्या गरेको छ । सोही समितिले सन् २००० मा धारा १२(१) को व्याख्या गर्दै सामान्य टिप्पणी नं. १४ मार्फत शरीर र स्वास्थ्य नियन्त्रणको अधिकार, स्वास्थ्य रक्षा प्रणालीको अधिकार हुने व्यवस्था उल्लेख भइसेको सन्दर्भमा समेत उजुरीमा उठान गरिएको विषय उपभोक्ताको अधिकार विपरीत भएको देखियो ।

१२. तसर्थ माथि प्रकरणहरूका उल्लेखित तथ्यहरूका आधारमा निर्णयतर्फ

विचार गर्दा खोटाङ जिल्लाको सदरमुकाम दिक्तेल बजारमा व्यापार व्यवसाय गर्ने व्यापारीहरूले म्याद नाघि सकेको खाद्य पदार्थ बिक्री वितरण गर्दा समेत कसैले चासो नदेखाएकाले उपभोक्ताको स्वास्थ्य अधिकार हनन भएको भनी आयोगमा उजुरी पर्न आएको सन्दर्भमा **स्वास्थ्यबर्द्धक खाना खान पाउने अधिकारको सुनिश्चितता गर्ने दायित्व सरकारकै हुने हुँदा खाद्यान्नको गुणस्तरको निरन्तर एवम् नियमित अनुगमन गरी उपभोक्ताको अधिकारको संरक्षण गर्नुपर्ने** भएकाले सम्बन्धित निकायलाई लेखिपठाउने ठहर्छ । यस निर्णयको कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष सिफारिस गरी सोको जानकारी पीडित तथा उजुरीकर्तालाई समेत दिनू र उजुरी फाइल अभिलेख शाखामा नियमानुसार बुझाइदिनू ।

**तयारीकर्ता**

…………………

मन्दिरा श्रेष्ठ

मानव अधिकार अधिकृत

| | | |
|---|---|---|
| …………… | …………… | …………… |
| सदस्य | सदस्य | सदस्य |
| …………… | | …………… |
| सदस्य | | अध्यक्ष |

इति संवत् २०७५ साल असार महिना ३२ गते रोज २ शुभम् …………।

# राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

**माननीय अध्यक्ष श्री अनूपराज शर्मा**

**माननीय सदस्य श्री प्रकाश वस्ती**

**माननीय सदस्य श्री मोहना अन्सारी**

**संवत् २०६४ सालको उजुरी नं. १५६**
**केन्द्रीय कार्यालय, ललितपुर ।**

**विषय : हत्या ।**

> **प्रहरीहरूले सुरक्षाको अन्य उपाय नअपनाई भिड नियन्त्रण गर्ने नाउँमा गोली नै चलाएको कारण ... मृत्यु हुन गएबाट प्रहरीले अत्यधिक बल प्रयोग गरेको देखिन आयो ।**
>
> **- प्रकरण नं. ६**

१. धनुषा जिल्ला भरतपुर बस्ने वर्ष १८ का ब्रह्मदेव ठाकुरलाई मिति २०६४/१/१२ गते ... उपभोग्य सामग्री खरिद गर्न वीरेन्द्र वजार गइरहेको बेला सुरक्षाकर्मीले चलाएको गोली लागी मृत्यु भएकाले सत्य तथ्य अनुसन्धान गरी क्षतिपूर्ति दिलाई पाऊँ भन्ने ब्यहोराको उजुरी यस आयोगमा दर्ता हुन आएको रहेछ ।

२. उल्लेखित ब्यहोराको उजुरी दर्ता हुन आएपछि आयोगबाट ... निज ब्रह्मदेव ठाकुरको मृत्यु कसबाट, कहिले, कहाँ र कसरी भएको हो ? सोको जानकारी यथाशीघ्र उपलब्ध गराईदिनु भनि जिल्ला प्रहरी कार्यालय धनुषालाई पाँचपटक पत्राचार ... गरिएकोमा कुनै पनि जवाफ प्राप्त हुन नआएको रहेछ ।

३. तर, सो कार्यालयले मिति २०६९/९/२५ गते आयोगमा पत्र लेख्दै सो घटनाको सम्बन्धमा "मिति २०६४/१/१२ गते अ. १८:४५ बजेको समयमा जिल्ला धनुषा गाविस भरतपुरअन्तर्गत वीरेन्द्रबजारमा चुरे भावर एकता समाजको बन्दको क्रममा जन्तीको बसलाई स्कर्टिङ गरी पूर्वतर्फ लैजाँदै गरेको अवस्थामा दुलहादुलहीलगायत जन्तीलाई कुटपिट तथा आगजनी गर्न र प्रहरीमाथि गोली प्रहारसमेत गर्न खोजेकोमा भिडलाई नियन्त्रणमा लिन र भिडलाई तितरबितर पार्न हवाई फायर गरेकोमा भिड नियन्त्रणमा आएपश्चात् जिल्ला धनुषा भरतपुर गाविस वडा नं. २ बस्ने ब्रह्मदेवघाइते अवस्थामा फेला परेकोमा उपचारका लागि जनकपुर अञ्चल अस्पताल लैजाने क्रममा

बाटोमा मृत्यु भएकोले आवश्यक अनुसन्धानपश्चात् तामेलीका लागि मिसिल पठाइएको" भन्ने ब्यहोरा उल्लेख गरिएको रहेछ ।

४. वीरेन्द्र चोकमा मिति २०६४/१/१२ गते ... र ... बीच झगडा भइरहेको, सो झगडा हेर्न सबै मान्छे भेला भएको बेला ब्रह्मदेव ठाकुर पनि झगडा हेरिरहेको अवस्थामा प्रहरीले चलाएको गोली निजको पेटको देव्रे भागमा लागेको, त्यसपछि प्रहरीले निजलाई जिपमा हालेर लगेकोमा पछि मृतकका परिवारले जनकपुरबाट लास ल्याएर अन्तिम संस्कार गरेको, निजका नजिकका हकवालालाई नेपाल सरकारबाट नगद रु १०,००,०००।– क्षतिपूर्ति उपलब्ध गराएको भए पनि दोषीउपर कारबाही भएको नदेखिएको भन्ने सहितको ब्यहोरा अनुसन्धान प्रतिवेदनमा उल्लेख भएको रहेछ ।

५. उल्लेखित तथ्यहरूका आधारमा मिति २०६४/१/१२ गते वीरेन्द्र वजारमा भइरहेको झगडा हेर्दै गर्दा प्रहरीले चलाएको गोली लागी निज ब्रह्मदेव ठाकुरको मृत्यु भएको देखिन्छ । चुरे भावरको बन्दको क्रममा वीरेन्द्र बजारमा जन्तीको वसमाथि आगजनी गरी जन्तीमा आएका व्यक्तिहरूलाई कुटपिटसमेत गर्न लागेकाले भिडलाई नियन्त्रणमा लिन र भिडलाई तितरबितर पार्न हवाई फायर गर्दा निज ब्रह्मदेव ठाकुर घाइते भएको भन्ने जिल्ला प्रहरी कार्यालयको जवाफले पनि निजको मृत्यु प्रहरीको गोली लागी भएको भन्ने पुष्टि गरेको देखिन्छ । समाजमा शान्ति स्थापनार्थ प्रहरीले निर्वाह गर्नुपर्ने भूमिकालाई अन्यथा भन्न मिल्दैन । तथापि, झगडा भएको स्थानवरपर भिड रहेको अवस्थामा गोली चलाउँदा ब्रह्मदेव ठाकुरलाई लाग्न गई निजको मृत्यु भएको हुँदा तत्कालीन अवस्थामा प्रहरीले हुनसक्ने घटनाको गम्भीरताको अनुमान गर्न र संयमता अपनाउन नसकेको देखियो । विभिन्न अन्तर्राष्ट्रिय सिद्धान्तहरूले बल र हतियारको प्रयोगलाई सीमित तुल्याएका छन् ।[1] संयुक्त राष्ट्रसङ्घद्वारा प्रतिपादित सिद्धान्तमा सुरक्षाकर्मीहरूले ड्युटीमा रहँदाका समयमा स्पष्ट पहिचान दिनुपर्ने, गोली चलाउनुपूर्व सचेत गराउनुपर्ने भनिएको छ । उल्लेखित

[1] In the circumstances provided for under principle 9, law enforcement officials shall identify themselves as such and give a clear warning of their intent to use firearms, with sufficient time for the warning to be observed, unless to do so would unduly place the law enforcement officials at risk or would create a risk of death or serious harm to other persons, or would be clearly inappropriate or pointless in the circumstances of the incident.

सिद्धान्तको ९ नम्बरमा उल्लेख भएको व्यवस्था यस घटनाका सन्दर्भमा पनि ज्यादै महत्त्वपूर्ण र विचारणीय छ । आफ्नो ज्यान जान सक्ने वा गम्भीर घाइते हुन सक्ने अवस्था आएमा अधिकारप्राप्त व्यक्तिले गोली चलाउन सक्दछ अन्यथा गोली चलाउन हुँदैन भन्ने कुरा उक्त सिद्धान्तमा उल्लेख गरिएको छ ।[२] तत्कालीन समयमा **प्रहरीहरूले सुरक्षाको अन्य उपाय नअपनाई भिड नियन्त्रण गर्ने नाउँमा गोली नै चलाएको कारण निज ब्रह्मदेव ठाकुरको मृत्यु हुन गएबाट तत्कालीन अवस्थामा प्रहरीबाट अत्यधिक बल प्रयोग गरेको देखिन आयो ।**

६. यसबाट प्रस्तुत घटनामा परी मृत्यु भएका ब्रह्मदेव ठाकुरको बाँच्न पाउने अधिकारको उल्लङ्घन भएकाले निम्न लिखित मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन एवम् संविधानका प्रावधानहरूको समेत उल्लङ्घन भएको देखियो :-

क) मुलुकी ऐन, २०२० ज्यानसम्बन्धी महलको दफा (१) मा कानुनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्नका लागि उद्योग गर्न नहुने तथा विद्यमान नेपाल कानुन तथा मुलुकी ऐनको ज्यानसम्वन्धी महलको प्रावधान ।

ख) नागरिक अधिकार ऐन, २०१२ को दफा १२ बमोजिम कानुनबमोजिम बाहेक कुनै व्यक्तिको वैयक्तित स्वतन्त्रताको हरण नगरिने भन्ने प्रावधान ।

ग) नेपालको अन्तरिम संविधान, २०६३ को मौलिक हकका प्रावधानहरू ।

घ) मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ मा व्यवस्था गरिएको जीवन स्वतन्त्रता र सुरक्षाको अधिकारसम्बन्धी प्रावधान ।

ङ) नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अनुबन्ध,

---

2 Law enforcement officials shall not use firearms against persons except in self-defense or defense of others against the imminent threat of death or serious injury, to prevent the perpetration of a particularly serious crime involving grave threat to life, to arrest a person presenting such a danger and resisting their authority, or to prevent his or her escape, and only when less extreme means are insufficient to achieve these objectives. In any event, intentional lethal use of firearms may only be made when strictly unavoidable in order to protect life. Adopted by the Eighth United Nations Congress on the Prevention of Crime and the Treatment of Offenders, Havana, Cuba, 27 August to 7 September 1990

१९६६ को धारा ६ ले प्रत्येक व्यक्तिको जीवनको अन्तर्निहित अधिकार हुने र कानुनद्वारा यस्तो अधिकारको रक्षा गरिने तथा स्वेच्छाचारी किसिमले कसैको पनि जीवन हरण नगरिने भन्ने व्यवस्था ।

च) ... को व्यवस्था ।

७. तसर्थ माथिका प्रकरणहरूका उल्लेखित तथ्यहरूका आधारमा निर्णयतर्फ विचार गर्दा धनुषा जिल्ला भरतपुर बस्ने वर्ष १८ का ब्रह्मदेव ठाकुरलाई मिति २०६४/१/१२ गते सुरक्षाकर्मीले चलाएको गोली लागी मृत्यु भएको भनी मिति २०६४/१/२० गते आयोगमा दर्ता भएको उजुरी सम्बन्धमा मृतक ब्रह्मदेव ठाकुरका परिवारले नेपाल सरकारबाट रु.१०,००,०००।- (अक्षेरूपी दस लाख रूपैया मात्र) प्राप्त गरिसकेको देखिँदा क्षतिपूर्तितर्फ केही बोलिरहनु परेन । सुरक्षाकर्मीको गोली लागि निजको मृत्यु भएको भनी आयोगको अनुसन्धान प्रतिवेदनबाट खुल्न आएकाले तत्कालीन समयमा सुरक्षाकर्मीको कमान्डरको थियो पहिचान गरी कानुन बमोजिम कारबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो । यो निर्णय कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गरी सोको जानकारी पीडित तथा उजुरीकर्तालाई समेत दिनू र उजुरी फाइल अभिलेख शाखामा नियमानुसार बुझाइदिनू ।

**तयारीकर्ता**

.....................

मन्दिरा श्रेष्ठ

मानव अधिकार अधिकृत

| ............... | ............... | .............. |
|---|---|---|
| सदस्य | सदस्य | अध्यक्ष |

इति संवत् २०७४ साल श्रावण महिना १७ गते रोज ३ शुभम् ......................

## राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

**माननीय अध्यक्ष श्री केदारनाथ उपाध्याय**
**माननीय सदस्य श्री रामनगिना सिंह**
**माननीय सदस्य श्री गौरी प्रधान**

**संवत् २०६४ सालको उजुरी नं. ४१३८**
**के.का.पुल्चोक, ललितपुर ।**

**विषयः हत्या ।**

**शत्रु पक्षको सङ्ख्या धेरै भएको, आफ्नो पक्ष र सर्वसाधारणको धन जनको धेरै क्षति हुने अवस्था भएको, शत्रु पक्षको हतियार र बल आफ्नो पक्षको भन्दा अधिक भएको, आफ्ना पक्षका धेरै लडाकुहरू घाइते भई प्रत्याक्रमण गर्न नसक्ने अवस्था विद्यमान भएको जस्ता अवस्थाहरू पक्राउ गर्न नसक्ने अवस्थाहरू हुन् भनी बुझ्नुपर्दछ ।**

**- प्रकरण नं. १३**

**घटनामा प्रहरीको प्रत्यक्ष सहभागिता नरहेको अवस्थामा पनि कुनै पनि घटनाको अभिलेख राख्नुपर्ने दायित्व हुनेमा यस घटनामा प्रहरीको प्रत्यक्ष संलग्नता रहेको बुझिएबाट घटनास्थल प्रकृति मुचुल्का, लासजाँचप्रकृति मुचुल्का र शवपरीक्षण प्रतिवेदनसमेत प्रहरीले सुरक्षित राख्नुपर्ने हुन्छ ।**

**- प्रकरण नं. १५**

**सामान्य अवस्थामा व्यक्तिका मौलिक हकहरूको संरक्षण र सम्मानपूर्ण तरिकाबाट बाँच्न पाउने अधिकारको संरक्षककाकारूपमा राज्य नै रहेको हुन्छ । सशस्त्र द्वन्द्वको अवस्थामा व्यक्तिका मौलिक हकहरू र विशेष गरी बाँच्न पाउने अधिकारहरू ज्यादै नै जोखिममा पर्दछन् । नेपालको विगतको अनुभवले पनि यो कुरा सिद्ध गरेको छ । यस्तो विषम परिस्थितिमा राज्यका दायित्वहरू झन् संवेदनशील र जोखिमपूर्ण हुन्छन् ।**

**- प्रकरण नं. २३**

**युद्धरत पक्षहरूद्वारा लिङ्ग, जाति, राष्ट्रियता, धर्म, राजनीतिक विचारधारा वा अन्य कुनै मापदण्डमा आधारित नभई कुनै पनि भेदभावविना आफ्नो कब्जामा रहेका व्यक्तिहरूलाई मानवीय व्यवहार गर्नुपर्दछ ।**

**- प्रकरण नं. २८**

**प्रहरीहरूद्वारा सांस्कृतिक कार्यक्रम ... गरिरहेका माओवादीका कलाकारहरू जोसँग सामान्यतया अत्याधुनिक हतियारहरू नहुने अनुमान गरिन्छ र युद्धमा प्रत्यक्ष सहभागी रहेका हुँदैनन्,**

**यस्ता व्यक्तिहरूलाई उनीहरूले नमार भनी हात उठाएर भाग्न लाग्दा घाइते तुल्याउने गरी गोली चलाउन सक्नेमा ज्यानै जाने गरी गोली हानिएको अवस्था रहेको बुझिएकाले उल्लेखित व्यक्तिहरूको जीवन रक्षा गर्नुपर्ने दायित्वबाट प्रहरी कर्तव्य र दायित्व विमुख भएको पाइएकोहुँदा उक्त कार्य गैरकानुनी र अमानवीय एवम् युद्धको नियमविपरीत देखियो ।**

**- प्रकरण नं. ३०**

**हरेक मानिस, वर्ग, समुदायहरूको आ-आफ्नो रीति परम्परा र संस्कृतिलाई अन्तर्राष्ट्रिय कानुनहरूले सम्मान गरेको छ । यही परम्परा र संस्कृतिअन्तर्गत मृत व्यक्तिहरूको दाहसंस्कार पनि पर्दछ । यस घटनामा मृत्यु भएका व्यक्तिका परिवारलाई प्रहरीले लास दिएको अवस्था नभई स्वयं प्रहरीले नै लासको दाहसंस्कार गरेको भन्ने खुल्न आएबाट मृतकका परिवारहरूको सांस्कृतिक अधिकारसमेत उल्लङ्घन हुन गएको देखियो ।**

**- प्रकरण नं.३२**

१. काभ्रेपलान्चोक जिल्ला, होक्से गाविस वडा नं. ५, भँगेरी बस्ने सरला भन्ने चिनीमाया लामालाई मिति २०५५/१२/५ मा काभ्रेपलान्चोक जिल्लाको अनेकोट गाविस वडा नं. १ स्थित ... को घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीहरूले घरमा आगो लगाएको, चिनीमायासमेत बाहिर निस्कँदा घरको आँगनमा नै प्रहरीले गोली हानी मारेको, निजसँगै अन्य ६ जना नेकपा (माओवादी) का कलाकारहरूलाई पनि गोली हानी हत्या गरी सातै जना व्यक्तिहरूको लासलाई पाँचखाल प्रहरी चौकीमा ल्याएको, कलाकार टोली भएकाले उल्लेखित व्यक्तिहरूसँग कुनै हात-हतियार नभएको, दोहोरो भिडन्त नभएको, पक्राउ गर्न सक्ने अवस्था हुँदाहुँदै गैरन्यायिक तरिकाले हत्या गरिएकाले घटनाको छानविन गरी दोषीलाई कारबाही र पीडितका परिवारहरूलाई क्षतिपूर्तिका लागि पहल गरी पाऊँभन्ने समेतकोब्यहोरा उल्लेख गरी मिति २०६४/२/१६ गते आयोगमा उजुरी दर्ता हुन आएको ।

२. प्रकरण (१) को घटनाका सम्बन्धमा के कसो भएको हो ? निवेदन जिकिरबमोजिमको काम कारबाहीबाट निजको मृत्यु भएको हो होइन ? प्रस्तुत घटनासँग सम्बन्धित घटनास्थल मुचुल्का, बरामदी मुचुल्का, लासजाँच

प्रकृति मुचुल्का, शवपरीक्षण प्रतिवेदनलगायतका कागजातहरू यथाशीघ्र आयोगमा पेस गर्नू भन्ने समेतकोब्यहोरा उल्लेख गरी आयोगबाट ... जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय, काभ्रेपलान्चोकमा प्रेषित पत्र मिसिल संलग्न रहेको देखियो ।

३. उल्लेखित पत्राचार गरिएका निकायहरूबाट कुनै जवाफ प्राप्त भएको नदेखिएकाले सोही ब्यहोरा उल्लेख गरी आयोगबाट पुनः ... गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, काभ्रेपलान्चोक, प्रहरी प्रधान कार्यालय र जिल्ला प्रहरी कार्यालय, काभ्रेपलान्चोकलाई पत्र प्रेषित गरेको देखियो ।

४. आयोगबाट पत्राचार गरिएका उल्लेखित निकायहरूमध्ये जिल्ला प्रहरी कार्यालय, काभ्रेपलान्चोकबाट ... प्राप्त जवाफ मिसिल संलग्न देखियो । उक्त पत्रमा घटनाको सम्बन्धमा यस कार्यालय र मातहतका कार्यालय समेतमा जाहेरी परी मुद्दा दर्ता भएको अभिलेखबाट नदेखिएको भन्ने समेतको ब्यहोरा उल्लेख भएको पाइयो ।

५. प्रहरी प्रधान कार्यालय, मानव अधिकार इकाइ, नक्साल, काठमाडौँबाट प्राप्त ... पत्रमा आयोगको पत्रद्वारा माग गरिएका विवरण तहाँ कार्यालयबाटै खुलाई सम्मानित आयोगमा पठाई सोको बोधार्थ पत्र यस इकाइमा समेत दिनू भन्ने समेतको ब्यहोरा उल्लेख भएको पाइयो ।

६. घटनाका सम्बन्धमा आयोगबाट माग गरिएका विवरणहरू प्राप्त हुन नसकेको हुँदा घटनाको स्थलगत अनुसन्धान गर्न आवश्यक देखिएको भनी आयोगमा पेस हुँदा अनुसन्धान गरी आवश्यक कारबाहीको लागि पेस गर्नू भन्ने मा. सदस्य श्री रामनगीना सिंहको ... आदेशानुसार अनुसन्धान टोली सम्बन्धित स्थानमा खटिई गएको देखियो । उक्त टोलीले अनुसन्धान पश्चात् पेस गरेको प्रतिवेदन समेत मिसिल संलग्न देखियो । उक्त प्रतिवेदनमा उल्लेख गरिएका तथ्यहरूको सार सङ्क्षेप निम्न बमोजिम रहेको पाइयो :

- काभ्रेपलान्चोक जिल्ला, होक्से गाविस वडा नं. ५ बस्ने वर्ष २१ की सरला उपनामकी चिनीमाया लामा नेकपा (माओवादी) निकट सांस्कृतिक सङ्घमा आबद्ध जनकलाकार रहेकी र २०५५ चैत्र ४ गते निज चिनीमाया लामा (सरला) पार्टीको कामको सिलसिलामा

काभ्रेपलान्चोक जिल्लाको अनेकोट गाविस वडा नं.१ मा पुगेकी ।

- चैत्र ५ गते बिहान करिब ४-५ बजेतिर चिनीमाया लामा अनेकोटस्थित ... को घरमा गएकीमा ढोका नखोलिदिएपछि सँगै रहेको ... को घरमा गएकी, उनीसँगै काभ्रेपलान्चोक जिल्ला, मेच्छे गाविसका च्याङ्वा लामा, सिन्धुपाल्चोक जिल्लाका डम्बर श्रेष्ठ, निर्मला देवकोटा, सुभद्रा सापकोटा, काभ्रेपलान्चोक जिल्लाकै अनेकोट गाविसका गुम्बासिं तामाङ र ठेगाना खुल्न नसकेकी मञ्जु कुँवरसमेत पुगेका ।

- नेकपा (माओवादी) का कलाकारहरूले ..., ... र ... सँग केही महिना अगाडिदेखि चन्दा माग्दै आएको भन्ने भनाइ सम्बन्धित परिवारका सदस्यहरूको रहेको ।

- चैत्र ५ गते बिहान उल्लेखित सात जना व्यक्तिहरूले ... को घरमा खाना खाएको, सात जनामध्ये एक जना महिला माओवादी कलाकारलाई झाडापखाला लागेको र माओवादी कलाकारहरूकै अनुरोधमा ........ को दाजु ...झाडापखालाको औषधी लिन गएको, औषधी ल्याएर बिरामी माओवादी कलाकारलाई खान दिएको भन्ने प्रत्यक्षदर्शीको भनाइ रहेको ।

- ... को घरमा माओवादीहरू आई बसेको र निजहरूले पटक-पटक चन्दामागेको विषयमा छलफल गर्न भनी स्थानीय ... को घरमा ... समेत जम्मा भई छलफल गरेको ।

- सोही समूहबाट नाम नखुलाइएका एक जना स्थानीय व्यक्तिले सात जना माओवादी कलाकारहरू... को घरमा आई बसेको खबर प्रहरीलाई दिएको भन्ने समेतको भनाइ रहेको ।

- माओवादी कलाकारहरू... को घरको चोटामा बसिरहेको अवस्थामा दिनको करिब १२ बजेको समयमा प्रहरी भ्यानमा अन्दाजी २० जनाको सङ्ख्यामा प्रहरीहरू आएको, घरभित्र गई ... की श्रीमती ... सँग प्रहरीले माओवादी कहाँ छन् ?, तपाईं को हो ? भनी सोधेको भन्ने प्रत्यक्षदर्शीको भनाइ रहेको ।

- उल्लेखित सङ्ख्यामा आएका प्रहरीहरूले ... को घर घेरा हाली

घरभित्र रहेकी ... लाई घरबाहिर निकालेको र माओवादी कलाकारहरूलाई हतियार फाली आत्मसमर्पण गर भनी भनेको ।

- माओवादी कलाकारहरूले आत्मसमर्पण नगरेपछि प्रहरीले दिनको करिब २ बजेपछि फायरिङ सुरु गरेको, फायरिङ सुरु हुने बित्तिकै घरमा आगो सल्किएको, दुवै पक्षबाट गोली हानाहान भएको थियो वा थिएन हामीलाई जानकारी भएन, तर माओवादीकातर्फबाट समेत गोली हान्ने काम भयो कि भन्ने हामीलाई लागेको छ भन्ने समेतका भनाइहरू स्थानीय बासिन्दाहरूको रहेको ।
- घरको चोटाबाट आगो लाग्न सुरु भएकोमा पछि उक्त आगो सल्किएर घरको तल्लो तलामा समेत आउन थालेपछि घरभित्र रहेका माओवादी कलाकारहरू ढोकाबाट बाहिर निस्किएको । बाहिर निस्कने क्रममा **मलाई नमार** समेत भनी भाग्दै गर्दाको अवस्थामा प्रहरीले गोली हान्दा घटनास्थलमै सातै जनाको मृत्यु भएको ।
- केही समयपछि सातै जनाको लासहरूलाई प्रहरीले भ्यानमा हाली लिएर गएपछि स्थानीय बासिन्दाले आगलागी भईरहेका २ ओटा घरहरूको आगो निभाएको ।
- उक्त घटनामा परी मृत्यु भएकामध्ये च्याङ्बा लामाको सनाखत भएको, बाँकी ६ जना व्यक्तिहरूलाई प्रहरीले नै पशुपति आर्यघाटमा लगी दाहसंस्कार गरेको भन्ने भनाइ रहेको ।
- त्यस घटनाको बारेमा तत्कालीन जनादेश पत्रिकामा समाचारसमेत प्रकाशित भएको, नेकपा (माओवादी) ले मृतकहरूको फोटो भएको पम्प्लेट प्रकाशित गरेको ।
- घटना घटेको करिब १०-१२ दिनपछि अन्दाजी २९ जनाको सङ्ख्यामा रहेका प्रहरीहरूले होक्सेस्थित चिनीमाया लामाको घरमा गएर खानतलासी गरी निजको ... लाई हातपातसमेत गरी ... को ... लाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय, धुलीखेलको हिरासतमा राखी यातना दिएर ७ दिनपछि छाडिदिएको र यातनाको कारण निजको शरीरको देब्रे पाटो

नचल्ने भएको, ... चिनीमाया लामा र ... शुकराम लामाको मृत्युले गर्दा निजको मानसिक अवस्थासमेत बिग्रन गई २०५८ सालमा निजको मृत्यु भएको भन्ने चिनीमाया लामाका ... को भनाइ रहेको ।

- निज चिनीमाया लामाको २०५५/१२/५ मा अनेकोट गाविसमा दोहोरो भिडन्तका क्रममा मृत्यु भएको भन्ने समेतको ब्यहोरा उल्लेख गरी गाउँ विकास समितिको कार्यालय, होक्सेले ... जिल्ला प्रशासन कार्यालयमा सिफारिससहितको पत्राचार गरेको ।

- मृतकका परिवारले नेपाल सरकारबाट द्वन्द्वपीडित राहतस्वरूप रु एकलाख नगद तथा नेपाल रेडक्रस सोसाइटीबाट रु. दस हजार आर्थिक सहयोग पाएको ।

- घटनामा २ ओटा घरमा आगलागी भई पूर्ण रूपमा क्षति भएकोमा पछि सरकारबाट क्षतिपूर्ति पाएको भन्ने सम्बन्धित व्यक्तिको भनाइ रहेको ।

- त्यस घटनापछि २०५७ साल श्रावण २ गते माओवादीविरुद्ध प्रहरीलाई सुराकी गरी ७ जना माओवादी कलाकारहरूको हत्या गर्न सहयोग पुऱ्याएको भन्ने आरोप लगाई अनेकोट गाविसका अर्जुनप्रसाद दाहाललाई माओवादी कलाकारहरूले घरमा आई साँझ करिब ७ बजेको समयमा गोली हानी हत्या गरेको ।

- निजको मृत्युपश्चात् परिवारले सरकारबाट राहत रकम प्राप्त गरेको, घटनामा को, कुन तहको माओवादी कलाकारहरूको संलग्नता थियो, सोको बारेमा केही थाहा नभएको, घटनाका बारेमा मृतकका परिवारले सुरक्षाका दृष्टिकोणले कहीँकतै उजुरबाजुर नगरेको भन्ने मृतकका ... को भनाइ रहेको ।

- घरभित्र जेजस्तो अवस्थामा बसेको भए पनि विनाहतियार हात उठाई हामीलाई नमार भन्दै घरबाट बाहिर निस्केका व्यक्तिहरूलाई प्रहरीले पक्रन सक्ने अवस्था हुँदाहुँदै पक्राउ नगरी गोली हानी मारिएको, गोली हान्नै पर्ने अवस्था भए पनि कानुनले तोकेबमोजिम गोली हान्नुपर्नेमा सो गरिएको पाइएन । प्रहरीको यस्तो कार्यले निजहरूको

बाँच्न पाउने अधिकारको उल्लङ्घन भएको भन्ने समेत उक्त प्रतिवेदनको निष्कर्ष रहेको ।

७. आयोगबाट गरिएको अनुसन्धानको निष्कर्षउपर कुनै प्रतिक्रिया भए १५ (पन्ध्र) दिनभित्र आफ्नो राय तथा प्रतिक्रिया पठाउनू भनी आयोगबाट ... प्रहरी प्रधान कार्यालय, नक्साल, गृह मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारका नाममा प्रेषित पत्र मिसिल संलग्न देखियो । उल्लेखित कार्यालयहरूबाट माग गरिएको राय तथा प्रतिक्रिया प्राप्त भएको देखिएन ।

८. घटनाको सम्बन्धमा प्रत्यक्षदर्शीहरू, साक्षीहरू, सर्वसाधारण तथा घटनाका बारेमा जानकारी भएका व्यक्तिहरूलगायत सरकारी निकायका पत्र, विभिन्न व्यक्तिहरूको बयान र भनाइहरूबाट समेत २०५५ साल चैत्र ५ गते माओवादीको सांस्कृतिक समूहमा कार्यरत काभ्रेपलान्चोक जिल्ला, होक्से गाविसकी चिनीमाया लामा, काभ्रेपलान्चोक जिल्लाकै मेच्छे गाविसका च्याङ्वा लामा, सिन्धुपाल्चोक जिल्लाका डम्बर श्रेष्ठ, निर्मला देवकोटा, सुभद्रा सापकोटा, काभ्रेपलान्चोक जिल्ला अनेकोट गाविसका गुम्बासिं तामाङ र ठेगाना खुल्न नसकेकी मञ्जु कुँवर गरी जम्मा ७ जना तत्कालीन नेकपा (माओवादी) का साँस्कृतिक समूहका कलाकारहरू अनेकोट गाविसको ... को घरमा गई बसिरहेको अवस्थामा प्रहरीको कारबाहीमा परी मृत्यु भएको भन्ने अनुसन्धानबाट देखिन आयो ।

९. उल्लेखित घटनामा परी मृत्यु भएका उल्लेखित ७ जना व्यक्तिहरूको मानव अधिकार उल्लङ्घन भएको हो होइन भनी आयोगबाट निर्णय गर्नुपर्ने मुख्य विषय रह्यो । यस सम्बन्धमा निम्नलिखित मानव अधिकारसम्बन्धी विषयहरूमा विश्लेषण गर्नुपर्ने देखियो :

(क) उल्लेखित घटनामा मारिएका माओवादी कलाकारहरूलाई पक्राउ गर्न सक्ने अवस्था थियो कि थिएन ?

(ख) गोली चलाउनुपूर्व अपनाउनुपर्ने प्रक्रिया अपनाइयो वा अपनाइएन ?

(ग) मृतकका लासहरू आफन्तलाई जिम्मा लगाइयो लगाइएन ?

१०. उल्लेखित सवालमा विश्लेषण गर्दा चैत्र ५ गते दिउँसो करिब १२ बजेतिर प्रहरीहरूले उक्त स्थानमा माओवादी कलाकारहरू बसिरहेको

घरमा गएर घेरा हालेको बुझिन्छ । घेराहाली सकेपश्चात् उल्लेखित व्यक्तिहरूलाई हतियार फालीआत्मसमर्पण गर भनी प्रहरीले भन्दा पनि आत्मसमर्पण नगरेको र गोली हान्ने क्रममा घरमा आगजनी भएकाले पछि आगो सल्कँदै जाँदा अन्तिम अवस्थामा त्यहाँ रहेका माओवादी कलाकारहरू घरको ढोकाबाट बाहिर निस्किएर मलाई नमार समेत भन्दै भाग्दै गर्दा प्रहरीले गोली हान्दा निजहरू सातै जनाको मृत्यु भएको भन्ने साक्षीहरूको भनाइलाइ नै प्रमुख आधारका रूपमा लिनुपर्ने देखियो ।

११. प्रहरीले आत्मसमर्पण गर्न भनेको, माओवादी कलाकारहरूले आत्मसमर्पण नगरेको र घरको माथिल्लो तला आगोले खरानी भै भुइँ तलासम्म आगो लाग्न थालेपछि मात्र बाहिर निस्कने क्रममा प्रहरीको कारबाहीमा उनीहरूको मृत्यु भएको बुझियो । लामो समय उनीहरू घरभित्र बसेका, प्रहरीको एकोहोरो कारबाही भएको भए लामो समयसम्म उनीहरू बस्न सक्ने अवस्था नहुन पनि सक्ने भएकाले कहीँ माओवादी कलाकारहरूको तर्फबाट पनि जवाफी कारबाही भएको थियो कि भन्ने आशङ्कासमेत स्थानीय बासिन्दाहरूको रहेको देखियो । तर, प्रहरीले घर घेरा हालेको, उनीहरू कलाकार भएका र उनीहरूसँग हातहतियार थियो थिएन भन्ने विषय यसै हो भन्न सकिने प्रमाण प्राप्त भएको देखिँदैन ।

१२. माओवादी कलाकारहरूले हात उठाई हामीलाई नमार भन्दै आगो लागेको घरवाट ज्यान जोगाउन बाहिर निस्केर भाग्ने क्रममा सुरक्षा कारबाहीमा उनीहरूको मृत्यु भएको देखिन्छ । दुई जना माओवादी कलाकारहरूलाई जिउँदै समातेर पछि मारेका हुन् भनी एक साक्षीले आयोगको टोलीसमक्ष बयान गरेको भए तापनि अन्य प्रत्यक्षदर्शीहरूको भनाइमा सातै जनालाई भाग्दै गर्दा प्रहरीले गोली हान्दा मृत्यु भएको हो भन्ने भनाइ रहेकाले धेरै व्यक्तिहरूको भनाइलाई नै आधार मान्दा कुनै पनि माओवादी कलाकारहरूलाई प्रहरीले जिउँदै समातेर पछि मारेको हो भन्ने तथ्य पुष्टि हुन सकेन ।

१३. करिब २ घन्टापछि घरबाट माओवादी कलाकारहरू निस्किएर भागेको भन्ने सूचनालाई आधार मान्दा प्रहरीले उनीहरूलाई पक्राउ

गर्न सक्ने अवस्था विद्यमान थियो थिएन ? भनी विश्लेषण गर्नुपर्दछ । **शत्रु पक्ष सङ्ख्या धेरै भएको, आफ्नो पक्ष र सर्वसाधारणको धनजनको धेरै क्षति हुने अवस्था भएको, शत्रु पक्षको हतियार र बल आफ्नो पक्षको भन्दा अधिक भएको, आफ्ना पक्षका धेरै लडाकुहरू घाइते भई प्रत्याक्रमण गर्न नसक्ने अवस्था विद्यमान भएकोजस्ता अवस्थाहरू पक्राउ गर्न नसक्ने अवस्थाहरू हुन् भनी बुझ्नुपर्दछ ।**

१४. प्रहरीको सङ्ख्याकम्तीमा पनि २० जना रहेको, पूर्व सूचना पाएर नै प्रहरीले माओवादी कलाकारहरू बसेको घरमा गएको बुझिएकाले प्रहरीहरू पूर्ण तयारीका साथ गएको हुनै पर्दछ । दिउँसो करिब २ बजे माओवादी कलाकारहरू घरबाट भागेको बुझिएकाले रातको समय परी अथवा यस्तै अन्य पक्राउ गर्न नसकिने प्रकारको समय विद्यमान रहेको पनि होइन । प्रहरीहरू के कति सङ्ख्यामा घाइते भए ? के कति क्षति भयो भन्ने पनि कहीँबाट खुल्न सकेको छैन । यस्तो अवस्थामा घटनास्थलमा तत्काल उपस्थित भएका प्रहरीहरूको सङ्ख्याका आधारमा उल्लेखित माओवादी कलाकारहरूलाई पक्राउ गर्न सक्ने अवस्था रहेको बुझिन्छ । गोली हान्नै पर्ने अवस्था भए पनि घुँडामुनि ताकेर गोली हान्नुपर्ने कानुनी व्यवस्था रहेको र प्रहरीद्वारा उक्त कानुनी व्यवस्थाको पालना गरियो भनी पुष्टि हुने कुनै आधारहरू देखिएन ।

१५. घटनाका सम्बन्धमा सम्बन्धित जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयमा कुनै अभिलेख फेला परेनन् । यस कार्यबाट कि त प्रहरी कार्यालयले गल्ती ढाकछोप गर्नको लागि कुनै अभिलेख नभएको भनी उत्तरदायित्वबाट पन्छिएको हो, कि त सम्बन्धित निकायको अभिलेखीकरण ज्यादै फितलो हो । **घटनामा प्रहरीको प्रत्यक्ष सहभागिता नरहेको अवस्थामा पनि कुनै पनि घटनाको अभिलेख राख्नुपर्ने दायित्व हुनेमा यस घटनामा प्रहरीको प्रत्यक्ष संलग्नता रहेको बुझिएबाट घटनास्थल प्रकृति मुचुल्का, लासजाँचप्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदन समेत प्रहरीले सुरक्षित राख्नुपर्ने हुन्छ ।**

१६. अतः घटना घटे पश्चात् कानुन बमोजिम घटनास्थल प्रकृति मुचुल्का, लास जाँच प्रकृति मुचुल्का समेत

तयार गरी पोस्टमार्टम प्रतिवेदन तयार गर्नुपर्ने दायित्व प्रहरीको हुन जानेमा कानुन बमोजिम गर्नै पर्ने कार्यसमेत प्रहरीले नगरेको बुझियो ।

१७. सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ ले गरेको व्यवस्था बमोजिम अपराधका सम्बन्धमा प्रभावकारी रूपमा अनुसन्धान तहकिकात गरी अपराध गरेको कानुनबमोजिम मुद्दा चलाउनुपर्ने र मुद्दा चलाउनुपर्ने अवस्था नभए सोही बमोजिमको कार्यविधि अपनाउनुपर्ने कर्तव्य प्रहरी कार्यालयको रहेको र त्यसमा पनि सुरक्षाकर्मीहरूले ज्यान मार्ने अपराध गरेको भन्ने विषय आफैंमा ज्यादै संवेदनशील भई यस्तो विषयको अनुसन्धान ज्यादै शीघ्रताका साथ जिम्मेवारी र प्रभावकारी रूपमा हुनुपर्ने [३] भन्ने सिद्धान्त सर्वोच्च अदालतबाट प्रतिपादित भएको देखिन्छ । सर्वोच्च अदालतबाट प्रतिपादित यस सिद्धान्तलाई प्रस्तुत घटनाको सम्बन्धमा पनि सान्दर्भिक नै देखिन्छ । यसअनुसार कुनै पनि घटनाको प्रभावकारी अनुसन्धान गर्नु, मुद्दा चलाउनु र मुद्दा चलाउनु नपर्ने भए सोका लागि तय भएका कानुनी कार्यविधिहरू अवलम्वन गरी सोही बमोजिम गर्नुपर्ने दायित्व प्रहरीको हो । यस घटनामा प्रहरीले अनुसन्धान त गरेको पाइएन । तर, कानुन बमोजिम राख्नुपर्ने अभिलेखसमेत नराखेको पाइएबाट प्रहरी कार्यालयको यस्तो कार्य गैरजिम्मेवारीपूर्ण देखियो ।

१८. प्रहरीहरूले उक्त घटनामा अत्यधिक बल प्रयोग गरेको हो कि होइन भन्ने विषय पनि यस घटनामा उत्तिकै महत्वपूर्ण छ । विभिन्न अन्तर्राष्ट्रिय सिद्धान्तहरूले बल र हतियारको प्रयोगलाई सीमित तुल्याएको छ । संयुक्त राष्ट्रसङ्घद्वारा प्रतिपादित सिद्धान्तमा सुरक्षाकर्मीहरूले ड्युटीमा रहँदाका समयमा स्पष्ट पहिचान दिनुपर्ने, गोली चलाउनुपूर्व सचेत गराउनुपर्ने भनिएको छ ।[४] उल्लेखित सिद्धान्त नं. ९ मा उल्लेख भएको व्यवस्था यस घटनाका सन्दर्भमा

---

३ देवी सुनार विरुद्ध जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोक, संवत् २०६३ सालको रिट नं. ०६४१, मुद्दा उत्प्रेषण ।

4 In the circumstances provided for under principle 9, law enforcement officials shall identify themselves as such and give a clear warning of their intent to use firearms, with sufficient time for the warning to be observed, unless to do so would unduly place the law enforcement officials at risk or would create a risk of death or serious harm to other persons, or would be clearly inappropriate or pointless in the circumstances of the incident.

पनि ज्यादै महत्वपूर्ण र विचारणीय छ । आफ्नो ज्यान जान सक्ने वा गम्भीर घाइते हुन सक्ने अवस्था आएमा अधिकारप्राप्त व्यक्तिले गोली चलाउन सक्दछ अन्यथा गोली चलाउन हुँदैन भन्ने कुरा उक्त सिद्धान्तमा उल्लेख गरिएको छ ।[५]

१९. यस घटनामा प्रहरीहरूले घातक बल प्रयोग गरेको हो, होइन भन्ने सन्दर्भमा घरभित्र रहेका माओवादी कलाकारहरूको सङ्ख्या र प्रहरीहरूको सङ्ख्या तथा उनीहरूसँग रहेका हतियारहरूको सङ्ख्यालाई मुख्य आधार मान्नुपर्ने हुन्छ । यस सन्दर्भमा घरभित्र रहेका माओवादी कलाकारहरू जम्मा ७ जना रहेको पुष्टि भैसकेको छ । उनीहरूसँग कुनै हतियार रहेको थियो कि थिएन भन्ने कहीँकतैबाट खुल्न आएको छैन । प्रहरीहरूको सङ्ख्यायकिन नभए पनि कम्तीमा पनि २० भन्दा बढी रहेको बुझिन आएबाट सङ्ख्या र हतियारको अनुपात मिल्दैन । घरभित्र रहेका व्यक्तिहरू, प्रहरीको लगातार २ घण्टाको आक्रमणपछि ज्यान बचाउनका खातिर आगलागी भएको घरबाट बाहिर निस्केको अवस्थामा उनीहरूको मनस्थिति हतास भएको हुन सक्ने र हतियार रहकै भए पनि त्यो हतियारहरू लिएर बाहिर निस्कन सक्ने सम्भावना न्यून रहेको अनुमान गर्नुपर्ने देखियो । यस्तो अवस्थामा उनीहरू भाग्न वा उम्कन सक्ने वा प्रत्याक्रमण गर्न सक्ने अवस्था विद्यमान रहेको बुझिएन ।

२०. प्रहरीले कुनै व्यक्तिमाथि हतियारको प्रयोग गर्ने पर्ने अवस्था भएमा देहायका अवस्थाहरूलाई विश्लेषण गर्नुपर्दछ :

- अनियन्त्रित अवस्था परेमा मात्र हतियारको प्रयोग गर्नुपर्ने,
- आफू वा आफूले सुरक्षा गर्नुपर्ने व्यक्ति, सम्पत्तिको सुरक्षा गर्नका लागि मात्र हतियार प्रयोग गर्नुपर्ने,
- निसाना गरिएका व्यक्तिहरू भाग्न खोजेमा चेतावनी दिनुपर्ने, नटेरी भाग्न खोजेमा हतियार प्रयोग गर्नुपर्ने,

---

5 Law enforcement officials shall not use firearms against persons except in self-defence or defence of others against the imminent threat of death or serious injury, to prevent the perpetration of a particularly serious crime involving grave threat to life, to arrest a person presenting such a danger and resisting their authority, or to prevent his or her escape, and only when less extreme means are insufficient to achieve these objectives. In any event, intentional lethal use of firearms may only be made when strictly unavoidable in order to protect life.Adopted by the Eighth United Nations Congress on the Prevention of Crime and the Treatment of Offenders, Havana, Cuba, 27 August to 7 September 1990

- हतियारको प्रयोग गर्दा न्युनतम बलको प्रयोग गर्नुपर्ने ।

२१. यसप्रकार प्रहरीलगायत सुरक्षाकर्मीहरूले सकेसम्म न्यूनतम बल प्रयोग गर्नुपर्ने भनी विभिन्न कानुनी व्यवस्था र मार्गनिर्देशनहरू जारी भएका छन् । यस घटनामा घरभित्र रहेका सबै सातै जना व्यक्तिहरू मारिनुले पनि प्रहरीले उल्लेखित बुँदाहरूमा उल्लेख गरिएका आधारहरूलाई आत्मसात् गरेरै गोली चलाएको हो भनी विश्वास गर्न सकिएन । यदि उल्लेखित आधारहरूलाई आत्मसात् गरेरै गोली चलाएको हो भने पनि केही व्यक्तिहरूलाई घाइते बनाउन सकिन्थ्यो होला । सबै व्यक्तिहरूको मृत्यु भएको कारण प्रहरीले अत्यधिक बल प्रयोग गरेको एवम् पक्राउ गर्न सक्ने अवस्था विद्यमान हुँदाहुँदै गोली हानी हत्या गरेको हो भन्नेमा विश्वस्त हुनुपर्ने अवस्था देखियो ।

२२. नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनामा नै नागरिक स्वतन्त्रता र आधारभूत मौलिक अधिकारलाई सुरक्षित गरेको छ । नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार तथा कानुनी राज्यको अवधारणलाई संविधान मार्फत प्रतिबद्धता जनाइएको छ ।

२३. **सामान्य अवस्थामा व्यक्तिको मौलिक हकहरूको संरक्षण र सम्मानपूर्ण तरिकाबाट बाँच्न पाउने अधिकारको संरक्षकको रूपमा राज्य नै रहेको हुन्छ । सशस्त्र द्वन्द्वको अवस्थामा व्यक्तिका मौलिकहकहरू र विशेष गरी बाँच्न पाउने अधिकारहरू ज्यादै नै जोखिममा पर्दछन् । नेपालको विगतको अनुभवले पनि यो कुरा सिद्ध गरेको छ । यस्तो विषम परिस्थितिमा राज्यका दायित्वहरू झन् संवेदनशील र जोखिमपूर्ण हुन्छन् ।** विभिन्न अन्तर्राष्ट्रिय सशस्त्र युद्धहरूमा मानव अधिकारको संरक्षण र मानवीय कानुनको परिपालनाको प्रश्न चुनौतीकै रूपमा रही आएको पाइन्छ । आधुनिक राजनीतिशास्त्र र प्रजातान्त्रिक संविधानहरूले नागरिकहरूको मौलिक अधिकार संरक्षणकर्ताको रूपमा राज्यलाई स्वीकार गरेको छ । नागरिकका मौलिक हकहरूको संरक्षण राज्यको प्राथमिक दायित्वको विषय हो । यस्ता विषयवस्तुहरूलाई राज्यले समयमै सम्बोधन गर्न नसक्दा आन्तरिक विद्रोह वा सशस्त्र युद्धको अवधि लम्बिदै जान सक्दछ ।

२४. संयुक्त राष्ट्रसङ्घीय बडापत्रमा उल्लेख भएका सिद्धान्तहरू, बडापत्रको धारा ५५ ले औंल्याएका

मानव अधिकार र आधारभूत स्वतन्त्रताहरूप्रति आमरूपमा सम्मान, संरक्षण, संवर्द्धन र परिपालना गर्ने दायित्व सबैको रहने कुरालाई अङ्गीकार गरेको पाइन्छ । यस्ता सिद्धान्तहरूमध्ये विश्वव्यापी रूपमा मानव समाजका सबै सदस्यहरूको अन्तरनिहित मानसम्मान अर्थात् प्रतिष्ठा एवम् अहरणीय अधिकार रहेको कुरालाई नै मानव अधिकारका अन्य दस्तावेज र सन्धिहरूले अनुसरण गरेको पाइन्छ ।

२५. प्रस्तुत घटनामा मारिएका चिनीमाया लामा समेत ७ जना व्यक्तिहरूको विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा व्यवस्थित हक अधिकारको उल्लङ्घन भएको देखियो । नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी मानव अधिकार समितिले गरेको General Comment 06[6] : The right to life (art.6) : 04/30/1982, Sixteenth Session, 1982 मा पक्ष राष्ट्रहरूले फौजदारी कानुनमार्फत दण्ड र सजायको व्यवस्था मात्र नगरी राज्यकै सुरक्षा फौजका अधिकारीहरूबाट हुने स्वेच्छाचारी जीवन हरण हुनु ज्यादै संवेदनशील विषय हो । यसकारण स्वेच्छाचारी जीवन हरण गरिने कार्यलाई कानुनद्वारा नै कडाइका साथ नियन्त्रण गरिनु पर्दछ भन्ने उल्लेख छ ।

२६. प्रस्तुत घटनामा मृत्यु भएका चिनीमाया लामा समेत ७ जना व्यक्तिहरूको बाँच्न पाउने अधिकारको ठाडो उल्लङ्घन भएको र राज्यबाट उक्त अधिकारको संरक्षण गर्न नसकेको निष्कर्षमा पुग्न सकिने आधारहरू देखिन्छन् । प्रहरीहरूको यस्तो कार्यले व्यक्तिको बाँच्न पाउने अधिकारको उल्लङ्घन गर्न नहुने अन्तर्राष्ट्रिय मानवीय कानुनको उपहास भएको देखियो ।

२७. यसै सन्दर्भमा जेनेभा महासन्धिको सामान्य चर्चा हुनु सान्दर्भिक देखिन आयो । अन्तर्राष्ट्रिय मानवीय कानुन अर्थात् जेनेभा महासन्धि सशस्त्र युद्धका समयमा लागू हुने कानुन हो । यस कानुनले युद्धरत पक्षहरूले पालना गर्नुपर्ने नियम तथा कर्तव्यका बारेमा निर्देशित तथा नियमन गर्दछ ।

---

[6] The protection against arbitrary deprivation of life which is explicitly required by the third sentence of article 6 (1) is of paramount importance. The Committee considers that States parties should take measures not only to prevent and punish deprivation of life by criminal acts, but also to prevent arbitrary killing by their own security forces. The deprivation of life by the authorities of the State is a matter of the utmost gravity. Therefore, the law must strictly control and limit the circumstances in which a person may be deprived of his life by such authorities.

महासन्धि अनुसार अशक्त भएर लडाइँबाट अलग भएका, हतियार त्यागेका, शत्रुतापूर्ण कारबाहीमा प्रत्यक्ष रूपमा भाग नलिएका व्यक्तिहरूको जीवन र नैतिक अखण्डताको सम्मानका हकदार हुने, कुनै पनि परिस्थितिमा कुनै पनि प्रतिकूल भेदभावविना उनीहरूको सुरक्षालगायत मानवोचित व्यवहार गर्नुपर्ने, आत्मसमर्पण गर्ने शत्रु र अशक्त भएर लडाइँबाट अलग भएको व्यक्तिहरूलाई मार्न तथा क्षति पुर्‍याउन प्रतिबन्ध लगाएको पाइन्छ ।

२८. यसैगरी पक्षहरूद्वारा आफ्नो अधीनमा रहेका घाइते र बिरामीहरूलाई उचित उपचार गर्नुपर्ने, अधीनमा रहेका घाइते तथा योद्धाहरूसमेतलाई निजको जीवन, मर्यादा, व्यक्तिगत अधिकारको उल्लङ्घन गर्न नपाइने, तिनीहरूलाई प्रतिशोध र हिंसाका सबै कार्यहरूविरुद्ध सुरक्षा दिनुपर्ने दायित्व सम्बन्धित पक्षको रहन्छ । कसैप्रति पनि शारीरिक तथा मानसिक यातना, शारीरिक दण्ड वा क्रूर तथा बदनामी हुने खालको व्यवहार गर्न नपाइने, अत्यधिक पीडा वा अनावश्यक क्षति गर्ने प्रकृतिका युद्धको तरिका र हात हतियारको प्रयोगमाथि प्रतिबन्ध लगाइएको छ । जसबाट, के स्पष्ट हुन्छ भने **युद्धरत पक्षहरूद्वारा लिङ्ग, जाति, राष्ट्रियता, धर्म, राजनीतिक विचारधारा वा अन्य कुनै मापदण्डमा आधारित नभई कुनै पनि भेदभावविना आफ्नो कब्जामा रहेका व्यक्तिहरूलाई मानवीय व्यवहार गर्नुपर्दछ ।** उनीहरूको ज्यान लिने अथवा चोट पुर्‍याउने कुनै पनि उद्योगमाथि जेनेभा महासन्धिद्वारा कडा प्रतिबन्ध लगाइएको छ ।

२९. नेपाल जेनेभा महासन्धि, १९४९ को पक्ष राष्ट्र हो । यस सन्धिमा भएका प्रावधानहरू लागू हुने अवस्थाहरूमा, विशेष गरी साझा धारा ३ ले सम्बन्धित पक्ष राष्ट्रहरूको हकमा सन्धिका प्रावधान प्रयोग हुने क्षेत्रलाई अप्रत्यक्ष रूपमा मात्र परिभाषित गरेको छ । कुनै पक्ष राष्ट्रको भूभागभित्र सम्बन्धित गैर-अन्तर्राष्ट्रिय चरित्रको सशस्त्र सङ्घर्ष सम्बन्धी अवधारणाका लागि प्रत्यक्ष रूपमा लागू हुने आधारहरू तय गर्ने जिम्मा राष्ट्रको अभ्यास र कानुनी व्यवस्थालाई नै छाडिदिएको पाइन्छ । तर, एउटा राष्ट्रको उक्त सङ्घर्ष एउटा स्तरमा पुगेपछि सो विषय अन्तर्राष्ट्रिय कानुनको विषयवस्तु

बन्दछ । यसैले प्रहरीहरूको उक्त काम कारबाहीसमेत अन्तर्राष्ट्रिय कानुनको विषयवस्तु भएको तथ्यमा विवाद देखिँदैन । यसको अर्थ जेनेभा महासन्धिका प्रावधानहरू कार्यान्वयन गर्ने दायित्व सङ्घर्षरत पक्षहरूको समेत हुन जान्छ ।

३०. प्रस्तुत घटनामा **प्रहरीहरूद्वारा साँस्कृतिक कार्यक्रम ... गरिरहेका माओवादीका कलाकारहरू जोसँग सामान्यतया अत्याधुनिक हतियारहरू नहुने अनुमान गरिन्छ र युद्धमा प्रत्यक्ष सहभागी रहेका हुँदैनन्, यस्ता व्यक्तिहरूलाई उनीहरूले नमार भनी हात उठाएर भाग्न लाग्दा घाइते तुल्याउने गरी गोली चलाउन सक्नेमा ज्यानै जाने गरी गोली हानिएको अवस्था रहेको बुझिएकाले उल्लेखित व्यक्तिहरूको जीवन रक्षा गर्नुपर्ने दायित्वबाट प्रहरी कर्तव्य र दायित्व विमुख भएको पाइएको हुँदा उक्त कार्य गैरकानुनी र अमानवीय एवम् युद्धको नियमविपरीत देखियो ।** प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरू, सिद्धान्तहरूले कुनै व्यक्तिको ज्यान मार्न कसैलाई पनि कुनै अधिकार नै दिएको हुँदैन । मानव अधिकार संरक्षणार्थ स्थापित आयोगले पटक-पटक सम्बन्धित निकायलाई घटनाका बारेमा जानकारी उपलव्ध गराउन प्रेषित पत्रहरूको जवाफ प्राप्त नहुनु पनि दुःखद पक्ष हो । यसले राज्य मानव अधिकार संरक्षणमा कतिको प्रतिबद्ध छ भन्ने कुरा सङ्केत गर्दछ ।

३१. माथि नै उल्लेख भएझैँ सशस्त्र द्वन्द्वको समयमा त राज्य नागरिकहरूको आधारभूत अधिकारको संरक्षणका लागि अझै संवेदनशील हुनुपर्दछ । राज्य मानव अधिकार संरक्षणमा संवेदनशील नभएकै कारण निज चिनीमाया लगायत ७ जना व्यक्तिहरूको जीवन संरक्षित हुन सकेन भन्ने स्पष्ट नै भयो ।

३२. **हरेक मानिस, वर्ग समुदायहरूको आ-आफ्नो रीति परम्परा र संस्कृतिलाई अन्तर्राष्ट्रिय कानुनहरूले सम्मान गरेको छ । यही परम्परा र संस्कृतिअन्तर्गत मृत व्यक्तिहरूको दाहसंस्कार पनि पर्दछ । यस घटनामा मृत्यु भएका व्यक्तिका परिवारलाई प्रहरीले लास दिएको अवस्था नभई स्वयं प्रहरीले नै लासको दाहसंस्कार गरेको भन्ने खुल्न आएबाट मृतकका परिवारहरूको साँस्कृतिक अधिकार समेत उल्लङ्घन हुन गएको देखियो ।**

३३. अब, यस घटनामा मृत्यु भएका व्यक्तिहरूको उल्लङ्घन भएका हक अधिकारहरूको बारेमा विश्लेषण गर्दा निम्नलिखित मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन तथा सिद्धान्तहरूलाई स्मरण गर्नुपर्ने देखियो :-

१. प्रहरीहरूको उक्त कार्य मुलुकी ऐन, २०२० ज्यानसम्बन्धी महलको दफा (१) मा कानुनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्नका लागि उद्योग गर्न नहुने तथा विद्यमान नेपाल कानुन तथा मुलुकी ऐनको ज्यानसम्वन्धी महलको प्रावधान ।

२. नागरिक अधिकार ऐन, २०१२ को दफा १२ बमोजिम कानुन बमोजिम बाहेक कुनै व्यक्तिको वैयक्तित स्वतन्त्रताको हरण नगरिने भन्ने प्रावधान ।

३. मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ मा व्यवस्था गरिएको जीवन स्वतन्त्रता र सुरक्षाको अधिकारसम्बन्धी प्रावधान ।

४. नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अनुबन्ध, १९६६ को धारा ६ ले प्रत्येक व्यक्तिको जीवनको अन्तर्निहित अधिकार हुने र कानुनद्वारा यस्तो अधिकारको रक्षा गरिने तथा स्वेच्छाचारी किसिमले कसैको पनि जीवन हरण नगरिने भन्ने व्यवस्था ।

५. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६ का प्रावधानहरू ।

६. जेनेभा महासन्धिहरूको सन् १९४९ को साझा धारा ३ मा उल्लेखित प्रावधानहरू ।

३४. यसप्रकार उल्लेखित घटनामा मृत्यु भएका व्यक्तिहरूको प्रचलित संविधान, राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी घोषणापत्र, सन्धि र सिद्धान्तहरू प्रदत्त विभिन्न मानव अधिकारहरू उल्लङ्घन भएको निष्कर्षमा पुगियो । अब उजुरीकर्ताको मुख्य मागदावी तर्फ विचार गर्दा, पक्राउ गर्न सक्ने अवस्था विद्यमान हुँदाहुँदै पक्राउ नगरी गोली हानी हत्या गरियो र मृत्यु भएका व्यक्तिहरूको लास परिवारलाई बुझाइएन । यसकारण दोषीलाई कारबाही गरी पीडित व्यक्तिहरूको परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराइपाऊँ भन्ने

मुख्य मागदावी उजुरीकर्ताको रहेको पाइयो ।

३५. यसमा आयोगले खटाएको अनुसन्धान टोलीले अनुसन्धान गरी पेस गरेको अनुसन्धान प्रतिवेदनबाट पक्राउ गर्न सक्ने अवस्था विद्यमान हुँदाहुँदै पक्राउ नगरेको र मलाई नमार भनी भाग्दै गर्दाको अवस्थामा माओवादी कलाकारहरूलाई प्रहरीले गोली हानी हत्या गरेको भन्ने निष्कर्षसमेतका आधारमा मृतक व्यक्तिहरूको मानव अधिकार हनन भएको देखियो ।

३६. अत : काभ्रेपलान्चोक जिल्ला, होक्से गाविस वडा नं. ५, भँगेरी बस्ने सरला भन्ने चिनीमाया लामा, काभ्रेपलान्चोक जिल्ला मेच्छे गाविसका च्याङ्वा लामा, सिन्धुपाल्चोक जिल्लाका डम्बर श्रेष्ठ, निर्मला देवकोटा, सुभद्रा सापकोटा, काभ्रेपलान्चोक जिल्लाकै अनेकोट गाविसका गुम्बासिं तामाङ र ठेगाना खुल्न नसकेकी मञ्जु कुँवरलाई मिति २०५५/१२/५ मा काभ्रेपलान्चोक जिल्लाको अनेकोट गाविस वडा नं. १ स्थित ...... को घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीहरूले घरमा आगो लगाएको, चिनीमाया समेत अन्य व्यक्तिहरूले नमार भनी हात उठाई बाहिर निस्कँदा घरको आँगनमा नै प्रहरीले गोली हानी गैरकानुनी हत्या गरेको पाइएकाले घटनामा संलग्न प्रहरीहरूको पहिचान गरी कानुन बमोजिम कारबाही गर्न र मृतकका कानुनबमोजिमका हकवाला परिवारहरू र मञ्जु कुँवरको ठेगानासमेत प्रमाणित हुने आधार प्रमाणसित निजको कानुन बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम अघि क्षतिपूर्ति रकम पाएको भए सो कट्टा गरी र नपाएको भए सिफारिस भए अनुसारको जनही रु.३ लाख क्षतिपूर्ति रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

**तयार गर्ने**

..............

जीवन न्यौपाने

मानव अधिकार अधिकृत

| | | |
|---|---|---|
| ............... | ............... | .............. |
| सदस्य | सदस्य | अध्यक्ष |

इति संवत् २०६८ साल पुस ७ गते रोज शुभम् ।

# राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

**माननीय अध्यक्ष श्री केदारनाथ उपाध्याय**
**माननीय सदस्य श्री रामनगिना सिंह**
**माननीय सदस्य श्री गौरी प्रधान**

**संवत् २०६० सालको उजुरी नं. १२५५**
**के.का.पुल्चोक, ललितपुर ।**

**विषयः हत्या ।**

**घटनाका बारेमा सूचना प्राप्त गरिसकेपछि जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयको तदारुकताका साथ अनुसन्धान गर्नुपर्ने दायित्व स्वतः सिर्जना हुने नै हुन्छ । घटनाको बारेमा सूचना प्राप्त गरिसकेपछि पनि उल्लेखित निकायले अनुसन्धान गर्नेतर्फ कुनै वास्ता गरेको पाइएन् । यसबाट राज्यले कानुनबमोजिम गर्नुपर्ने दायित्व पूरा गरेको देखिएन ।**

**- प्रकरण नं. २०**

**कानुनी प्रावधानहरूको उल्लङ्घन नगर्नु प्रत्येक नागरिक तथा राज्यका अधिकारीहरूको कर्तव्य हो । अझ राज्यका अधिकारीहरूले कानुनको अक्षरसः पालना गर्ने प्रयत्न गर्नुपर्दछ । मानव अधिकारको संरक्षण गर्ने कार्यमा प्रहरीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । मानव अधिकारको संरक्षण गर्ने निकायका अधिकारीहरूबाट पीडित व्यक्तिका तर्फबाट दिएको सूचनालाई आधार मानी कुनै कारबाहीअगाडि बढाइएको नपाइएकाले यसबाट न्याय दिन इन्कारी गरिएको देखिने ।**

**- प्रकरण नं. २१**

**कुनै पनि व्यक्तिको स्वतन्त्र र स्वच्छ न्यायमा आवश्यकता भन्दा बढी प्रतिबन्ध लगाउन नपाइने सुनिश्चितता पक्ष राष्ट्रहरूले हरेक नागरिकहरूलाई प्रत्याभूत गराउनुपर्ने हुन्छ । यस घटनामा समेत निजलाई पक्राउ गरी आवश्यक अनुसन्धान गर्न पाउने राज्यको कानुनी दायित्व हुनेमा पक्राउ नगरी शङ्काको भरमा गोली हानी हत्या गरेको पाइएकाले राज्यको दायित्व पूरा गरेको देखिएन ।**

**- प्रकरण नं. २३**

**नेपाल सन्धि ऐन, २०४७ को दफा ९ अनुसार नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरू लागू गर्ने सम्बन्धमा कुनै नेपाल कानुन उक्त सन्धि तथा सम्झौतासँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने भनी अन्तर्राष्ट्रिय सन्धि-सम्झौतालाई प्राथमिकता दिइएको**

**छ । अतः नेपाल जेनेभा महासन्धिको पक्ष राष्ट्र भएकाले महासन्धिको प्रावधानसँग बाझिने उल्लेखित ऐनको प्रावधानअनुसार गरिएको कार्य अन्तर्राष्ट्रिय कानुनसँग समेत मेल नखाने ।**

**- प्रकरण नं. ३१**

१. शेर गणको सैनिक टोली मिति २०६०/८/३ गते दिनको १०:३० बजे मेरो घरमा आई बसिरहेको मेरो छोरा हरिशङ्कर भण्डारीलाई गोली हानी हत्या गरेकोले सो घटनाको यथार्थ छानविन गरी ... छोरोको हत्याराविरुद्ध कारबाहीगरी पाऊँ भन्ने समेतको ब्यहोरा उल्लेख गरी मिति ... मा आयोगमा उजुरी दर्ता भएको ।

२. घटनाका सम्बन्धमा के कसो भएको हो ? निजको मृत्यु भएको हो, होइन ? मृत्यु भएको हो भने के कसरी मृत्यु भएको हो ? निजको सम्बन्धमा तहाँ भएका विवरणहरू यथाशीघ्र आयोगमा उपलव्ध गराइदिनुहुन भन्ने समेतको ब्यहोरा उल्लेख गरी ... आयोगद्वारा रक्षा मन्त्रालय, गृह मन्त्रालय, शाही नेपाली जङ्गी अड्डा मानव अधिकार सेल, प्रहरी प्रधान कार्यालय मानव अधिकार सेलमा प्रेषित पत्र मिसिल संलग्न देखियो । सोही ब्यहोराको जिल्ला प्रशासन कार्यालय दोलखाका नाममा ... प्रेषित पत्रसमेत मिसिल संलग्न देखियो ।

३. उल्लेखित निकायहरूमध्ये प्रहरी प्रधान कार्यालय, मानव अधिकार सेलबाट आयोगका नाममा प्रेषित ... पत्र र गृह मन्त्रालयबाट प्रेषित ... पत्र मिसिल संलग्न रहेको देखियो । उल्लेखित पत्रहरूमा हरिशङ्कर भण्डारीको दोलखा र रामेछापको सिमानामा पर्ने खिम्ती भन्ने स्थानमा सुरक्षाफौज र माओवादीहरूको दोहोरो भिडन्तमा २०६०/८/३ गते १० बजे मृत्यु भएको भन्ने जिल्ला प्रहरी कार्यालय दोलखाको सञ्चार प्राप्त हुन आएको भन्ने समेतकोब्यहोरा उल्लेख भएको पाइयो ।

४. उजुरीकर्ता र सुरक्षा निकायको भनाइमा एकरूपता नदेखिँदा अनुसन्धानको लागि टोली घटनास्थलमा खटाउनुपर्ने भनी सम्बन्धित विषयगत अधिकृतले ... मा पेस गरेको टिप्पणी ...सदर भएको रहेछ । ... ।

५. उल्लेखित घटनाका सम्बन्धमा तयार पारिएको घटनासँग सम्बन्धित घटनास्थल तथा लास प्रकृति मुचुल्का, शवपरीक्षण प्रतिवेदन तथा प्रहरी प्रतिवेदनलगायत तहाँ प्राप्त भएका

सम्पूर्ण कागजातहरूको प्रमाणित प्रतिलिपिसहित यथार्थ विवरण यथाशीघ्र आयोगमा उपलव्ध गराइदिनू भन्ने समेतको ब्यहोराको प्रहरी प्रधान कार्यालय, नक्साल र ... जिल्ला प्रशासन कार्यालय, दोलखाका नाममा प्रेषित ... पत्र पनि मिसिल संलग्न रहेको देखियो ।

६. आयोगद्वारा पत्राचार गरिएका निकायहरू मध्ये जिल्ला प्रशासन कार्यालय, दोलखाको ... पत्र मिसिल संलग्न देखियो । उक्त पत्रसाथ मुचुल्काको फोटोकपी, उक्त कार्यालयबाट गृह मन्त्रालयमा विवरण पठाएको ... पत्रको फोटोकपीसमेत संलग्न गरी आयोगमा प्रेषित गरेको देखियो ।

७. दोलखा जिल्ला मेलुङ गाविस वडा नं. ७ तीनपिप्ले भन्ने स्थानमा मिति २०६०/८/३ गते संयुक्त सुरक्षा फौजका सुरक्षाकर्मी र माओवादी कार्यकर्ताहरूबीच दोहोरो भिडन्त हुँदा भिडन्तको क्रममा आतङ्कवादी पक्षलाई लखेट्दै जाने क्रममा भाग्दै गएका आतङ्कारी पक्षका व्यक्तिहरूमाथि सुरक्षा फौजतर्फबाट भएको फायरिङमा दुई जना व्यक्तिको मृत्यु भएकोमा सोमध्येका एकजना माओवादी छापामार भएको र अर्को व्यक्ति दोलखा जिल्ला मेलुङ गाविस वडा नं. ५ बस्ने हरिशङ्कर भण्डारी भिडन्तको समयमा घटनास्थलबाट भाग्दै गर्दा मृत्यु हुन गएको बुझियो । निज हरिशङ्कर भण्डारीको सम्बन्धमा स्थानीय बासिन्दा र राजनैतिक व्यक्तिहरूसँग बुझ्दा माओवादी पक्षधर नभएको र त्यसप्रकारको गतिविधिमा पनि लाग्ने नगरेको भन्ने बुझिन आएको ब्यहोरा सम्बन्धित निकायमा जाहेर गर्ने निर्णय गरियो भन्ने ब्यहोराको जिल्ला सुरक्षा समितिको बैठकबाट मिति २०६०/११/१८ गतेको ... निर्णय उतार भनी जिल्ला प्रशासन कार्यालय, दोलखाबाट ... गृह मन्त्रालयका नाममा प्रेषित पत्रमा उल्लेख भएको पाइयो ।

८. मिति २०६०/८/३ गते तीनपिप्ले... को घर र ... को घरतिर समेत गोली चलीरहेछ भनेको मैले १२ बजेतिर सुने । म उक्त घटना भएकोमा १:३० बजे ... को घरमा पुगें र त्यहाँ हेर्दा हरिशङ्कर मरेको अवस्थामा देखें । पछि ... को घरमा हेर्न जाऊँ भन्दा निजको घर ... सेनाले घेरी राखेको छ, बार्दलीमा लास छ, त्यहाँ आर्मीले जान दिँदैन भनी हरिशङ्करको लास हेर्न आउने छिमेकीहरूले भनेको सुनेपछि म त्यहीँ बसेँ । ... को घरमा आइनँ । पछि अज्ञात व्यक्तिको लास अन्यत्र

लगिसकेपछि र सेना त्यहाँबाट हिँडिसकेपछि ... को घरमा जाँदा बार्दलीमा रगत देखिएको, घरको गारोमा विभिन्न ठाउँमा गोली लागी भत्केको, भुइँतलाको आँखीझ्यालको डन्डी भाँचिएको, भित्र अगेनोजत्रो खाल्डो देखिएको, दलिनको एक छेउमा चोट लागेको, तला छेडी छानोसम्म गोली गएकोजस्तो देखिएको, बार्दलीको जस्तामा गोलीको जस्तो प्वाल देखिएको, आल्मुनियमको डेक्ची २, कसौडी १, कराई १, तामाको खड्कुला २, स्टिल थाल ३, चरेस थाल १, अङ्खोरा २ समेतमा प्वाल परेको देखेको हो भनी ... ले सही छाप गरिदिएको मुचुल्का मिसिल संलग्न देखियो । सोही मुचुल्कामा अन्य ८ जना व्यक्तिहरूले समेत सही छाप गरेको देखियो ।

९. उल्लेखित उजुरी निर्णयार्थ आयोगका माननीय सदस्य श्री रामनगीना सिंहज्यूसमक्ष पेस भएकोमाअनुसन्धान भएको कागजात पठाइदिन जिल्ला प्रशासन कार्यालयलाई पत्राचार हुँदा घटनास्थल प्रकृति मुचुल्का प्राप्त हुन आएको देखिन्छ । तर मुचुल्काको साथ लास प्रकृति मुचुल्का रहेको देखिएन । घटनास्थल प्रकृति मुचुल्काबाट गोली प्रहारबाट घर क्षतिग्रस्त भएको देखिएपनि त्यसबाट दोहोरो भिडन्तको आधार पुष्टि हुने कुनै तथ्यगत प्रमाण मिसिल संलग्न रहेको देखिँदैन । मेरो ... को कन्चटमा गोली हानी सेनाले मारेको भन्ने मृतकको ... ले दिएको उजुरीमा ब्यहोरा उल्लेख भएको देखिन्छ । घटना २०६० सालमा भएकाले... अब अनुसन्धान टोली पठाउँदा पुरानो घटनाको आधार प्रमाण लोप भइसकेको पनि हुन सक्छ । अतः निर्णयका लागि आयोगमा पेस गर्नू भन्ने समेत मा. सदस्यको मिति २०६७/४/६ को आदेश मिसिल संलग्न देखियो ।

१०. आयोगमा पेस भइसकेपछि घटनाको विषयवस्तु अनुसार प्रस्तुत घटना गम्भीर प्रकृतिको देखिएको, सुरक्षा निकायको भनाइ र उजुरकर्ताको भनाइ परस्परमा नमिलेकाले स्थलगत अनुसन्धानका लागि आयोगबाट मिति २०६८/५/२३ देखि २९ गतेसम्म टोली खटिई गएको देखियो । उक्त टोलीले अनुसन्धानपश्चात् पेस गरेको प्रतिवेदनका सारभूत तथ्यहरू देहाय बमोजिम रहेको पाइयो :

- घटनाका सम्बन्धमा स्थानीयबासीहरूसँग बुझ्दा निज हरिशङ्कर भण्डारी गाउँमै किराना पसल गरी बस्ने सर्वसाधारण व्यक्ति भएको,

२०६० सालको सुरुमा तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले मेलुङ गाउँमा नगद तथा जिन्सी चन्दा सङ्कलन गर्दै आएकोमा मंसिर महिनासम्म उक्त कार्य जारी राखेको, २०६० मंसिर ३ गते उल्लेखित पार्टीका कार्यकर्ताहरूले गाउँमा चन्दास्वरूप धान उठाई स्थानीय ..., ... समेतको घरमा धान जम्मागरी रहेको, धान उठाउने समयमा माओवादीले सेन्ट्री राखेको भन्ने प्रत्यक्षदर्शीहरूको बयानमा उल्लेख भएको पाइयो । उक्त दिन बिहान करिब १०:३० बजेको समयमा माओवादीले जबर्जस्ती धान उठाउँदै गरेको सूचना थाहा पाई गएको सुरक्षाकर्मीहरूले माओवादी कार्यकर्ताहरूलाई लखेट्दै गएको समयमा पसलको सामान किन्न भनी पैसा गनिरहेका हरिशङ्कर भण्डारीलाई निजकै घरमा देखी एक्कासी कुनै सोधपुछबिना कन्चटमा लाग्ने गरी गोली हानेको, तत्कालै निजको मृत्यु भएको भन्ने साक्षीहरूको भनाइ रहेको ।

- निजको मृत्युपश्चात् कुनै सवाल जवाफ नगरी सुरक्षाकर्मीहरूले माओवादी कार्यकर्ताहरूलाई लखेट्दै गएकोमा सेन्ट्रीमा बसेका एक जना माओवादी कार्यकर्तालाई स्थानीय ... को घरमा लुकीछिपी बसिरहेको अवस्थामा गोली प्रहार गर्दा निजको समेत तत्कालै मृत्यु भएको, ... को घरमा समेत सामान्य क्षति भएको ।
- घटनापश्चात् गाउँमा आतङ्क मच्चिएको र भोलिपल्ट मात्र हरिशङ्कर भण्डारीको लासको दाहसंस्कार गरिएको भन्ने मृतकका परिवारको भनाइ रहेको ।
- घटनापश्चात् स्थानीय ... ले निजको घरमा मृत्यु भएका नाम थर वतन नखुलेका माओवादी कार्यकर्तालाई हरिशङ्कर भण्डारी भनी, निज आफ्नै छोरा भएको भनी जिल्ला प्रशासन कार्यालय, दोलखामा निवेदनसमेत दिएको, मृतकका ...ले घटना भएको १५ दिनपश्चात् घटनाका बारेमा जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएकोमा तत्कालीन प्रमुख जिल्ला अधिकारी चण्डेश्वर आचार्यले ... कै पक्षमा बोलिदिएकाले सो सम्बन्धमा आफूलाई अन्याय भएको भनी गृह मन्त्रालय, शान्ति तथा

पुनर्निर्माण मन्त्रालयमा गई पहल गरी अन्ततः हरिशङ्कर भण्डारी आफ्नै छोरा भएको निष्कर्ष निकालिएको भन्ने समेत मृतकका पिता ... को बयान कागजमा उल्लेख भएको । निर्दोष व्यक्तिलाई कुनै सोधपुछ नगरि एक्कासी गोली हानी हत्या गरिएकोले गोली हान्ने सुरक्षाकर्मीप्रति प्रतिशोधको भावना आफूभित्र रहेको, मृतकको श्रीमती, बालबच्चाहरूको बिजोग गराएकाले गोली हान्ने सुरक्षाकर्मीहरूलाई पनि त्यस्तै प्रकारको हविगत बनाउन पाए हुन्थ्यो भन्ने भावना भए पनि कानुनबमोजिम यस्ता कार्यहरू गर्न नहुने भएकाले दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कानुनबमोजिम कारबाही गरिनु पर्ने, मृतकका परिवारका ३ जना सदस्यलाई उचित जीवन यापनको प्रबन्ध गरिनुपर्ने, कसैको जीवन हरण गर्नुअघि सम्बन्धित पक्ष संवेदनशील बन्नुपर्ने भन्ने समेत निजको बयानमा उल्लेख भएको रहेछ ।

- मेरा ... पैसा गनिरहेको थिएँ, सेनाले एक्कासी उठाएर कन्चटमा गोली हान्न ठिक्क पारी बन्दुक तेर्स्यायो । ... मेरो ... हो, माओवादीको कुनै गतिविधिमा लागेको मानिस होइन, नमार्नुहोस्, कुनै दोष छैन समेत भनेँ । ... ले पनि रोईकराई मैले भनेकै कुरा गर्नुभयो । हामीलाई पनि मारिदिने धम्की दिए । मृतकको श्रीमतीलाई हुत्याइदियो । सेनाको पोषाक लगाएका हतियारधारी ३ जना सेनासँग हरिशङ्करले पनि मालु खोलामा सामान किन्न जानको लागि पैसा गनिरहेको भन्दा पनि कुरा नसुनी बायाँ कन्चटबाट गोली हान्यो र निजको घटनास्थलमै तत्कालै मृत्यु भयो । भोलिपल्ट दोहोरो भिडन्तमा मरेको भनी समाचार प्रसारण भयो भन्ने समेतको प्रत्यक्षदर्शी ... को बयानमा उल्लेख भएको ।

- मृतकको परिवारमा २ जना बालबच्चा र १ श्रीमती रहेको, निजको आर्थिक अवस्था सामान्य रहेको, आफ्नो जग्गा जमिनमा उब्जिएको अन्नले वर्षदिन खान पुग्ने बुझिएको ।

- जिल्ला प्रशासन कार्यालयबाट मृतकका परिवारले रु. एक लाख राहत रकम लिएको जिल्ला

प्रशासन कार्यालयमा रहेको अभिलेखबाट देखिएको । घटनाका सम्बन्धमा हालसम्म कोही कसैलाई पक्राउगरी अनुसन्धान प्रक्रिया अगाडि नबढाइएको भन्ने उक्त अनुसन्धान प्रतिवेदनको तथ्य खण्डमा उल्लेख भएको ।

- प्रस्तुत घटनामा सेनाद्वारा हरिशङ्कर भण्डारीलाई घरमै बसिरहेको अवस्थामा माओवादीको आशङ्कामा विना कुनै सोधपुछ, पक्राउ गर्न सक्ने अवस्था विद्यमान हुँदाहुँदै पक्राउ नगरी कन्चटबाट गोली हानी हत्या गरिएको, हत्या गरिएको केही समयपश्चात् दोलखा जिल्ला सुरक्षा समितिको बैठकमा निज सर्वसाधारण भएको तर दोहोरो भिडन्तमा गोली लागी मृत्यु हुन गएको भनी निर्णय गरी सुरक्षाकर्मीहरूको काम कारबाहीलाई भवितव्य मानी सुरक्षाकर्मीहरूको गल्तीलाई ढाकछोप गर्ने प्रयत्न गरिएको देखिएको, प्रहरीले घटनाको कुनै अनुसन्धान नगरेको, कानुनबमोजिम गर्नुपर्ने कार्यसमेत नगरेको देखिएकाले सुरक्षाकर्मीहरू, जिल्ला शान्ति समिति, प्रहरीको यस्तो कार्य विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानुन एवम् सिद्धान्तहरूको विपरीत भएको भन्ने अनुसन्धान प्रतिवेदनको निष्कर्ष खण्डमा उल्लेख भएको ।

- प्रस्तुत घटनामा सुरक्षाफौजद्वारा अविवेकपूर्ण तरिकाले हरिशङ्कर भण्डारीलाई गोली हानी हत्या गरिएको पाइएको, घटनामा शेरगण, दोलखाबाट खटिएका भनिएका सेनाको संलग्नता रहेको भनी जानकारी प्राप्त भएको भए तापनि यसलाई पुष्टि गर्न रक्षा मन्त्रालयमार्फत नेपाली सेनालाई पत्राचार गरी को, कसको संलग्नता रहेको थियो ?, पत्ता लगाउने प्रयास गरी दोषी पहिचान गरी कानुनबमोजिम कारबाही गर्न, घटनामा संयुक्त सुरक्षाफौज परिचालन गरिएको पाइएकाले खटिई गएका जनपद प्रहरीले घटनास्थल प्रकृति मुचुल्कालगायतका कानुनबमोजिम गर्नुपर्ने कार्यहरू गरेको अभिलेखबाट नदेखिएकाले तत्कालीन जिल्ला प्रहरी कार्यालय, दोलखाका प्रहरी प्रमुखलाई सचेत गराउन, जिल्लाको शान्ति सुरक्षाको प्रमुख

जिम्मेवारी प्रमुख जिल्ला अधिकारीको भएकोमा प्रस्तुत घटनाका बारेमा मृतकका आफन्तले जिल्ला प्रशासन कार्यालयमा सूचना दिएपछि पनि तदारुकताका साथ घटनाको अनुसन्धान गर्न लगाउनुपर्नेमा प्रमुख जिल्ला अधिकारीले सो कार्य नगरेकाले तत्कालीन दोलखा जिल्लाका प्रमुख जिल्ला अधिकारी चण्डेश्वर आचार्यलाई सचेत गराउन, मृतकका परिवारलाई उचित क्षतिपूर्ति उपलव्ध गराउन आयोगद्वारा नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने भन्ने अनुसन्धान प्रतिवेदनको सुझाव तथा सिफारिस खण्डमा उल्लेख भएको पाइयो ।

११. जिल्ला प्रहरी कार्यालय, दोलखाको मिति २०६८/६/२ ... को आयोगलाई प्रेषित पत्रमा हरिशङ्कर भण्डारीको सम्बन्धमा दोलखा र रामेछाप जिल्लाको सिमाना खिम्ती एरियामा मिति २०६०/८/३ गते बिहान १० बजेको समयमा सुरक्षा फौजको कारबाहीमा मृत्यु भएको भन्ने यस कार्यालयको अभिलेखबाट देखिएको, निज माओवादी पक्षधर नभएको र त्यस प्रकारको गतिविधिमा पनि लाग्ने नगरेको भन्ने बुझिन आएको भन्ने जिल्ला प्रशासन कार्यालय दोलखाको ... मिति २०६०/११/१९ गतेको पत्रबाट देखिएको भन्ने उल्लेख भएको पाइयो ।

१२. ... प्राप्त भएका तथ्यहरू, जानकारीहरू-समेतका आधारमा यस घटनामा निज हरिशङ्कर भण्डारीको मानव अधिकार हनन भएको हो, होइन भनी विवेचना गर्नुपर्ने देखियो ।

१३. घटनाको सम्बन्धमा मृतकका आफन्तहरू, सुनी जान्ने तथा प्रत्यक्षदर्शी साक्षीहरू, स्थानीय बासिन्दाहरू, जिल्ला प्रहरी कार्यालय, दोलखा र जिल्ला प्रशासन कार्यालय, दोलखा तथा आयोगको अनुसन्धान प्रतिवेदनसमेतका आधारमा २०६०/८/३ मा निज हरिशङ्कर भण्डारीको मृत्यु भएको तथ्यमा विवाद देखिँदैन ।

१४. उपर्युक्त विषयवस्तुमा विचारगर्दा हरिशङ्कर भण्डारी आफ्नै घरमा किराना पसल गरी बस्दै आएको सर्वसाधारण व्यक्ति भएको बुझिन्छ । घटना भएको समयमा तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले मेलुङ गाउँमा नगद र जिन्सी चन्दा उठाइरहेको पनि खुल्न आएको छ ।

माओवादीको गतिविधि थाहा भएपछि सेनाले उक्त गाउँमा सर्च गर्न जाँदा पसलमै बसी पैसा गनिरहेको अवस्थामा सेनाले एक्कासी माओवादीको आशङ्कामा गोली हान्दा निजको तत्कालै मृत्यु भएको देखिन्छ । जिल्ला प्रशासन कार्यालयको पत्रमा जिल्ला शान्ति समितिको बैठक बसी निज सर्वसाधारण भएको तर दोहोरो भिडन्तमा परी निजको मृत्यु भएको भन्ने निर्णय गरिएको देखिन्छ ।

१५. कानुनबमोजिम माओवादी कार्यकर्ताहरूको गतिविधि नियन्त्रण गर्न जाने सेनाको काम कारबाहीलाई अन्यथा भन्न मिल्दैन । यस घटनाको पृष्ठभूमिलाई हेर्ने हो भने माओवादी कार्यकर्ताहरूबाट कानुन विपरीतको गतिविधि भएकै देखिन्छ । माओवादीका कार्यकर्ताहरूलाई पछ्याउँदै जाँदा पैसा गनिरहेको हरिशङ्कर भण्डारीलाई देखी कुनै सवाल जवाफविना नै गोली हानेको भन्ने साक्षीहरूको भनाइ रहेको छ । यसमा मुख्यरूपले सेनाले हरिशङ्कर भण्डारीलाई पक्राउ गर्न सक्ने अवस्था थियो या थिएन भनी विचार गर्नुपर्ने देखियो । अतः यसतर्फ विचार गर्दा संयुक्त सुरक्षाफौज कम्तीमा पनि ५० जना रहेको भन्ने एक प्रत्यक्षदर्शीको बयानमा उल्लेख भएको र सुरुमै सुरक्षाफौज हरिशङ्कर भण्डारीको घरमा गएको, उक्त स्थानमा कुनै पनि माओवादी कार्यकर्ताहरू नरहेको । घरमा पुग्ने बित्तिकै कन्चटमा गोली ताकेको र कुनै सवाल-जवाफ नगरी गोली हानेको भन्ने निज प्रत्यक्षदर्शीको बयानमा उल्लेख भएकाले हरिशङ्कर भण्डारीमाथि कुनै शङ्का गर्नुपर्ने अवस्था सिर्जना भएको भए पनि निजलाई पक्राउ गर्नसक्ने अवस्था विद्यमान रहेको देखियो ।

१६. पक्राउ गर्न सक्ने अवस्था विद्यमान थिएन भनी जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय, दोलखालगायत गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालयको कुनै पत्रमा पनि उल्लेख भएको देखिँदैन । घटनाका सम्बन्धमा के कसो भएको हो, खुलाई पठाउनू भनी आयोगले रक्षा मन्त्रालय, तत्कालीन शाही नेपाली सेनासमेतलाई पत्राचार गरेकै देखिन्छ । उल्लेखित निकायहरूले पत्रको जवाफ पठाएको पाइएन । अतः जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, दोलखा र साक्षी, स्थानीय बासिन्दाहरूको भनाइलाई आधार मान्दा हरिशङ्कर भण्डारीउपर गोली चलाई हाल्नुपर्ने परिस्थिति देखिँदैन ।

निजमाथि कुनै शङ्का गर्नुपर्ने आधारहरू विद्यमान भएको भए पक्राउ गर्नुपर्ने हुन्थ्यो, तथापि पक्राउ गर्ने उचित प्रयास नै नगरेको देखिएको हुँदा सुरक्षाकर्मीहरूको यस्तो कारबाही स्वतः गैरकानुनी देखियो ।

१७. तत्कालीन आतङ्ककारी अध्यादेश र स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम पक्राउ गर्न नसक्ने अवस्थामा मात्र गोली चलाउन पाउने कानुनी व्यवस्था रहेको पाइन्छ । गोली चलाउँदा पनि सम्बन्धित व्यक्तिको ज्यान नजाने गरी घुँडामुनि ताकी गोली चलाउनुपर्ने कानुनी व्यवस्था रहेको पाइन्छ । हरिशङ्कर भण्डारीलाई सेनाले बसिरहेको स्थानबाट उठ्न लगाएर सोझै कन्चटमा ताकी गोली प्रहार गरेको भन्ने भनाइ पाइएकाले यस्तो कार्य कानुनविपरीत हुने । अतः प्रचलित कानुनविपरीत हुने गरी सुरक्षाकर्मीहरूले निजउपर गोली चलाउँदा तत्कालै निजको मृत्यु भएको देखिएकाले निजको गैरकानुनी हत्या भएको देखियो ।

१८. घटना भएको दिनमा मेलुङ गाउँमा माओवादी गतिविधि सञ्चालन भैरहेको भन्ने प्रत्यक्षदर्शीहरूको बयानमा उल्लेख भएको पाइयो । गाउँमा सुरक्षाकर्मीहरू गएको तथ्यमा पनि विवाद देखिँदैन । प्राप्त तथ्यहरूका आधारमा सेना उक्त गाउँमा प्रवेश गर्नेबित्तिकै माओवादी कार्यकर्ताहरू भाग्दै गएको र सुरक्षाकर्मीहरूले लखेट्दै गएको, लखेट्दै जाने क्रममा सुरुमा हरिशङ्कर भण्डारीलाई गोली हानेको खुल्न आएको छ । हरिशङ्कर भण्डारीलाई गोली हानी मारिएपछि सुरक्षाकर्मीहरूले पुनः माओवादी कार्यकर्ताहरूको खोजतलास गर्दै गएको अवस्थामा स्थानीय ... को घरमा एकजना माओवादी कार्यकर्तालाई फेला पारी गोली हानी मारिएको समेत तथ्य प्राप्त भएको छ । ... को घरमा सामान्य क्षति भएको गाविस कार्यालय मेलुङको सरजमिन मुचुल्कामा उल्लेख भएको पाइन्छ । ... को घरमा सामान्य क्षति भएको र मृतक व्यक्ति माओवादी कार्यकर्ता भएको बुझिएकाले आत्मरक्षाका लागि माओवादी कार्यकर्ताहरूले प्रतिकार गरेको हुन सक्ने पनि देखिन्छ । यसमा हरिशङ्कर भण्डारीको मृत्यु पहिला भएको हो कि निज माओवादी कार्यकर्ताको मृत्यु पहिला भएको हो भनी विचार गर्नुपर्ने देखिन्छ । यसतर्फ बुझ्दा पहिला हरिशङ्कर भण्डारीलाई गोली हानेको बुझिएको र त्यस समयसम्म कोही कसैको घर क्षति

भएको नपाइएको, कोही कसैको मृत्यु नभएकाले त्यस समयसम्म दोहोरो भिडन्त भएको थियो भनी भन्न मिल्ने आधारहरू देखिँदैनन् । अतः जिल्ला सुरक्षा समितिले दोहोरो भिडन्तका क्रममा निज हरिशङ्कर भण्डारीको मृत्यु भएको भनी उल्लेख गरेको तथ्य सही सत्य भएको देखिएन ।

१९. यस्तै जिल्ला प्रशासन कार्यालयको पत्रका आधारमा घटना भएको दिन संयुक्त सुरक्षाफौज परिचालन भएको बुझिन्छ । संयुक्त सुरक्षाफौजमा जनपद प्रहरीहरूसमेत रहेको स्वतः बुझिने नै विषय भयो । कानुनतः यसप्रकारका कुनै घटना भएपछि प्रहरीले घटनास्थल प्रकृति मुचुल्का, लासजाँचप्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदन लगायतका कार्यहरू गर्नुपर्ने हुन्छ । यस घटनामा प्रहरीसँग घटनास्थल प्रकृति मुचुल्कालगायतका कागजातहरू भएको देखिँदैन । भएको भए आयोगले विभिन्न मितिमा प्रहरी प्रधान कार्यालयसमेतलाई पत्राचार गरेकोमा उक्त पत्रको जवाफमा उल्लेखित कागजातहरू प्राप्त हुने नै अनुमान गर्न सकिन्छ । घटना भएको १५ दिनपछि मृतकका ... जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन गएको भन्ने बयान कागजमा उल्लेख भएको पाइयो । जिल्लाभित्रका यस्ता घटनाहरूमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको ध्यानाकर्षण हुनै पर्ने हुन्छ । जिल्ला प्रहरी कार्यालय समेत जिल्ला प्रशासन कार्यालयको मातहतमा हुने हुँदा घटनाबारे जिल्ला प्रहरी कार्यालयलाई उचित निर्देशन दिनुपर्नेमा उक्त कार्य भएको नदेखिने ।

२०. अतः **घटनाका बारेमा सूचना प्राप्त गरिसकेपछि जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयको तदारुकताका साथ अनुसन्धान गर्नुपर्ने दायित्व स्वतः सिर्जना हुने नै हुन्छ । यस घटनामा सूचना प्राप्त गरिसकेपछि पनि उल्लेखित निकायले अनुसन्धान गर्नेतर्फ कुनै वास्ता नगरेको पाइयो । यसबाट राज्यले कानुनबमोजिम गर्नुपर्ने दायित्व पूरा नगरेको देखिने ।**

२१. **कानुनी प्रावधानहरूको उल्लङ्घन नगर्नु प्रत्येक नागरिक तथा राज्यका अधिकारीहरूको कर्तव्य हो । अझ राज्यका अधिकारीहरूले कानुनको अक्षरशः पालना गर्ने प्रयत्न गर्नुपर्दछ । मानव अधिकारको संरक्षण गर्ने कार्यमा प्रहरीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । मानव अधिकारको संरक्षण गर्ने निकायका अधिकारीहरूबाट पीडित व्यक्तिका तर्फबाट दिएको**

**सूचनालाई आधार मानी कुनै कारबाही अगाडि बढाइएको नपाइएकाले यसबाट न्याय दिन इन्कारी गरिएको देखिने ।**

२२. अन्तर्राष्ट्रिय कानुन अनुसार काननुको पालना गराउने अधिकारीहरूद्वारा बलको घातक प्रयोग भएको अवस्थामा अनुसन्धानहरू प्रभावकारी, विस्तृत तथा स्वतन्त्र हुनुका साथै शीघ्र तथा पारदर्शी हुनु आवश्यक हुन्छ । साथै स्वेच्छाचारी हत्याको प्रभावकारी रोकथाम तथा अनुसन्धानसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सिद्धान्तअनुसार आन्तरिक राजनीतिक स्थिरता कायम राख्न गरिने सरकारी कारबाहीलाई त्यस्ता हत्याहरूको औचित्य पुष्टि गर्न प्रयोग गर्न पाइँदैन । मानव अधिकार समितिको सामान्य टिपणी नं. १३ मा यदि राज्य पक्षले नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा ४ मा उल्लेख भएको सार्वजनिक सङ्कटकालको अवस्थामा धारा १४ ले व्यवस्था गरेको सामान्य प्रक्रिया अर्थात् कार्यविधिबाट विमुख हुन चाहन्छन् भने त्यस्तो प्रतिबन्ध तत्कालको परिस्थितिले आवश्यक देखिएको भन्दा बढ्ता हुने गरी गरिने छैन भन्ने कुरा सुनिश्चित गरिने ।[७] उल्लेख गरेको छ । धारा १४(१) मा उल्लेखित अन्य सर्तहरूको सम्मान गरिनेछ । यसरी मानव अधिकार समितिले स्वतन्त्र र स्वच्छ न्यायाधिकरणद्वारा सुनवाइ गरिपाउने हक पूर्ण हक हो जसको कुनै अपवाद रहँदैन भनेकोछ ।

२३. उपर्युक्त टिप्पणीबाट के स्पष्ट हुन्छ भने **कुनै पनि व्यक्तिको स्वतन्त्र र स्वच्छ न्यायमा आवश्यकता भन्दा बढी प्रतिबन्ध लगाउन नपाइने सुनिश्चितता पक्ष राष्ट्रहरूले हरेक नागरिकहरूलाई प्रत्याभूत गराउनुपर्ने हुन्छ । यस घटनामा समेत निजलाई पक्राउ गरी आवश्यक अनुसन्धान गर्न पाउने राज्यको कानुनी दायित्व हुनेमा पक्राउ नगरी शङ्काको भरमा गोली हानी हत्या गरेको पाइएकाले राज्यको दायित्व पूरा नगरेको देखिने ।**

२४. नेपाल संयुक्त राष्ट्रसङ्घको सक्रिय सदस्य रहँदै आएको छ । संयुक्त राष्ट्रसङ्घको बडापत्रमा उल्लिखित सिद्धान्तहरू, धारा ५५ मा उल्लेख भएका मानव अधिकार र आधारभूत स्वतन्त्रता प्रति आम रूपमा सम्मान, संवर्द्धन र पालना गर्ने (To Promote

[७] UN Compilation of General Comments, page 123, para 4.

Universal Respect for, and Observance of, Human Right and Fundamental Freedoms) कुराहरूबाट अनुप्राणित देखिन्छन् ।[८] यी सिद्धान्तहरूमध्ये विश्वव्यापी रूपमा मानव समाजका सम्पूर्ण सदस्यहरूको अन्तरनिहित मान, सम्मान, प्रतिष्ठा, एवम् अहरणीय अधिकार रहेको हुन्छ भन्ने सिद्धान्तले सबै मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू, घोषणापत्रहरू प्रस्तुत घटनासँग सम्बन्धित भई विशेष रूपले आकर्षित हुन आउने ।

२५. विभिन्न अन्तर्राष्ट्रिय सिद्धान्तहरूले बल र हतियारको प्रयोगलाई सीमित तुल्याएको छ । संयुक्त राष्ट्रसङ्घद्वारा प्रतिपादित सिद्धान्तमा सुरक्षाकर्मीहरूले ड्युटीमा रहँदाका समयमा स्पष्ट पहिचान दिनुपर्ने, गोली चलाउनुपूर्व सचेत गराउनुपर्ने भनिएको छ ।[९]

२६. उल्लेखित सिद्धान्तको नम्बर ९ मा उल्लेख भएको व्यवस्था यस घटनाका सन्दर्भमा पनि ज्यादै महत्वपूर्ण र विचारणीय छ । आफ्नो ज्यान जानसक्ने वा गम्भीर घाइते हुन सक्ने अवस्था आएमा अधिकार प्राप्त व्यक्तिले गोली चलाउन सक्दछ अन्यथा गोली चलाउँन हुँदैन भन्ने कुरा उक्त सिद्धान्तमा उल्लेख गरिएको छ ।[१०]

२७. यो घटना मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३ ले प्रत्येक व्यक्तिलाई जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार छ भनी सुनिश्चित गरेको प्रावधानको विपरीत भएको, नागरिक तथा राजनैतिक अधिकार विषयक अनुबन्ध, १९६६ को धारा ६(१) मा उल्लेखित प्रत्येक मानिसको बाँच्न पाउने

---

८ मानव अधिकार सन्धिको पालनामा सर्वोच्च अदालत, पेज नं. ११९, अधिवक्ता राजेन्द्रप्रसाद ढकालसमेत वि. नेपाल सरकार, गृहमन्त्रालय

9 In the circumstances provided for under principle 9, law enforcement officials shall identify themselves as such and give a clear warning of their intent to use firearms, with sufficient time for the warning to be observed, unless to do so would unduly place the law enforcement officials at risk or would create a risk of death or serious harm to other persons, or would be clearly inappropriate or pointless in the circumstances of the incident.

10 Law enforcement officials shall not use firearms against persons except in self-defence or defence of others against the imminent threat of death or serious injury, to prevent the perpetration of a particularly serious crime involving grave threat to life, to arrest a person presenting such a danger and resisting their authority, or to prevent his or her escape, and only when less extreme means are insufficient to achieve these objectives. In any event, intentional lethal use of firearms may only be made when strictly unavoidable in order to protect life.Adopted by the Eighth United Nations Congress on the Prevention of Crime and the Treatment of Offenders, Havana, Cuba, 27 August to 7 September 1990

नैसर्गिक अधिकार हुन्छ । यस अधिकारलाई कानुनद्वारा संरक्षण गरिनेछ । कसैलाई पनि निजको बाँच्न पाउने अधिकारबाट स्वेच्छाचारी रूपमा वञ्चित गरिने छैन भन्ने उल्लेख गरिएको छ । यस प्रावधानमा स्वेच्छाचारी रूपमा भन्नाले विशिष्ट परिस्थिति जनाउने हुन्छ । यसले जीवन हरण गर्ने कुरा मनासिव र समानुपातिक छ कि छैन भन्ने कुरासँग निकट सम्बन्ध राख्दछ । यस घटनामा निज हरिशरण भण्डारीको नागरिक तथा राजनैतिक अधिकार विषयक अनुबन्ध धारा ९ मा उल्लेखित स्वतन्त्रता तथा सुरक्षाको अधिकार वञ्चित भएको देखियो ।

२८. नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी मानव अधिकार समितिले गरेको General Comment मा आपराधिक क्रियाकलापहरूबाट हुने जीवनको अधिकारको हननको रोकथाम वा अनुसन्धान मात्र राज्यको सरोकारको विषय होइन, राज्यकै अधिकारीहरूद्वारा स्वेच्छाचारी रूपमा गरिने जीवनको अधिकार हननका कार्यहरूलाई साँघुऱ्याउँदै लैजानु पर्दछ । तिनलाई असीमितरूपमा त्यस्तो अधिकारहरू दिइनु हुँदैन भनी व्याख्या गरिएको छ । यसकारण राज्यका अधिकारीहरूद्वारा गरिने स्वेच्छाचारी जीवनहरण गम्भीर मानव अधिकार उल्लङ्घनको विषय हो ।

२९. आन्तरिक सशस्त्र युद्धको समयमा जेनेभा महासन्धिको साझा धारा ३ लागू हुन्छ । साझा धारा ३ मा आन्तरिक द्वन्द्व वा सशस्त्र सङ्घर्षमा द्वन्द्वरत पक्षहरूले पालना गर्नुपर्ने न्यूनतम मानवीय व्यवहारहरूको उल्लेख गरिएको छ । यस्ता मानवीय व्यवहारहरूमा सङ्घर्षमा सक्रिय रूपमा भाग नलिने व्यक्तिहरू, सशस्त्र सेनाका हतियार त्याग्ने व्यक्तिहरू, कुनै कारणले लडाइँबाट अलग भएका व्यक्तिहरू, घाइते वा बिरामी भई कब्जा वा नियन्त्रणमा लिइएका लडाकु वा व्यक्तिहरूसमेतलाई जाति धर्म विश्वास, लिङ्ग आदिका आधारमा भेदभाव नगरी जुनसुकै परिस्थितिमा पनि गर्नुपर्ने मानवीय व्यवहार गर्नुपर्ने, घाइते वा बिरामी व्यक्तिहरूको आवश्यक हेरचाह गर्नुपर्ने, उनीहरूको हत्या, अङ्गभंग, यातना दिन नुहुने, बन्धक बनाउन नपाउने, व्यक्तिगत मर्यादामा आघात पुऱ्याउने, अपमानजनक वा अन्य दुर्व्यवहार गर्न नहुने, कानुनबमोजिम स्थापना भएको अदालतको निर्णयविना

दण्ड सुनाउन र त्यसलाई कार्यान्वयन गर्न नहुने प्रावधानहरू पर्दछन् ।

३०. यसप्रकारका प्रावधानहरूलाई हरिशङ्कर भण्डारीको हकमा अन्तरनिहित गरी विवेचना गर्दा, निज सर्वसाधारण व्यक्ति भएको, गाउँघरमा नै व्यापार व्यवसाय गरी बस्ने र भूमिगत सशस्त्र समूहसँग कुनै आबद्धता नभएकोमा त्यस्तो व्यक्तिलाई मारिएको घटनालाई कानुनसम्मत मान्न सकिएन ।

३१. **नेपाल सन्धि ऐन, २०४७ को दफा ९ अनुसार नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरू लागू गर्ने सम्बन्धमा पनि नेपाल कानुन उक्त सन्धि तथा सम्झौतासँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने भनी अन्तर्राष्ट्रिय सन्धि सम्झौतालाई प्राथमिकता दिइएको छ । अतः नेपाल जेनेभा महासन्धिको पक्ष राष्ट्र भएकाले महासन्धिको प्रावधानसँग बाझिने उल्लेखित ऐनको प्रावधानअनुसार गरिएको कार्य अन्तर्राष्ट्रिय कानुनसँग समेत मेल नखाने ।**

३२. यस घटनाबाट विभिन्न अन्तर्राष्ट्रिय कानुनहरूको अतिरिक्त नेपालका प्रचलित संविधान र कानुनहरूको समेत उल्लङ्घन भएको छ । तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ मा उल्लेख भएको स्वतन्त्रतालगायतका अधिकार मुलुकी ऐन, २०२० को ज्यानसम्बन्धी महल को १ नं बमोजिम कानुनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न वा मार्न लगाउन वा मार्नका लागि उद्योग गर्न नहुने भन्ने व्यवस्था, सार्वजनिक सुरक्षा ऐनमा भएको प्रावधान र नागरिक अधिकार ऐन, २०१२ मा भएको प्रावधानको समेत उल्लङ्घन हुन पुगेको देखिने ।

३३. मानव अधिकारको संरक्षणकै खातिर हरेक राज्यले सुरक्षा अङ्गहरूको स्थापना गरेको हुन्छ । गैरकानुनी क्रियाकलापमा संलग्न भएका व्यक्तिहरूलाई पक्राउ गरी कानुनबमोजिम कारबाही गरी शान्ति, सुव्यवस्था र कानुनी राज्यको अनुभूति दिलाउनु सुरक्षा निकायहरूको कर्तव्यको रूपमा रही आएको पाइन्छ ।

३४. सशस्त्र सङ्घर्षको अवधिमा तत्कालीन शाही नेपाली सेना परिचालित भएकोमा मानव अधिकारको सम्मान र संरक्षणका लागि सशस्त्र कारबाहीमा जाने सकल फौजका लागि एक मानव अधिकार निर्देशिका जारी गरी मानव अधिकारको सम्मान र संरक्षणका लागि प्रतिबद्धता जनाएको

देखिन्छ । जुन, प्रतिबद्धतालाई सामान्य विवेचना गर्दा उचित हुने देखियो ।

- **वैरीलाई समेत मानवीय व्यवहार गर्ने, सत्य बोल्ने, नियम र कानुनलाई शिरोपर राखी त्यसलाई पालना गर्ने र युद्धका नियमहरूको पालनागर्दै मानव अधिकारको संरक्षण गर्ने**[११] भनी सेनाले मूलमन्त्र निर्धारण गरेको ।
- **मानव अधिकार तथा मानवीय कानुन पनि सैनिक कानुन हो**[१२] भनी सेनाले नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय कानुनहरू तथा मानवीय कानुनलाई पालना गर्नुपर्ने भनी उल्लेख गरेको ।
- सेनाबाट प्रकाशित उक्त प्रकाशन[१३]मा पक्राउ गर्ने तरिका र पक्राउ गर्दा अपनाउने विधिको बारेमा उल्लेख गरेको देखिन्छ । उक्त प्रकाशनमा न्यूनतम बल प्रयोग गर्नुपर्ने, हतियार भए नभएको यकिन गरी हतियार भए निःशस्त्र गरी नियन्त्रणमा लिने, शङ्कास्पद स्थानलाई सुरक्षित ढङ्गले नाकाबन्दी वा तालाबन्दी गर्नुपर्ने, पक्राउको कारणसहितको सूचना सम्बन्धित व्यक्ति र निजको नातेदार वा परिवारलाई दिनुपर्ने, नजरबन्दमा राख्न अधिकारप्राप्त सम्बन्धित स्थानीय प्रशासन अधिकारीबाट आदेशपत्र लिनुपर्ने, फेला परेको मालसामानको मुचुल्का तयार गर्नुपर्ने, हिनामिना हुन नदिई अभिलेख राख्नुपर्ने उल्लेख छ । पक्राउ परेका व्यक्तिहरूलाई उचित मानवीय व्यवहार गर्नुपर्ने, प्रतिवेदन गर्नुपर्ने र कारबाही अगाडि बढाउनुपर्ने उल्लेख भएको ।
- सेनाले **हतियारको प्रयोग**सम्बन्धी मार्ग निर्देशिका[१४]मा अनियन्त्रित अवस्था परेमा मात्र हतियारको प्रयोग गर्नुपर्ने, आफू वा आफूले सुरक्षा गर्नुपर्ने व्यक्ति, सम्पत्तिको सुरक्षा गर्नका लागि मात्र हतियार प्रयोग गर्नुपर्ने, बन्दी भाग्न खोजेमा चेतावनी दिनुपर्ने, नटेरी

---

[११] द्वन्द्वको समयमा मानव अधिकार र मानवीय कानुन पालना गर्ने सम्बन्धी निर्देशिका २०६१, प्रकाशक नेपाली सेना, अन्तिम गाता ।

[१२] द्वन्द्वको समयमा मानव अधिकार र मानवीय कानुन पालना गर्ने सम्बन्धी निर्देशिका २०६१, प्रकाशक नेपाली सेना, पेज नं. ६ ।

[१३] द्वन्द्वको समयमा मानव अधिकार र मानवीय कानुन पालना गर्ने सम्बन्धी निर्देशिका २०६१, प्रकाशक नेपाली सेना, पेज नं. ९ र १३ ।

[१४] द्वन्द्वको समयमा मानव अधिकार र मानवीय कानुन पालना गर्ने सम्बन्धी निर्देशिका २०६१, प्रकाशक नेपाली सेना, पेज नं. १७ ।

भाग्न खोजेमा हतियार प्रयोग गर्नुपर्ने र हतियारको प्रयोग गर्दा न्यूनतम बलको प्रयोग गर्नुपर्ने भन्ने उल्लेख भएको देखिन्छ ।

३५. यसप्रकार सेना आफैंले सकेसम्म न्यूनतम बल प्रयोग गर्नुपर्ने भनी आफैंलाई मार्ग निर्देशन गरेको पाइन्छ । तर, सेनाकै मार्ग-निर्देशिका विपरीत हुनेगरी सेनाले अत्यधिक बलको प्रयोग गरी निजको हत्या गरेको देखियो ।

३६. यसमा निर्णयतर्फ विचार गर्दा आयोगको अनुसन्धानबाट निज हरिशङ्कर भण्डारीको दोहोरो भिडन्तमा परी मृत्यु भएको भन्ने प्रहरी प्रधान कार्यालय, मानव अधिकार इकाइ तथा गृह मन्त्रालय, शान्ति सुरक्षा शाखाले उपलब्ध गराएको जानकारी पुष्टि हुने आधार प्रमाण देखिएन । निजलाई सुरक्षाकर्मीले पक्राउ गरी कानुनबमोजि कानुनी कारबाही गर्नुपर्नेमा सो नगरी पक्राउ गर्न सक्ने अवस्था विद्यमान हुँदाहुँदैगोली हानी गैरन्यायिक हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकारको उल्लङ्घन भएको देखियो । अतः घटनामा संलग्न दोलखा जिल्लामा तत्कालीन समयमा रहेको नेपाली सेना, शेरगणका प्रमुख तथा अन्य सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न, जिल्ला प्रहरी कार्यालय, दोलखाका तत्कालीन प्रमुखलाई उक्त घटनासँग सम्बन्धित कागजात तथा मुचुल्काहरू कानुन बमोजिम तयार गर्नुपर्ने कार्यहरू गरेको नदेखिएकाले सचेत गराउन, जिल्ला प्रशासन कार्यालय, दोलखाका तत्कालीन प्रमुख जिल्ला अधिकारी चण्डेश्वर आचार्यले उक्त घटनाको बारेमा अनुसन्धानका लागि तदारुकता देखाउनु पर्नेमा सो नगरेकोले सचेत गराउन र मृतकका कानुन बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रु. ३ लाख क्षतिपूर्ति रकममध्ये क्षतिपूर्तिबापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिस भएबमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

३७. प्रस्तुत उजुरीउपर गरिएको यो निर्णय कार्यान्वयन गर्नका लागि सम्बन्धित निकायलाई लेखी पठाउनू । निर्णयको जानकारी सम्बन्धित उजुरीकर्तालाई दिनू र उजुरी फाइल नियमानुसार गर्नू ।

**तयार गर्ने**

..............

जीवन न्यौपाने

मानव अधिकार अधिकृत

............... ............... ..............

सदस्य सदस्य अध्यक्ष

इति संवत् २०६९ साल असार २८ गते

रोज ५ शुभम् ..................................

# राष्ट्रिय मानव अधिकार आयोगको ठहर

**माननीय अध्यक्ष श्री केदारनाथ उपाध्याय**

**माननीय सदस्य रामनगिना सिंह**

**माननीय सदस्य गौरी प्रधान**

**संवत् २०६२ सालको उजुरी नं. ३३४९**
**के.का.पुल्चोक, ललितपुर ।**

**विषयः हत्या ।**

अन्तर्राष्ट्रिय मानवीय कानुन अर्थात् जेनेभा महासन्धि सशस्त्र युद्धका समयमा लागू हुने कानुन हो । यस कानुनले युद्धरत पक्षहरूले पालना गर्नुपर्ने नियम तथा कर्तव्यका बारेमा नियमन गर्दछ । महासन्धिअनुसार अशक्त भएर लडाइँबाट अलग भएका, शत्रुतापूर्ण कारबाहीमा प्रत्यक्ष रूपमा भाग नलिने व्यक्तिहरूको जीवन र नैतिक अखण्डताको सम्मानका हकदार हुने, कुनै पनि परिस्थितिमा कुनै पनि प्रतिकूल भेदभावविना उनीहरूको सुरक्षालगायत मानवोचित व्यवहार गर्नुपर्ने, आत्मसमर्पण गर्ने शत्रु र अशक्त भएर लडाइँबाट अलग रहेका व्यक्तिहरूलाई मार्न तथा क्षति पुऱ्याउन प्रतिबन्ध लगाएको पाइन्छ । साथै, पक्षहरूद्वारा आफ्नो अधीनमा रहेका घाइते र बिरामीहरूलाई उचित उपचार गर्नुपर्ने, अधीनमा रहेका घाइते तथा योद्धाहरूसमेतलाई निजको जीवन, मर्यादा, व्यक्तिगत अधिकारको उल्लङ्घन गर्न नपाइने, तिनीहरूलाई प्रतिशोध र हिंसाका सबै कार्यहरूविरुद्ध सुरक्षा दिनुपर्ने दायित्व सम्बन्धित पक्षको रहन्छ । कसैप्रति पनि शारीरिक तथा मानसिक यातना, शारीरिक दण्ड वा क्रूर तथा बदनामी हुने खालको व्यवहार गर्न नपाइने, अत्यधिक पीडा वा अनावश्यक क्षति गर्ने प्रकृतिका युद्धको तरिका र हात हतियारको प्रयोगमाथि प्रतिबन्ध लगाइएको छ । यसबाट के स्पष्ट हुन्छ भने युद्धरत पक्षहरूद्वारा लिङ्ग, जाति, राष्ट्रियता, धर्म, राजनीतिक विचारधारा वा अन्य कुनै मापदण्डमा आधारित भई कुनै पनि भेदभाव नगरी आफ्नो कब्जामा रहेका व्यक्तिहरूलाई मानवीय व्यवहार गर्नुपर्दछ । उनीहरूको ज्यान लिने अथवा व्यक्तिलाई चोट पुर्‍याउने, त्यस किसिमको कार्य गर्न उद्योग गर्ने कार्य समेत माथि कडा प्रतिबन्ध लगाइएको छ । यसैले माओवादी कार्यकर्ताहरूद्वारा गरिएको यसप्रकारको काम कारबाही अन्तर्राष्ट्रिय मानवीय कानुनविपरीत भएको पुष्टि हुन्छ ।

- प्रकरण नं. २०

१. रामेछाप जिल्ला नागदह गाविस वडा नं. ९ सुर्केटोल निवासी ३२ वर्षीय इमानसिंह तामाङलाई मिति २०६२/४/२ गते रामेछाप जिल्ला सदरमुकाम मन्थलीबाट पासपोर्ट बनाएर आफ्नो घरतिर आउँदै गर्दा देउराली गाविसको थल्लेरी कुकुरकाटे भन्ज्याङबाट नेकपा (माओवादी) का कार्यकर्ताले कब्जामा लिई २०६२/४/३ गते कठजोर गाविसको पाल्ले भन्ने स्थानमा लगी चिलाउनेको रुखमा बाँधी यातना दिई मारेको हुँदा उक्त घटनाको छानविन गरी उचित क्षतिपूर्ति दिलाई दोषीलाई कारबाहीगराई पाऊँ भनी २०६२/८/५ मा आयोगमा उजुरी दर्ता भएको रहेछ ।

२. सो सम्बन्धमा ... आयोगबाट ... जिल्ला प्रशासन कार्यालय, रामेछापमा गरिएको पत्राचार मिसिल संलग्न रहेछ । उक्त पत्रमार्फत इमान सिंह तामाङलाई नेकपा (माओवादी) का कार्यकर्ताहरूले मिति २०६२/०४/२ गते कठजोर गाविसको पाल्ले भन्ने स्थानमा लगी यातना दिई मारेको भन्ने घटनाको सम्बन्धमा के कसो भएको हो ? निवेदकको जिकिर बमोजिमको कारबाहीबाट निजको मृत्यु भएको हो, होइन ? सो विषयमा प्राप्त भएका सम्पूर्ण विवरणहरू यस आयोगमा उपलब्ध गराइदिनू भन्ने समेतको ब्यहोरा उल्लेख भएको रहेछ ।

३. ... आयोगबाट ... जिल्ला प्रशासन कार्यालय, रामेछापमा गरिएको पत्राचार मिसिल संलग्न रहेको देखियो । उक्त पत्रमा इमानसिंह तामाङलाई रुखमा बाँधी निर्ममतापूर्वक हत्या गरेकाले छानविन गरी दोषीमाथि आवश्यक कारबाही तथा पीडित परिवारलाई क्षतिपूर्तिको लागि आवश्यक पहल गरिदिन आयोगमा उजुरी पर्न आएको ... सम्बन्धमा के-कसो भएको हो ? निवेदन जिकिरबमोजिमको काम कारबाहीबाट निजको मृत्यु भएको हो, होइन ? तहाँबाट घटनाको छानविन भई पिडित परिवारलाई उचित क्षतिपूर्ति तथा दोषीउपर कारबाही हुनेछ भन्नेमा विश्वस्त हुँदै सोको जानकारी यस आयोगमा उपलब्ध गराइदिनू भन्ने समेतको ब्यहोरा उल्लेख गरी सो पत्रको बोधार्थ ... गृह मन्त्रालयमा प्रेषित गरिएको पाइयो ।

४. .... ।

५. घटनाको सम्बन्धमा आयोगबाट २०६३/२/१ देखि ८ सम्म स्थलगत अनुसन्धान गरी सुझावसहित पेस गरेको प्रतिवेदन मिसिल संलग्न

देखियो । उक्त प्रतिवेदनमा प्रस्तुत घटना नेकपा (माओवादी) को तर्फबाट नै भएको, नेकपा (माओवादी) ले निःशस्त्र अवस्थामा रहेको व्यक्तिलाई कब्जामा लिई यातना दिई अमानवीय तरिकाले मारेको देखिएकाले यस कार्यबाट जेनेभा महासन्धिको साझा धारा ३ तथा मानव अधिकार र मानवीय कानुनको पालनामा पटक-पटक गरेको प्रतिबद्धताको समेत उल्लङ्घन भएको छ भन्ने समेतकोब्यहोरा उल्लेख भएको पाइयो । उल्लेखित प्रतिवेदनउपर आवश्यक प्रतिक्रिया माग गरी ... प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, रक्षा मन्त्रालय, गृह मन्त्रालय र नेपाली जङ्गी अड्डा, मानव अधिकार शाखामा पठाइएका पत्र मिसिल संलग्न देखियो ।

६. आयोगको मिति २०६५/११/१५ को निर्णयबमोजिम मिति २०६५/१२/२०, च.नं. ११८५, ११७५, ११७६, ११७७, ११७८, ११७९, ११८०,११८४, ११८१, ११८२, ११८३ का पत्रहरूमार्फत इमानसिंह तामाङको हत्याको घटनाका सम्बन्धमा बुझ्न बयानका लागि आयोगमा उपस्थित हुनू भनी सार्की तामाङ, श्याम श्रेष्ठ (दिवस), नारायण बुढाथोकी (रक्तिम), मिठु श्रेष्ठ, मञ्जु कार्की (अनुपमा), श्याम श्रेष्ठ (कुसल), बीरे तामाङ, पोस्टराज अधिकारी (राजन), मैनकुमार मोक्तान (मदन), हरिप्रसाद दाहाल (ललित), तारानारायण श्रेष्ठ (विगुल) समेत जना १० का नाममा प्रेषित पत्र पनि मिसिल संलग्न रहेछन् ।

७. उल्लेखित पत्राचार गरिएका निकायहरूमध्ये जिल्ला प्रशासन कार्यालय, रामेछापको मिति २०६२/१२/९, च.नं. २२७८ को आयोगको नाममा प्रेषित पत्र मिसिल संलग्न देखियो । उक्त पत्रमा इमानसिंह तामाङको आश्रित परिवारले क्षतिपूर्तिका लागि सो कार्यालयको सम्पर्कमा नआएको भन्ने समेतको ब्यहोरा उल्लेख भएको रहेछ ।

८. घटनाका सम्बन्धमा मिति २०६२/५/१४ मा रक्षा मन्त्रालय शाही नेपाली सेना कार्यरथी विभाग (मानव अधिकार शाखा), शाही नेपाली जङ्गी अड्डा, काठमाडौँबाट पत्र सङ्ख्या १४६४४।२९।ए।०६२।६३।११ मार्फत राष्ट्रिय मानव अधिकार आयोगसमेतलाई सम्बोधन गरी जानकारी पत्र प्रेषित गरेको देखियो । उक्त जानकारी पत्रमा २०६२/४/३० गते देउराली गाविसको कुकुरकाटे भन्ज्याङबाट नागदह गाविस बस्ने

कृपासिंह तामाङको छोरा इमानसिंह तामाङलाई माओवादी ... हरूले अपहरण गरी कठजोर गाविस वडा नं. ८ पातले पानीमा लगी चिलाउनेको रुखमा बाँधी २०६२/५/१ गते निर्ममतापूर्वक हत्या गरेको भन्ने समेतको ब्यहोरा उल्लेख गरिएको पाइयो ।

९. जिल्ला मानव अधिकार सञ्जाल, रामेछापले मिति २०६२/५/२१, दर्ता नं. ९१० मा राष्ट्रिय मानव अधिकार आयोगलाई सम्बोधन गरी प्रतिवेदन संलग्न गरी जीवन रक्षाको लागि अनुरोध गरेको पत्र मिसिल संलग्न रहेको देखियो । उक्त प्रतिवेदनमा बिजुलीकोट ७ घर भएका निज इमानसिंह, सेनाको जासुसको काम गर्ने ... र भेडुप ४ दोलखा घर भई ... व्यवसाय गरी वसेका ... सहित मिति २०६२/४/३० गते मन्थलीबाट बस चढी रामेछाप ओर्लिएर गोठगाउँ हुँदै सालुपाटी बजार गएका र त्यहाँबाट कुकुरकाटे भन्ज्याङमा पुगी चिया पिइरहेको अवस्थामा नेकपा (माओवादी) का कार्यकर्ताले कब्जामा लिई कठजोर गाविसको पात्लेमा रहेको ... को घरमा दिनभर हात बाँधी राखेर स्थानीय गाउँलेहरूको रोहबरमा बयान लिएका । त्यस क्रममा कुटपिटसमेत भएको, साँझ ५ बजेतिर हात खोलिदिँदा निज आतिँदै भाग्दा माओवादीहरूले चोर भाग्यो भनी लखेट्दै ढुङ्गा प्रहार गर्दा निजको मृत्यु भएको, लासलाई १ किमि तल तिर्तिरे धारो मुनिको खोल्साको पहिरोमा गाडेको, लास गाड्ने क्रममा माओवादी कार्यकर्ताहरूले जबर्जस्ती स्थानीय बासिन्दालाई जम्मा गरेको, लास गाडिएको वरिपरि हरिया झिँगा र अरिङ्गाल भन्किएर दुर्गन्ध फैलिएको, अध्ययन टोली फर्किएपछि मृतकका आफन्तहरूले लास झिकेर आफ्नो धर्मअनुसार दाहसंस्कार गरेका । माओवादीहरूले आफ्नो नियन्त्रणमा लिएको मानिसलाई हत्या गरेर सो घटना जनताहरूले गराएको भनी आरोप लगाएको, आफूले नियन्त्रणमा लिएको मानिसलाई अर्काले मारेको भनी आरोप लगाउनु जिम्मेवारीबाट पन्छने कार्य हो । यस घटनामा सम्पूर्ण रूपले माओवादी पक्ष जिम्मेवार हुनुपर्दछ भन्ने समेत उल्लेख भएको रहेछ ।

१०. मिति २०६२/९/१७ गते ... जिल्ला प्रशासन कार्यालय, रामेछापले जिल्ला प्रहरी कार्यालय, रामेछापबाट प्राप्त

भएका घटनासम्बन्धी कागजातहरूको प्रतिलिपिसाथ संलग्न राखी आयोगमा पेस गरेको पत्र मिसिल संलग्न देखियो । संलग्न कागजातहरूमध्ये निज इमानसिंह तामाङलाई लुटपाट तथा चोरीसमेत गरी फरार रहेको भन्ने आरोप लगाई माओवादी कार्यकर्ताहरूले लाठी ढुङ्गा-मुढासमेतले प्रहार गरी बीभत्स तरिकाले हत्या गरेको हुँदा हत्यामा संलग्न रामेछाप तिल्पुङ बस्ने श्याम श्रेष्ठ (दिवस), रामेछाप, कठजोर बस्ने तारानारायण श्रेष्ठ (विगुल) समेत जना ११ को खोजतलास गरी गराई पक्राउ गरी कर्तव्य ज्यानको महलअनुसार हदैसम्म कारबाहीगरी पाऊँ भन्ने समेतको ब्यहोरा प्रहरी प्रतिवेदनमा उल्लेख भएको पाइयो ।

११. इमानसिंह तामाङलाई २०६२/४/१ मा सेनाका केही व्यक्तिहरूसँग बसिरहेको अवस्थामा नेकपा माओवादीका कार्यकर्ताले कब्जामा लिएछन् । त्यसको भोलिपल्ट जनताहरूलाई भेला गराई, उसलाई (इमानसिंह) कारबाही गरिएछ । त्यसक्रममा उसको मृत्यु भएछ । सेनाका मान्छेसँग ऊ बसिरहेको साँचो हो तर सुराकी गरेर हिँड्ने मान्छे होइन । पछि नेकपा (माओवादी) का कार्यकर्ताहरूले जनताहरूले भनेबमोजिम उनीहरूबाट नै निज इमानसिंह माथि कारबाही हुँदा निजको मृत्यु भएको हो भन्ने समेत नागदह गाविसका ... को भनाइ रहेको पाइयो ।

१२. मन्थलीबाट पासपोर्ट बनाएर घर फर्कने क्रममा देउरालीको सल्लेरी भन्ने ठाउँमा माओवादीले अपरहण गरी पाल्लेमा ल्याएको र साथमा सेनाको सिआइडी ... नाम गरेको व्यक्ति पनि थियो भन्ने सुनिएको थियो । पाल्लेस्थित विद्यालयमा ल्याई निर्घात कुटपिट गरी हातलाई बाँसमा बाँधेर बन्चरोले टाउको पछाडि हिर्काएर भीरबाट तल खसाएकोमा नमरेपछि ढुङ्गाले टाउको कुच्याएर मारेको भन्ने समेतको मृतकका आफन्तले आयोगको अनुसन्धान टोलीसमक्ष गरिदिएको बयान कागजमा उल्लेख भएको पाइयो ।

१३. निज इमानसिंह घरमा नआएपछि सोधखोज सुरु भयो । सोधपुछ गर्दै जाने क्रममा वहाँलाई माओवादीले गाउँलेसँग मिलेर हत्या गरी गाडेको छ भन्ने कुरा अरू गाउँलेबाट थाहा पाएपछि हामी लास गाडेको ठाँउमा गयौं । श्रावण १३, ०६२ मा हामीले

लास झिकेर काजकिरिया गर्ने काम गऱ्यौँ । वहाँले त्यस्तो सुराकी, सिआइडी काम गर्नुहुन्नथ्यो । पासपोर्ट बनाएर विदेश जाने योजनामा हुनुहुन्थ्यो भन्ने मृतकका ... को भनाइ रहेको पाइयो ।

१४. इमानसिंह बलत्कार तथा चोरी मुद्दामा फसेको मानिस थियो । जेल पनि परेको थियो । महिलाहरूमाथि दुर्व्यवहार गर्दै हिँड्ने गर्दथ्यो । जनअदालतमा २०५८ सालमा उजुरी पनि परेको थियो । दोलखाको ... सेनाको सिआइडी ... र इमानसिंहमध्ये इमानसिंह छुरी र ... पेस्तोलसहित जनमिलिसियाको सहयोगमा गिरफ्तार भएका थिए । भोलिपल्ट सबै गाउँलेलाई बोलाई के गर्ने भनी सोधियो । ... र ... भाग्न सफल भए । गाउँलेले यो अपराधी हो भनी मौखिक निर्णय गरी जनताले खुट्टा भाँच्ने निर्णय गरे । धोवी र कठजोरका महिलाले मार्नुपर्छ भनेबमोजिम जनमिलिसियाले भौतिक कारबाही गर्ने बताएको थियो । जन आक्रोश ज्यादै थियो । इमानसिंह त्यहाँबाट कारबाहीको डरले भाग्न खोज्दा चारैतिरबाट घेराहाली स्कुलको छेउमा पुऱ्याई लखेट्दै ढुङ्गा, बन्चरो, छुरी हानी जनताले नै मारेका हुन् । यस घटनालाई माओवादीले जिम्मा लिएको छ । जनमिलिसियाको उपस्थितिमा जनताले सफाया गरेको भन्ने कुरा हामीले घटनापछि भनेका पनि थियौं भन्ने समेतकोनेकपा (माओवादी) रामेछाप जिल्ला सदस्य विगुलको भनाइ रहेको पाइयो ।

१५. इमानसिंह तामाङ केटीहरू जिस्क्याउने तथा उनीहरूमाथि नराम्रो व्यवहार गर्ने र सुराकीहरूसँग सम्पर्क गरी माओवादीविरुद्ध सुराकी गर्दथे । कब्जामा लिएको अघिल्लो दिन सल्लेरी भन्ज्याङमा सेनाका सुराकी काजी तामाङ र तिलकसँग रक्सी खाई बाखा चराउन गएका मगर्नी केटीहरूलाई जिस्क्याएर बसेको देखेपछि स्थानीय जनताले पार्टीलाई खबर गरेछन् । राती ऊ सुतेको गाउँमा घेरा हाल्दा अन्य दुई जना भागेछन् । ऊचाहिँ पक्राउ परेछ । साथमा दुई जोर छुरीसमेत फेला परेको थियो । उसलाई पक्राउ गरी पाल्लेमा लगेपछि जनतालाई ऊमाथि कस्तो कारबाही गर्ने भनी सोध्दा जनताले नै उसलाई कुटपिट गरी मारेका हुन् । यसमा माओवादी कार्यकर्ताहरूको साथ हुँदै नभएको चाहिँ होइन । त्यहाँका मान्छेलाई

उसका बारेमा सबै कुरा थाहा थिएन भन्ने नेकपा (माओवादी), रामेछाप जनमुक्ति सेना, दोस्रो विग्रेड सदस्यको भनाइ रहेको पाइयो ।

१६. देउराली गाविसको कुकुरकाटे भन्ज्याङबाट २०६२/४/३० गते नागदह गाविस बस्ने इमानसिंह तामाङलाई माओवादीहरूले अपहरण गरी कठजोर गाविस ८ पाल्लेमा लगी रुखमा बाँधी २०६२/५/१ गते निर्ममतापूर्वक हत्या गरेको रेकर्डबाट देखिएको छ भन्ने रामेछापस्थित नेपाली सेना, नारायण दल गणको भनाइ रहेको पाइयो ।

१७. जिल्ला रामेछाप नागदह वडा नं. ९ बस्ने इमानसिंह तामाङलाई २०६२/४/३० गते रामेछाप जिल्लाको सालु गाविस ८, कुकुरकाटे भन्ज्याङबाट नेकपा (माओवादी) का कार्यकर्ताहरूले कब्जामा लिई २०६२/४/३१ गते कठजोर गाविस वडा नं. ४ पाल्ले भन्ने स्थानमा पुऱ्याई यातना दिएको र निज माओवादी कब्जाबाट भाग्न खोज्दा लखेट्दै गई ढुङ्गा, चक्कु तथा बन्चरो प्रहार गरी नियतवश अमानवीय तरिकाले यातना दिई मारेको र अनुसन्धान टोलीसमक्ष नेकपा (माओवादी) पक्षले घटनाको जिम्मेवारी लिई स्विकारेको पनि देखिएको, साथै नेकपा (माओवादी) का कार्यकर्ता, पीडितका आफन्त तथा अनुसन्धानको क्रममा बुझिएका जानकार व्यक्तिहरू र जिल्ला मानव अधिकार सञ्जाल रामेछापको ... प्रतिवेदनमा उल्लेख भएका तथ्यहरूमा समेत सोही तथ्यहरू उल्लेख भएको, घटनाको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय रामेछाप तथा नेपाली सेनाको नारायण दल गण रामेछापले दिएको विवरणमा एकरूपता पाइएको ।

१८. अतः प्रस्तुत घटना नेकपा (माओवादी) को तर्फबाट नै भएको कुरा स्पस्ट हुन आउँछ । नेकपा (माओवादी) का कार्यकर्ताहरूले निःशस्त्र अवस्थामा रहेको व्यक्तिलाई कब्जामा लिई यातना दिई अमानवीय तरिकाले मारेको कार्यबाट जेनेभा महासन्धि, १९४९ को साझा धारा ३ तथा नेकपा (माओवादी) ले मानव अधिकार र मानवीय कानुनको पालनामा बारम्बार गरेको प्रतिबद्धताको समेत उल्लङ्घन भएको छ । नेकपा (माओवादी) पक्षबाट भएको यस किसिमको घटनाले मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नम्बरले कानुनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन

वा मार्नका लागि उद्योग गर्न नहुने भन्ने व्यवस्थासमेतको उल्लङ्घन भएकाले उल्लेखित घटनामा संलग्न दोषीलाई फौजदारी दयित्वको आधारमा अनुसन्धान तहकिकात गरी दोषीलाई कारबाही हुनुपर्ने र पीडितका परिवारलाई मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १३ बमोजिम क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने देखिन्छ भन्ने अनुसन्धान टोलीको प्रतिवेदन मिसिल संलग्न देखियो ।

१९. प्रस्तुत उजुरीका सम्बन्धमा विचार गर्दा ... रामेछाप जिल्ला नागदह गाविस वडा नं. ९ बस्ने इमानसिह तामाङलाई मिति २०६२/४/३० गते रामेछाप जिल्लाको कुकुरकाटे भन्ज्याङबाट नेकपा (माओवादी) का कार्यकर्ताहरूले आफ्नो कब्जामा लिई मिति २०६२/४/३१ गते कठजोर गाविस वडा नं. ४ पाल्लेमा पुऱ्याई यातना दिने क्रममा निज तामाङ माओवादी कब्जाबाट उम्केर भाग्न खोज्दा लखेट्दै गई ढुङ्गा, चक्कु तथा बन्चरोजस्ता हतियार प्रहार गरी मारेपछि जबर्जस्ती स्थानीय बासिन्दासमेतलाई जम्मा गरी लास गाडेकोजस्ता अमानवीय कार्यहरूले निवेदकले जिकिर गरेको विषयवस्तु मानव अधिकारको गम्भीर विषयवस्तु रहेको देखियो । निवेदकले आयोगमा दर्ता गराएको निवेदनमा इमानसिंह तामाङलाई कब्जामा लिई ढुङ्गा, चक्कु तथा बन्चरोजस्ता वस्तु प्रहार गरी नियतवश अमानवीय तरिकाले यातना दिई मारेको कुरा उल्लेख भएको देखिन्छ । नेकपा (माओवादी) ले उल्लेखित घटनाको जिम्मेवारी लिएको पनि देखिन्छ । यस घटनाका सम्बन्धमा मृतकका आफन्त, घटनासम्बन्धी जानकार व्यक्तिहरू, जिल्ला मानव अधिकार सञ्जाल रामेछापको मिति २०६२/५/१८ को प्रतिवेदन, जिल्ला प्रहरी कार्यालय रामेछाप तथा नेपाली सेना समेतबाट प्राप्त जानकारीअनुसार निजको मृत्यु नेकपा (माओवादी) का कार्यकर्ताले दिएको यातना तथा ढुङ्गा प्रहारबाट भएको देखियो ।

२०. माओवादी कार्यकर्ताहरूको यस्तो कारबाहीले तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ ले प्रदान गरेको मौलिक हक, प्रचलीत नेपाल कानुन तथा नागरिक तथा राजनैतिक अधिकार विषयक अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को

धारा ६ तथा धारा ९ मा उल्लेखित हक अधिकार, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३ लगायतका कानुनहरूको उल्लङ्घन भएको पाइयो ।

२१. **अन्तर्राष्ट्रिय मानवीय कानुन अर्थात् जेनेभा महासन्धि सशस्त्र युद्धका समयमा लागू हुने कानुन हो । यस कानुनले युद्धरत पक्षहरूले पालना गर्नुपर्ने नियम तथा कर्तव्यका बारेमा नियमन गर्दछ । महासन्धिअनुसार अशक्त भएर लडाइँबाट अलग भएका, शत्रुतापूर्ण कारबाहीमा प्रत्यक्ष रूपमा भाग नलिने व्यक्तिहरूको जीवन र नैतिक अखण्डताको सम्मानका हकदार हुने, कुनै पनि परिस्थितिमा कुनै पनि प्रतिकूल भेदभाव विना उनीहरूको सुरक्षा लगायत मानवोचित व्यवहार गर्नुपर्ने, आत्मसमर्पण गर्ने शत्रु र अशक्त भएर लडाइँबाट अलग रहेका व्यक्तिहरूलाई मार्न तथा क्षति पुऱ्याउन प्रतिबन्ध लगाएको पाइन्छ । साथै पक्षहरूद्वारा आफ्नो अधीनमा रहेका घाइते र बिरामीहरूलाई उचित उपचार गर्नुपर्ने, अधीनमा रहेका घाइते तथा योद्धाहरूसमेतलाई निजको जीवन, मर्यादा, व्यक्तिगत अधिकारको उल्लङ्घन गर्न नपाइने, तिनीहरूलाई प्रतिशोध र हिंसाका सबै कार्यहरूविरुद्ध सुरक्षा दिनुपर्ने दायित्व सम्बन्धित पक्षको रहन्छ । कसैप्रति पनि शारीरिक तथा मानसिक यातना, शारीरिक दण्ड वा क्रूर तथा बदनामी हुने खालको व्यवहार गर्न नपाइने, अत्यधिक पीडा वा अनावश्यक क्षति गर्ने प्रकृतिका युद्धको तरिका र हात हतियारको प्रयोगमाथि प्रतिबन्ध लगाइएको छ । यसबाट के स्पष्ट हुन्छ भने युद्धरत पक्षहरूद्वारा लिङ्ग, जाति, राष्ट्रियता, धर्म, राजनीतिक विचारधारा वा अन्य कुनै मापदण्डमा आधारित भई कुनै पनि भेदभाव नगरी आफ्नो कब्जामा रहेका व्यक्तिहरूलाई मानवीय व्यवहार गर्नुपर्दछ । उनीहरूको ज्यान लिने अथवा व्यक्तिलाई चोट पुर्‍याउने, त्यस किसिमको कार्य गर्न उद्योग गर्न पनि कडा प्रतिबन्ध लगाइएको छ । यसैले माओवादी कार्यकर्ताहरूद्वारा गरिएको यसप्रकारको काम कारबाही अन्तर्राष्ट्रिय मानवीय कानुनविपरीत भएको पुष्टि हुन्छ ।**

२२. समग्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूको अध्ययन गर्दा यस घटनाबाट निम्नलिखित मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन तथा

सिद्धान्तहरूको उल्लङ्घन हुन गएको देखियो :

१. जेनेभा महासन्धिहरू १९४९ का साझा धारा ३ का प्रावधानहरू,

२. नागरिक तथा राजनीतिक अधिकार विषयक अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा ६ मा उल्लेख भएका प्रावधानहरू,

३. मानव अधिकारको विश्वब्यापी घोषणापत्र, १९४८ को धारा ३ ले प्रत्येक व्यक्तिलाई जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार छ भनी सुनिश्चित गरेको प्रावधान,

४. तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को मौलिक हकमा उल्लेख भएका प्रावधानहरू,

५. कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रता नहरिने नागरिक अधिकार ऐन, २०१२ को दफा १२ को प्रावधान,

६. कानुनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्नका लागि उद्योग गर्न नहुने मुलुकी ऐन, २०२० को ज्यानसम्बन्धी महलको १ नं. को प्रावधान ।

२३. प्रस्तुत उजुरी सम्बन्धमा माओवादी कार्यकर्ताहरूले रामेछाप जिल्ला नागदह गाविस वडा नं. ९ निवासी इमानसिंह तामाङलाई कब्जामा लिई अमानवीय तरिकाले हत्या गरेको विषय मानव अधिकार उल्लङ्घनको विषय हो, होइन ? भनी ठहर गर्नुपर्ने मुख्य विषयवस्तु रहेको देखियो । यस सम्बन्धमा आयोगबाट सम्बन्धित जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र आरोपित माओवादी कार्यकर्ताहरूसँग आवश्यक जानकारी माग गरिएकोमा जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय तथा स्थानीय मानव अधिकार सञ्जालको समेत प्रतिवेदनबाट माओवादी कार्यकर्ताहरूले निजलाई कब्जामा लिई यातना दिई अमानवीय तरिकाले कुटपिट गरी हत्या गरेको पुष्टि हुन्छ । प्राकृतिक न्यायको सिद्धान्तबमोजिम आरोप लागेका तारा नारायण श्रेष्ठ (विगुल) समेतका माओवादी कार्यकर्ताहरूलाई बयानका लागि आयोगमा उपस्थित हुन पत्राचार गरेकोमा निजहरू आयोगमा उपस्थित नभई आयोगको आदेशको अवज्ञा गरेको देखियो ।

निज तारानारायण श्रेष्ठ (विगुल) समेतले घटनामा माओवादी संलग्नता भएको स्वीकार गरेको अनुसन्धान प्रतिवेदनमा उल्लेख भएको देखिएकाले निजहरूकै नेतृत्वमा घटना घटेको, निजहरूलाई निर्दोषिता प्रमाणित गर्न आयोगले उचित मौका दिएकोमा सोको बेवास्ता गरेको देखियो । यसर्थ, निजहरूको संलग्नतामा इमानसिंह तामाङको अमानवीय तरिकाले हत्या भएको पाइयो । अनुसन्धान टोलीको प्रतिवेदनअनुसार निज तामाङलाई मिति २०६२/४/३० गते रामेछाप जिल्लाको कुकुरकाटे भन्ज्याङबाट नेकपा (माओवादी) का कार्यकताहरूले कब्जामा लिई २०६२/४/३१ गते कठजोर गाविस वडा नं. ४ पात्लेमा पुऱ्याई कुटपिट गर्ने क्रममा कब्जाबाट उम्केर भाग्न खोज्दा लखेट्दै गई ढुङ्गा, चक्कु तथा बन्चरोजस्ता हतियार प्रहार गरी हत्या गरेको देखियो । अतः यस कार्यबाट नेकपा (माओवादी) ले निःशस्त्र अवस्थामा रहेको व्यक्तिलाई कब्जामा लिई यातना दिई अमानवीय तरिकाले मारेको देखिएकाले मृतक इमानसिंह तामाङको कानुन बमोजिमका निजकका हकवालालाई क्षतिपूर्ति स्वरूप रु. ३ लाख प्रदान गर्न र घटनामा संलग्न व्यक्तिहरूको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

**तयार गर्ने**

..............

जीवन न्यौपाने

मानव अधिकार अधिकृत

| ............... | ............... | .............. |
|---|---|---|
| सदस्य | सदस्य | अध्यक्ष |

इति संवत् २०६७ साल श्रावण ३० गते रोज १ शुभम् ................................।

# राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

**माननीय अध्यक्ष श्री केदारनाथ उपाध्याय**
**माननीय सदस्य श्री रामनगिना सिंह**
**माननीय सदस्य श्री गौरी प्रधान**

**संवत् २०६२ सालको उजुरी नं. ७०८**
**क्षेत्रीय कार्यालय, नेपालगन्ज ।**

**विषयः बेपत्ता ।**

**सरकारद्वारा नियन्त्रित र निर्देशित निकायहरूबाट सुनियोजित तरिकाबाट आफ्नो नियन्त्रणमा लिएको व्यक्तिलाई बेपत्ता पार्नुले मानव अधिकारको संरक्षण तथा संवर्द्धनमा प्रमुख भूमिका निर्वाहकर्ताका रूपमा रहेको सरकार र सरकार निर्देशित निकायहरूले नै मानव अधिकारको गम्भीर उल्लङ्घन गरेको पाइयो । यसबाट दोषी व्यक्ति र अधिकारीहरू उपर कारबाही नबढाउने कार्यले पीडितले न्याय नपाउने मात्र हैन देश सधैं मानव अधिकार उल्लङ्घन गर्ने पङ्क्तिमा रहिरहने कुरालाई समेत नकार्न सकिन्न । तसर्थ, सरकारबाट मानव अधिकारको संरक्षण र दण्डहीनताको अन्त्यका लागि व्यवहारतः प्रतिबद्धता आउनु समेत आवश्यक देखिन्छ ।**

**- प्रकरण नं १४**

**द्वन्द्वको अवधिमा मानव अधिकार र मानवीय कानुनको स्वभाविक रूपमा बढी उल्लङ्घन भएको हुन्छ । राज्यको प्रमुख सुरक्षा निकायको संलग्नता भएको घटनामा राज्यकै जिम्मेवार निकायबाट मानव अधिकार र मानवीय कानुनउल्लङ्घन भएको घटनालाई संवेदनशील रूपमा सम्बोधन गरिनु पर्दछ । यस्तो अवस्थाबाट सृजित परिस्थितिमा राज्यको विशेष दायित्व रहेको हुन्छ । नागरिकको स्वतन्त्र रूपमा बाँच्न पाउने र सम्मानजनक रूपमा बाँच्न पाउने अधिकार, स्वतन्त्र र सुरक्षित हुन पाउने अधिकारहरूको अपहरण भएको घटनाप्रति राज्य मौन भई बस्न मिल्दैन ।**

**- प्रकरण नं १६**

१. बाँके जिल्ला कोहलपुर गाविस वडा नं. ४ बस्ने जितबहादुर पुन र चन्द्रबहादुर वि.क. घरनिजकै नुहाउन गएको बेला मिति २०५९/१/२९ गते इलाका प्रहरी कार्यालयबाट आएका प्रहरीहरूले पक्राउ गरी हालससम्म बेपत्ता बनाएको हुँदा निजहरूको जिउज्यानको सुरक्षा गरी सकुशल रिहा गरी पाऊँ भनी मिति २०६२/९/१५ गते आयोगमा उजुरी दर्ता हुन आएको रहेछ ।

२. त्यस्तै बाँके जिल्ला कोहलपुर गाविस वडा नं. ४ बस्ने चन्द्रबहादुर वि.क.लाई मिति २०५८/१/२९ गते इलाका प्रहरी कार्यालय कोहलपुरबाट गएका प्रहरीहरूले पक्राउ गरी बेपत्ता बनाएकाले खोजतलास गरी पाऊँ भनी मिति २०६३/१/३ गते आयोगमा अर्को पनि उजुरी दर्ता भएको रहेछ ।

३. उजुरीका सम्बन्धमा आयोगबाट देहायबमोजिम काम कारबाही भएको रहेछ :-

- प्रकरण १ मा उल्लेख भएको घटना सम्बन्धमा के कसो भएको हो ? निज जितबहादुर पुनलाई पक्राउ गरी बेपत्ता पारेको हो, होइन ? पक्राउ गरिएको भए के कुन कानुनअन्तर्गत पक्राउ गरिएको हो ? निजको शारीरिक एवम् मानसिक अवस्था के कस्तो छ ? सो सम्बन्धमा यथार्थ जानकारी तत्काल उपलब्ध गराइदिनुहुन भन्ने समेतको ब्यहोरा उल्लेख गरी आयोगको क्षेत्रीय कार्यालय नेपालगन्जले ... जिल्ला प्रशासन कार्यालय बाँके र जिल्ला प्रहरी कार्यालय बाँकेलाई प्रेषित पत्र मिसिल संलग्न रहेछ ।
- जिल्ला प्रशासन कार्यालय बाँकेको ...पत्रमार्फत सो सम्बन्धमा यथार्थ विवरण खुलाई जानकारी दिनुहुन भन्ने ब्यहोरासहित जिल्ला प्रहरी कार्यालय बाँकेलाई प्रेषित पत्रको बोधार्थ पत्रमिसिल संलग्न रहेछ ।
- आयोगको क्षेत्रीय कार्यालय नेपालगन्जको ... मध्यपश्चिम पृतना मुख्यालाय वीरेन्द्रनगर सुर्खेत, जिल्ला प्रशासन कार्यालय बाँके र जिल्ला प्रहरी कार्यालय बाँकेलाई प्रतिक्रियाका लागि अनुसन्धान टोलीको निष्कर्ष पठाइएको पत्र पनि मिसिल संलग्न रहेछ ।
- जिल्ला प्रशासन कार्यालयको ... जिल्ला प्रहरीलाई पठाएको पत्रको बोधार्थ पत्र पनि मिसिल संलग्न रहेछ ।
- जिल्ला प्रहरी कार्यालय बाँकेका...पत्रमार्फत निजहरूलाई सुरक्षाकर्मीहरूद्वारा पक्राउ गरी बेपत्ता पारिएको भन्ने सम्बन्धमा यस कार्यालयको अभिलेखबाट नदेखिएको भन्ने ब्यहोरा उल्लेख

गरी आयोगलाई पठाएको पत्र मिसिल संलग्न रहेछ ।

- आयोगको क्षेत्रीय कार्यालयको ...पत्रमार्फत निजहरूको सम्बन्धमा जानकारी माग गरी गाउँ विकास समितिको कार्यालय कोहलपुर बाँकेलाई प्रेषित पत्र पनि मिसिल संलग्न रहेछ ।

- नेपाली सेनाको ... पत्रमार्फत जितबहादुर पुन र चन्द्रबहादुर विकलाई मिति २०५९/१/२९ गते इलाका प्रहरी कार्यालय कोहलपुरको प्रहरीहरूको टोलीले घरबाट पक्राउ गरी इलाका प्रहरी कार्यालय कोहलपुरमा थुनामा राखे पश्चात् बेपत्ता पारेको भन्ने तथ्य अनुसन्धान टोलीको प्रतिवेदनबाट खुल्न आएको भनि आयोगको पत्रबाट लेखि आएको हुँदा निज व्यक्तिहरूलाई पक्राउ गर्ने कार्यमा नेपाली सेनाको कुनै संलग्नता नरहेको प्रस्ट हुन आएकाले घटनामा संलग्न भएका भनिएका निकायहरूमा पत्राचार गरी जवाफ प्राप्त गर्न हुन अनुरोध भन्ने समेतको ब्यहोरा उल्लेख गरी पठाएको पत्र पनि मिसिल संलग्न रहेछ ।

- प्रस्तुत उजुरी निर्णयको लागि पेस गर्न भनी मिति २०६५/९/२२ गते उठाएको टिप्पणी मिसिल संलग्न रहेछ ।

- "जिल्ला बाँके कोहलपुर ४ मुसुरीखेत बस्ने जितबहादुर पुन र चन्द्रबहादुर वि.क.लाई मिति २०५९/१/२९ गते सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म बेपत्ता पारेकाले निजहरूको स्थिति सार्वजनिक गरी पाऊँ भनी मिति २०६२/९/१५ गते आयोगमा उजुरी दर्ता भई अनुसन्धान कार्य पूरा गरी निर्णयका लागि आयोगको मिति २०६९/२/२२ को बैठकमा पेस हुन आएको देखियो । यसमा आयोगको अनुसन्धानबाट जितबहादुर पुन र चन्द्रबहादुर वि.क.लाई मिति २०५९/१/२९ गते तत्कालीन इलाका प्रहरी कार्यालय कोहलपुरका इन्चार्ज प्रहरी निरीक्षक धर्मराज सुनार र गोविन्द थपलियासमेत रहेको प्रहरी टोलीले पक्राउ गरी इलाका प्रहरी कार्यालय कोहलपुरमा थुनामा राखी तत्पश्चात्

हालसम्म बेपत्ता पारेको देखियो । निजहरू जितबहादुर पुन र चन्द्रबहादुर विकको हालसम्म स्थिति अज्ञात देखिँदा निजहरूको हकमा अनुसन्धान जारी राख्नू । प्रमाण सङ्कलनको सन्दर्भमा तत्कालीन इलाका प्रहरी कार्यालय कोहलपुरका इन्चार्ज प्रहरी निरीक्षक धर्मराज सुनार र गोविन्द थपलियालाई बुझ्नुपर्ने भएकाले निजहरूको नाउँमा बन्द सवाल तयार गरी पत्र प्राप्त भएको मितिले १५ दिनभित्र सोको जवाफ निजहरूबाट लिई आयोगमा फिर्ता पठाईदिन बन्द सवाल नेपाल प्रहरी मानव अधिकार इकाइ पठाईदिनु । तोकिएको म्यादभित्र जवाफसहित बन्द सवाल फिर्ता आए वा अवधि नाघेपछि आवश्यक कारबाहीका लागि मिसिल पेस गर्नु" भनी मिति २०६९/२/२२ मा भएको आदेश मिसिल संलग्न रहेछ ।

- आयोगको ... को पत्रमार्फत प्रहरी नायव उपरीक्षक गोविन्द थपलियाले (तत्कालीन कार्यरत इप्रका कोहलपुर बाँके) निजको नाममा प्रेषित बन्द सवाल भरी हाल कार्यरत रहेको इलाका प्रहरी कार्यालय काँकडभिट्टा झापाबाट भरी पठाउन भन्ने ब्यहोरा उल्लेख गरी प्रधान कार्यालय मानव अधिकार सेल नक्साललाई पठाएको बन्द सवाल मिसिल संलग्न रहेछ ।

- प्रहरी प्रधान कार्यालयको ... को पत्रमार्फत सम्मानित आयोगको ... को पत्रमा उल्लेखित प्रहरी कर्मचारीहरूको नामको बन्द सवाल सम्बन्धमा प्र.नि. अभि के.सी. सशस्त्र प्रहरी बलमा स्थानान्तरण भई गएको र प्र.नि. धर्मराज थापा मिति २०६५/८/२८ मा अनिवार्य अवकाशमा गइसकेको हुँदा निजहरूको नामको बन्द सवाल सम्मानित आयोगमा फिर्ता पठाइएको र प्र.ना.उ. गोविन्द थपलियाको नामको बन्द सवाल निज हाल कार्यरत रहेको इप्रका काँकडभिट्टा, झापा पठाइएको भन्ने ब्यहोरा उल्लेख गरी आयोगमा पठाइएको पत्र मिसिल संलग्न रहेको ।

४. जितबहादुर पुन र चन्द्रबहादुर वि.क.को सम्बन्धमा स्थलगत अनुसन्धान भई मिति ...पेस गरिएको

प्रतिवेदनमा निम्न तथ्यहरू उल्लेख गरिएको रहेछ :-

- मिति २०५९/१/२९ गते दिउँसो १२ बजेको समयमा मैले ... ल्याएको कपडा पुऱ्याउन आएको बेला इलाका प्रहरी कार्यालय कोहलपुरबाट १२ जनाको सङ्ख्यामा हतियारसहित आएका प्रहरीहरूले घरभित्र पसेर सबैको मुखमा बन्दुक तेर्स्याई लात्तीले हिर्काएर बाहिर निकाली गाडीमा हाली आँखामा पट्टी बाँधी इलाका प्रहरी कार्यालय कोहलपुर पुऱ्याएर सोधपुछ गरेको थियो । धाराबाट नुहाएर आई घरमा वसेका जितबहादुर पुन र चन्द्रबहादुर वि.क.लाई पनि मसँग पक्राउ गरेको हो । मैले जितबहादुर पुन र चन्द्रबहादुर वि.क. कहाँ जानुभयो भनी सोध्दा तँलाई किन चाहियो भनी मलाई कुटपिट गरेको हो । मेरो बुबा ... आएर तीन दिनपछि मलाई छुटाएर ल्याउनु भएको हो । मसँगै पक्राउ परेका जितबहादुर पुन र चन्द्रबहादुर वि.क. हालसम्म पनि बेपत्ता छन् । हामीलाई पक्राउ गर्दा इलाका प्रहरी कार्यालय कोहलपुरमा धर्मराज सुनार र गोविन्द थपलिया इन्चार्ज थिए । निजहरूले नै जितबहादुर पुन र चन्द्रबहादुर वि.क.लाई बेपत्ता पारेका हुन् । हाम्रा गाउँका अन्य व्यक्तिहरू..., ..., .., ....,... समेतका व्यक्तिहरूलाई सुरक्षाकर्मीहरूबाट विभिन्न मितिमा पक्राउ गरी बेपत्ता पारेका हुन् । उनीहरू कहाँ कुन अवस्थामा छन् मलाई थाहा छैन भन्ने जितबहादुर पुन र चन्द्रबहादुर वि.क.सँग पक्राउ परी पछि रिहा भएका एक साक्षीको भनाइ रहेछ ।

- मेरो ... चन्द्रबहादुर वि.क.लाई मिति २०५९/१/२९ गते सोमबारका दिन इलाका प्रहरी कार्यालय कोहलपुरबाट १०/१२ जनाको सङ्ख्यामा जिपमा आएका प्रहरीहरूले गाउँमै रहेको धारामा नुहाउन गएको अवस्थामा पक्राउ गरेका हुन् । त्यसबेला म गोठालो गएको थिएँ । त्यस दिन दिउँसो १२ बजेको समयमा मेरो ... सहित जितबहादुर पुन र ... समेतलाई पक्राउ गरेको कुरा १ बजे मात्र

भन्यो । मेरो ... सँग पक्राउ परेका ...तीन दिनपछि मुक्त भएर आए भन्ने चन्द्रबहादुर वि.क. ... को भनाइ रहेछ ।

- मेरा छोराहरूमध्ये जितबहादुर पुन र हाम्रै गाउँका चन्द्रबहादुर वि.क.लाई मिति २०५९/१/२९ गते दिनको १२ बजेको समयमा नुहाउँदै गरेको अवस्थामा नेपाली सेनाका सुरक्षाकर्मीहरूले पक्राउ गरेको हो । अर्को ... जगवीर पुनलाई २०५५ साल फागुन मसान्तमा कोहलपुरबाट पक्राउ गरी हालसम्म बेपत्ता पारेको छ । यसरी पक्राउ गरी बेपत्ता पारेको हुँदा संलग्न सुरक्षाकर्मीलाई कानुनबमोजिम कडा कारबाही गरी पीडित परिवारलाई उचित क्षतिपूर्ति दिलाई पाऊँ भन्ने निज जितबहादुर पुनका ... को भनाइ रहेको ।

५. बाँके जिल्ला कोहलपुर गाविस वडा नं. ४ बस्ने जितबहादुर पुन र चन्द्रबहादुर वि.क. घर नजिकै रहेको धारामा नुहाउन गएको अवस्थामा मिति २०५९/१/२९ गते प्रहरीहरूले पक्राउ गरी लगेको र सोही समयमा ... लाई पनि पक्राउ गरी इलाका प्रहरी कार्यालय कोहलपुरमा लगिएको देखियो । पक्राउ परेका तीनजना व्यक्तिहरूमध्ये ... लाई तीन दिनपछि छोडिएको भन्ने देखियो । घटनाको सम्बन्धमा कुनै छानविन तथा अनुसन्धान प्रभावकारी रूपमा नगर्नाले पीडितहरूको मानव अधिकारको उल्लङ्घन भएको देखियो । जितबहादुर पुन र चन्द्रबहादुर वि.क.लाई हिरासतमा नै राखी बेपत्ता पारेको देखिन्छ । निजहरूलाई पक्राउ गरी बेपत्ता पार्ने कार्यमा संलग्न इलाका प्रहरी कार्यालय कोहलपुरका तत्कालीन प्रमुख, जिम्मेवार सुरक्षाकर्मीहरूको पहिचान गरी तत्काल कानुनबमोजिम कारबाही गर्न र राज्यको महत्वपूर्ण जिम्मेवारी वहन गर्ने दायित्व बोकेको निकायलाई भोलिका दिनहरूमा अझ जिम्मेवार बनाउनेतर्फ आवश्यक सम्पूर्ण व्यवस्था मिलाउने गरी आयोगबाट तत्काल लेखि पठाउन र बेपत्ता भएका व्यक्तिहरूका परिवारलाई १ लाख रूपैयाँ राहत स्वरूप अविलम्ब उपलब्ध गराई बेपत्ता भएको कारणले निरन्तर भोग्नुपरेको क्षति र असुविधालाई विचार गरी आर्थिक, शैक्षिक, रोजगारीलगायतको विभिन्न पक्षहरू विचार गरी उपयुक्त राहत कार्यक्रम तर्जुमा गरी लागू गर्न भनी २०६४/२/१८ गतेको

फैसलाबमोजिम नेपाल सरकारलाई सिफारिस गर्न तथा निज जितबहादुर पुन र चन्द्रबहादुर वि.क.को स्थिति सार्वजनिक गर्न नेपाल सरकार र सम्बन्धित निकायमा लेखी पठाउनुपर्ने भन्ने अनुसन्धान टोलीको निष्कर्ष तथा सुझाव रहेको देखिन्छ ।

६. प्रस्तुत घटनाका सम्बन्धमा प्राप्त तथ्य, घटनाका साक्षीहरूको भनाइ र अनुसन्धान टोलीको प्रतिवेदन समेतबाट बाँके जिल्ला कोहलपुर गाविस वडा नं. ४ का जितबहादुर पुन र चन्द्रबहादुर वि.क.लाई घरनिजकै रहेको धारामा नुहाउन भनी गएको अवस्थामा इलाका प्रहरी कार्यालय कोहलपुरबाट आएका प्रहरीहरूले पक्राउ गरी हिरासतमा लिएरबेपत्ता बनाएको पुष्टि हुन आयो ।

७. देशमा शान्ति सुव्यवस्था कायम गर्ने दायित्व सुरक्षा निकायकै हुने जाने कुरामा विमति रहँदैन । तर, सो दायित्व पूरा गर्नुका साथै कुनै पनि व्यक्तिको स्वतन्त्रता एवम् सुरक्षाको अधिकारको सम्मान गर्ने कुरामा समेत सुरक्षा निकाय सजग हुनुपर्नेमा आफ्नो नियन्त्रणमा रहेको व्यक्तिलाई कानुनी कारबाहीको प्रक्रियामा नलगी बेपत्ता बनाएको हुँदा उक्त घटनामा तत्कालीन प्रहरीहरूको दोष देखिएको छ । आयोगबाट भएको पत्राचारको जवाफमा जिल्ला प्रहरी कार्यालयबाट निजहरूलाई पक्राउ गरेको अभिलेखबाट देखिन नआएको भनिएकोमा जवाफ तथ्यपरक देखिएन ।

८. यस घटनामा प्रहरीहरूको प्रत्यक्ष संलग्नता रहेको हुँदा प्रहरी ऐन २०१२ को दफा १७(१) बमोजिम प्रहरीले व्यक्तिलाई बिना वारेन्ट पक्राउ गर्न सक्ने भए पनि यस घटनामा जितबहादुर पुन र चन्द्रबहादुर वि.क.लाई यस उपदफा बमोजिमको कार्यमा संलग्न भएका भनी स्वयं प्रहरीबाट पनि खुलाउन नसकेको अवस्था एकातिर देखिन्छ भने अर्कोतर्फ यसै उपदफाको खण्ड (छ) मा कुनै पनि व्यक्तिलाई उल्लेखित आशङ्कामा पक्राउ गरिएकै भए पनि त्यस्तो व्यक्तिलाई बाटाको मनासिब माफिकको म्यादबाहेक २४ घण्टाभित्र सकभर चाडै अदालतमा पेस गर्नुपर्नेमा त्यसको ठीक विपरीत नेपाल प्रहरीले निजहरूको अवस्थासमेत सार्वजनिक नगरी बेपत्ता बनाएको देखिँदा प्रहरीहरूबाट उक्त ऐनमा उल्लेखित उक्त दफाहरूको समेत उल्लङ्घन भएको देखिन आएको छ ।

९. सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १४(१) बमोजिम कुनै अपराधको

सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो अपराधमा संलग्न रहेको छ भन्ने शङ्का गर्नुपर्ने मनासिब कारण भएको व्यक्तिलाई पक्राउ गर्न सक्नेछ र त्यसरी पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गरिएको कारणसहितको सूचना नदिई थुनामा राख्न नमिल्ने भनिए विपरीत जितबहादुर पुन र चन्द्रबहादुर वि.क.लाई बेपत्ता पारेको देखिँदा प्रहरीहरूबाट निजहरूको मानव अधिकारको गम्भीर उल्लङ्घन हुन गएको देखिन्छ ।

१०. प्रस्तुत घटनामा नागरिक अधिकार ऐन २०१२ को दफा १२ ले कुनै पनि व्यक्तिको व्यक्तिगत ज्यान वा वैयक्तिक स्वतन्त्रता नहरिने, दफा १५ को उपदफा १ को खण्ड (ख) ले गिरफ्तार भएको व्यक्तिलाई गिरफ्तारीको कारणसहितको सूचना यथाशक्य चाँडो नदिई थुनामा नराखिने, त्यस्तो व्यक्तिलाई आफूले रोजेको कानुन व्यवसायी वा कानुनबमोजिम सल्लाह लिने र पुर्पक्ष गर्ने अधिकारबाट वञ्चित नगरिने, दफा १५(२) ले प्रचलित नेपाल कानुनले अन्यथा हुनेमा बाहेक गिरफ्तार गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई बाटोको म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थित हुन पाउने भन्ने नागरिक अधिकारको प्रहरीहरूबाट ठाडो रूपमा उल्लङ्घन गरिएको देखिन्छ । यस्तै तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ मा व्यवस्थित भएका मौलिक हकसमेतको नेपाल प्रहरीबाट उल्लङ्घन गरेको देखिन्छ ।

११. अन्तर्राष्ट्रिय कानुनमा परम्परागत रूपमा द्वन्द्वको समयमा मानिसहरूलाई बेपत्ता बनाउने कार्यलाई मानव अधिकारको उल्लङ्घनको रूपमा लिँदै आइरहेकोमा संयुक्त राष्ट्रसङ्घले बेपत्ता बनाउने कार्यलाई मानवताविरुद्धको अपराध मानी १८ डिसेम्बर १९९२ मा जबर्जस्ती बेपत्ताबाट सबै व्यक्तिलाई बचाउ गर्नेसम्बन्धी घोषणापत्रसमेत जारी गरेको छ । सो घोषणापत्रलाई संयुक्त राष्ट्रसङ्घीय महासभाले २० डिसेम्बर २००६ मा **जबर्जस्ती बेपत्ताबाट सबै व्यक्तिलाई बचाऊ गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिसमेत जारी गरेको पाइन्छ । यस महासन्धिको नेपाल पक्षराष्ट्र नभए पनि महासन्धि भित्र मानव अधिकारसम्बन्धी नेपाल पक्ष भएका अन्य महासन्धि तथा अनुबन्धहरूमा व्यवस्थित भएका अधिकांश**

**व्यवस्थाहरूलाई मूल प्रवाहका कानुनको पृष्ठपोषणको रूपमा समावेश गरिएको देखिन्छ । यस अर्थमा यस घटनामा प्रहरीबाट जबर्जस्ती बेपत्ताबाट सबै व्यक्तिलाई बचाउ गर्नेसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र, १९९२ को समेत उल्लङ्घन भएको देखिन्छ ।** प्रहरीहरूबाट नेपाल पक्ष भएका नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध, १९६६ को धाराहरू ६, ९ र १०, जेनेभा महासन्धिहरू सन् १९४९ को साझा धारा ३ मा उल्लेख भएको मानव अधिकारको आधारभूत दायित्वहरूसमेतको पालना नगरिएको देखिन आयो ।

१२. नेपालले हस्ताक्षर गरेका मानव अधिकारसम्बन्धी महासन्धिहरूको कार्यान्वयनसँग सम्बन्धित बन्दीप्रति गर्नुपर्ने व्यवहारका आधारभूत सिद्धान्त १९९० (Basic Principle for the Treatment of Prisoners, 1990), कानुन कार्यान्वयन गर्ने अधिकारीका लागि आचारसंहिता १९७९ (Code of conduct for Law Enforcement Officials, 1979), कानुन कार्यान्वयन गर्ने अधिकारीले गर्ने बल तथा गोलीगट्ठाको प्रयोगसम्बन्धी आधारभूत सिद्धान्त १९९० (Basic Principles on the use of force and firearms by law enforcement officials 1990) मा भएका व्यवस्थाहरूको समेत राज्यका निकायहरूबाट पालना हुन सकेको देखिएन । यसरी माथि उल्लेखित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूको अध्ययन र विश्लेषणबाट विपक्षीहरूबाट यस घटनामा मानव अधिकारको सम्मान, पालना, कानुनी प्रक्रिया र दायित्वसमेत पूरा गरेको देखिन आएन ।

१३. नेपालको तत्कालीन र हाल वहाल रहेका संविधान तथा अन्य प्रचलित कानुन र नेपाल पक्ष राष्ट्र भएका महासन्धि र अनुबन्धहरू समेतमा भएका व्यवस्थाहरू विपरीत विपक्षी महलमा नाम उल्लेख भएका निकाय र पदाधिकारीहरूले पीडितहरूलाई आफ्नो नियन्त्रणमा लिई बेपत्ता पार्ने कार्य गर्ने र निजहरूका परिवारलाई सोको जानकारीसमेत नगराउनुले मानव अधिकारको गम्भीर उल्लङ्घन मात्र नभई सो कार्य गम्भीर प्रकृतिको फौजदारी अपराधसमेत हुन गएको देखिन्छ । गैरकानुनी रूपमा आफ्नो नियन्त्रणमा लिएका व्यक्तिहरूलाई बेपत्ता पार्ने कार्यमा संलग्न व्यक्तिलाई सरकारले तत्काल अनुसन्धान गरी कानुनी कारबाहीको प्रक्रियामा

लैजानुपर्नेमा सो कार्य नगरी थप मानव अधिकारको उल्लङ्घन गरेको देखिएको छ । यसबाट सरकारले दण्डहीनतालाई समेत प्रश्रय दिएको देखिन आयो ।

१४. प्रस्तुत घटनामा **सरकारद्वारा नियन्त्रित र निर्देशित निकायहरूबाट सुनियोजित तरिकाबाट आफ्नो नियन्त्रणमा लिएको व्यक्तिलाई बेपत्ता पार्नुले मानव अधिकारको संरक्षण तथा संवर्द्धनमा प्रमुख भूमिका निर्वाहकर्ताका रूपमा रहेको सरकार र सरकार निर्देशित निकायहरूले नै मानव अधिकारको गम्भीर उल्लङ्घन गरेको पाइयो । यसबाट दोषी व्यक्ति र अधिकारीहरूउपर कारबाही नबढाउने कार्यले पीडितले न्याय नपाउने मात्र हैन देश सधैं मानव अधिकार उल्लङ्घन गर्ने पङ्क्तिमा रहिरहने कुरालाई समेत नकार्न सकिन्न । तसर्थ, सरकारबाट मानव अधिकारको संरक्षण र दण्डहीनताको अन्त्यका लागि व्यवहारतः प्रतिबद्धता कार्यान्वयनमा आउनुसमेत आवश्यक देखिन्छ ।**

१५. प्रहरीबाट पक्राउ गरी बेपत्ता भएका व्यक्तिहरूको पीडा एकातिर छ भने निजहरूको परिवारले समेत पीडा भोग्नुपर्ने देखिन्छ । यस अर्थमा राज्यका अङ्ग वा सरकारका निकायहरूबाट पुऱ्याइएको मानव अधिकार उल्लङ्घनका पीडाको क्षतिपूर्तिलाई कुनै पनि सीमामा निश्चित गर्नु सान्दर्भिक हुँदैन । आर्थिक रूपमा उपलब्ध गराइने क्षतिपूर्तिबाट कुनै पनि हालतमा जीवनको सुरक्षा र स्वतन्त्रताको अधिकार उल्लङ्घनलाई परिपूरण गर्न सकिँदैन ।

१६. **द्वन्द्वको अवधिमा मानव अधिकार र मानवीय कानुनको स्वभाविक रूपमा बढी उल्लङ्घन भएको हुन्छ । राज्यको प्रमुख सुरक्षा निकायको संलग्नता भएको घटनामा राज्यकै जिम्मेवार निकायबाट मानव अधिकार र मानवीय कानुनउल्लङ्घन भएको घटनालाई संवेदनशील रूपमा सम्बोधन गरिनुपर्दछ । यस्तो अवस्थाबाट सृजित परिस्थितिमा राज्यको विशेष दायित्व रहेको हुन्छ । नागरिकको स्वतन्त्र रूपमा बाँच्न पाउने र सम्मानजनक रूपमा बाँच्न पाउने अधिकार, स्वतन्त्र र सुरक्षित हुन पाउने अधिकारहरूको अपहरण भएको घटनाप्रति राज्य मौन भई बस्न मिल्दैन ।**

१७. यसमा निर्णयतर्फ विचार गर्दा, जिल्ला बाँके कोहलपुर ४ मुसुरीखेत बस्ने

जितबहादुर पुन र चन्द्रबहादुर वि.क.लाई मिति २०५९/१/२९ गते सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म बेपत्ता पारेकाले निजहरूको स्थिति सार्वजनिक गरी पाऊँ भनी मिति २०६२/९/१५ गते आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निजहरू जितबहादुर पुन र चन्द्रबहादुर वि.क.लाई मिति २०५९/१/२९ गते इलाका प्रहरी कार्यालय, कोहलपुरका इन्चार्ज प्रहरी निरीक्षक धर्मराज सुनार र गोविन्द थपलिया समेत रहेको प्रहरी टोलीले पक्राउ गरी इलाका प्रहरी कार्यालय, कोहलपुरमा थुनामा राखी तत्पश्चात् हालसम्म बेपत्ता पारेको देखियो । निजहरू जितबहादुर पुन र चन्द्रबहादुर वि.क.को हालसम्म स्थिति अज्ञात देखिँदा निजहरूको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ बमोजिम पीडितहरूका कानुनबमोजिमका हकवालाहरूलाई जनही रू. १ लाख अन्तरिम राहतस्वरूप रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

१८. प्रस्तुत उजुरीउपर भएको निर्णय कार्यान्वयनका लागि नेपाल सरकारलाई लेखी पठाउनू । निर्णयको जानकारी उजुरीकर्तालाई दिनू । उजुरी फाइलको लगत कट्टा गरी नियमानुसार उजुरी फाइल आयोगको अभिलेख शाखामा बुझाइदिनु ।

**निर्णय तयार गर्ने**

........................

मन्दिरा श्रेष्ठ

सहायक प्रथम

| ................ | ................ | ............... |
|---|---|---|
| सदस्य | सदस्य | अध्यक्ष |

इति संवत् २०६९ साल जेठ २२ गते रोज २ शुभम् ........................................

## राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

माननीय अध्यक्ष, श्री केदारनाथ उपाध्याय
माननीय सदस्य, श्री रामनगिना सिंह
मानीनीय सदस्य, श्री गौरी प्रधान
माननीय सदस्य श्री डा. के.वि.रोकाय

संवत् २०६४ सालको फाइल नं. २८० क्षे.का., पोखरा ।

विषय : हत्या ।

**सुरक्षाफौजद्वारा बल र बन्दुकको प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त ९, १३ र १४ अनुसार कानुनको पालना गराउने अधिकारीहरूले आत्मरक्षाका लागि वा मृत्यु वा गम्भीर चोटपटकको आसन्न खतराबाट अरूलाई प्रतिरक्षा गर्न जीवनप्रति ठूलो खतरा हुने गम्भीर अपराध हुन नदिन, यस्तो खतरा उत्पन्न गराउने तथा तिनको त्यस्तो अधिकारलाई प्रतिरोध गर्ने व्यक्तिहरूलाई पक्रन तथा भाग्न नदिन र यी उद्देश्यहरू प्राप्त गर्न अन्य कम कठोर उपायहरू अपर्याप्त भएको खण्डमा बाहेक अन्य अवस्थामा व्यक्तिहरूविरुद्ध अनावश्यक बल प्रयोग गर्न नहुने ।**

**- प्रकरण नं. ७**

**अदालतमा मुद्दा दायर भई अदालतबाट सैनिकको हेलचेक्र्याइँको कारण मृत्यु भएकाले आरोपित व्यक्तिलाई २ वर्ष कैद र रू. ५०० जरिवाना गर्ने गरी मिति २०६५/६/८ गते फैसला भएको मिसिल संलग्न कागजातबाट देखिँदा आयोगबाट त्यसतर्फ बोलिरहनु परेन । तर, मृतकको परिवारले क्षतिपूर्ति प्राप्त गर्न सकेको नदेखिँदा मृतकको कानुनबमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकममध्ये क्षतिपूर्ति बापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिस भए बमोजिमको क्षतिपूर्ति रकम उपलव्ध गराउनू ।**

**- प्रकरण नं. ९**

१. म्याग्दी जिल्लास्थित बज्रदल बटालियन ४ नं. सेन्ट्री पोस्टको १०० मिटरको दूरीमा डेरा गरी बस्ने सैनिक जवान ... र ... को संरक्षणमा रहेकी १२ वर्षीया कमला शाह धारामा हात धुँदै गर्दा मिति २०६४/३/९ गते बिहान अन्दाजी ९:४५ बजेको समयमा सोही ४ नं. सेन्ट्री पोस्टमा बसेका सेन्ट्री भीमबहादुर थापाले अचानक चलाएको गोली लागी घाइते

भएकी, त्यसपछि स्थानीय बासिन्दाको अनुरोधमा ... उपचारका लागि बज्रदल बटालियनका सेनाहरूले आधा घण्टापछि ब्यारेक हुँदै निजलाई ... म्याग्दी अस्पताल पु¥याएको, तर सो अस्पतालले मणिपाल अस्पताल, पोखरा लान भनेपछि निजलाई मणिपाल अस्पताल लगिएको, त्यहाँ पनि उपचार हुन नसकी थप उपचारका लागि हेलिकप्टरमा राखी काठमाडौँ लैजाने क्रममा मृत्यु भएको हुँदा घटनाको अनुसन्धान गरी दोषीलाई कारबाही गरी पाऊँ भनी ... यस आयोगमा उजुरी दर्ता भएको रहेछ । ... ।

२. प्रस्तुत उजुरीका सम्बन्धमा आयोगबाट देहायबमोजिम कारबाही गरिएको रहेछ :

- प्रकरण नं. १ मा उल्लेख गरिएको घटना सम्बन्धमा के कसो भएको हो ? उजुरवालाको दाबी बमोजिमको घटना भएको हो, होइन ? भएको भए सो घटनाको अनुसन्धानको सिलसिलामा तयार पारिएको घटनास्थल तथा लास प्रकृति मुचुल्का, शवपरीक्षण प्रतिवेदन, ... तथा प्रहरी प्रतिबेदनलगायतका कागजातहरू तथा घटनाको सम्बन्धमा तहाँ कार्यालयमा भएको सम्पूर्ण विवरण उपलब्ध गराइदिनुहुन भन्ने समेतको ब्यहोरा उल्लेख गरी आयोगको क्षेत्रीय कार्यालय पोखरा ... मार्फत नेपाली सेना, पश्चिम पृतना (हे.क्वा.), फूलबारी ब्यारेक, फूलबारी पोखरालाई पत्राचार गरी रक्षा मन्त्रालय, ... र नेपाली सेना, कार्यरथी विभाग (मानव अधिकार शाखा), जङ्गी अड्डा, काठमाडौँलाई बोधार्थ दिइएको पत्र मिसिल संलग्न रहेछ ।

- ... घटनाका सम्बनधमा के कसो भएको हो ? उजुरवालाको दावीबमोजिमको घटना भएको हो, होइन ? भएको भए सो घटनाको अनुसन्धानको सिलसिलामा तयार पारिएको घटनास्थल तथा लास प्रकृति मुचुल्का, शवपरीक्षण प्रतिवेदन, बरामदी मुचुल्का तथा प्रहरी प्रतिवेदनलगायतका कागजातहरू तथा घटनाको सम्बन्धमा तहाँ कार्यालयमा भएको सम्पूर्ण विवरण उपलब्ध गराइदिनुहुन भन्ने समेतको ब्यहोरा उल्लेख गरी आयोगको क्षेत्रीय कार्यालय पोखरा ... मार्फत जिल्ला प्रशासन कार्यालय,

म्याग्दीलाई पनि पत्राचार गरी गृह मन्त्रालय काठमाडौँ, पश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय पोखरा र जिल्ला प्रहरी कार्यालय म्याग्दीलाई पनि बोधार्थ दिइएको पत्रसमेत मिसिल संलग्न रहेछ ।

- जिल्ला प्रहरी कार्यालय म्याग्दीको ... को पत्रमार्फत ... को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी बाग्लुङ जिल्ला तग्राम गाविस वडा नं. ५ घर भई बज्रदल गण अर्थुङे ब्यारेक म्याग्दीका सैनिक जवान वर्ष २१ का भीमबहादुर थापा भएको ज्यान मुद्दामा अनुसन्धान तथा तहकिकातको कार्य पूरा गरी जिल्ला अदालत म्याग्दीमा मुद्दा पेस गरिएकोमा मिति २०६४/४/२१ गतेको जिल्ला अदालतको आदेशानुसार प्रतिवादी भीमबहादुर थापालाई पुर्पक्षको लागि कारागार शाखा म्याग्दी वेनीमा थुनामा राख्न पठाइएको र माग भई आए बमोजिमका कागजातहरूको प्रतिलिपि यसै पत्रसाथ संलग्न राखी पठाइएको भन्ने ब्यहोरा उल्लेख गरी लासजाँच मुचुल्का, वरामदी मुचुल्कालगायतका कागजातहरूको छायाप्रति आयोगको क्षेत्रीय कार्यालय पोखरालाई उपलब्ध गराइएको रहेछ ।

- आयोगको ... को पत्रमार्फत निज कमला शाहको सम्बन्धमा अनुसन्धान गर्दै जाँदा मृतक कमला शाह जिल्ला बर्दिया बेलवा गाविस ७ ... बस्ने ... की छोरी भएकी र सो घटना सम्बन्धमा प्रहरीबाट अनुसन्धान गरी मुद्दा अदालतमा पुगी फैसला हुँदा जिल्ला अदालतबाट सैनिक जवानको हेलचेक्र्याइँ ठहराई २ वर्ष कैद र ५००।– रूपैंया जरिवाना गरेको र सो फैसलालाई पुनरावेदन अदालतले समेत सदर गरी अन्तिम भएको पाइएकाले गोली चलाउने सैनिक जवानलाई कैद र जरिवाना भए तापनि पीडित परिवारलाई क्षतिपूर्ति भए नभएको सम्बन्धमा जानकारी पाउन नसकिएको हुँदा उक्त घटना सम्बन्धमा पीडित परिवारसँग भेट गरी पीडित परिवारको हालको अवस्था, क्षतिपूर्ति भए नभएको के कसो हो सविस्तार जानकारी त्यसै कार्यालयमार्फत बुझी यस

कार्यालयलाई यथाशीघ्र पठाई सहयोग गरिदिनुहुन भन्ने समेतको ब्यहोरा उल्लेख गरी राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगन्जलाई प्रेषित पत्र मिसिल संलग्न रहेछ ।

- ... ।

३. सम्पूर्ण मिसिल अध्ययन गरी हेर्दा घटनाको कामकारबाही अदालतमा पुगी पीडकलाई कारबाही भई पीडित परिवारले न्यायसमेत पाएको देखिएकाले उक्त उजुरीउपर कारबाही प्रक्रिया अगाडि वढाइरहनु नपर्ने देखिएकाले यस उजुरीलाई टुङ्ग्याउन मनासिव देखिएकाले राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० बमोजिम उजुरी टुंग्याउने मिति २०७०/१/२४ गते उठाइएको टिप्पणीमा सैनिक जवान भीमबहादुर थापालाई सैनिक जवानको हेलचेक्र्याइँ ठहऱ्याई म्याग्दी जिल्ला अदालतबाट निर्णय भइएको फैसला पुनरावेदन अदालत बाग्लुङबाट सदर भइसकेको देखिँदा प्रस्तुत उजुरीमा दोहोरो कारबाही गर्न मनासिव नदेखिँदा र पीडित यस क्षेत्रको नदेखिँदा क्षतिपूर्ति पाए नपाएको सम्बन्धमा उजुरकर्ता (Asian Human Rights Commission) बाट कुनै जानकारी प्राप्त हुन नआएकाले पीडित स्वयंको उजुरी परेमा पछि विचार हुने गरी हाल प्रस्तुत उजुरी टुंग्याइदिन मनासिव देखिन्छ भन्ने ब्यहोरा उल्लेख गरी ...पेस भएको टिप्पणी मिसिल संलग्न रहेछ ।

४. मिति २०६८/११/१३ गतेदेखि १९ गतेसम्म पर्वत र म्याग्दी जिल्लामा अनुसन्धानको लागि गएको वखत म्याग्दी जिल्ला अदालतमा रहेको अभिलेखबाट निम्न तथ्यहरू प्राप्त हुन आएको :

- मिति २०६४/३/१० गते सैनिक जवान भीमबहादुर थापाले चलाएको गोली लागी निज कमला शाहको मृत्यु भएकाले निज सैनिक जवानलाई कर्तव्य ज्यान मुद्दामा कारबाही गर्न जाहेरी परेपछि घटनाको अनुसन्धान भई अदालतबाट निर्णयसमेत भैसकेको ।
- म्याग्दी जिल्ला अदालतबाट सो घटनामा सैनिकको हेल्चेक्र्याइँको कारण बन्दुक पड्किएर निज कमला शाहको मृत्यु भएकाले मु.ऐ. ज्यानसम्बन्धीको ६ नं. बमोजिम (भवितव्यमा) २ वर्ष

कैद र ५०० रूपैंया जरिवाना गर्ने मिति २०६५/६/८ मा फैसला भएको ।

- जिल्ला अदालतको फैसलाउपर पुनरावेदन परेपछि मिति २०६६/२/११ मा पुनरावेदन अदालत वाग्लुङले जिल्ला अदालतकै फैसला सदर गरेको ।

५. प्रस्तुत घटनाका सम्बन्धमा जिल्ला प्रहरी कार्यालय म्याग्दीले मिति २०६४/४/२१, च.नं. २३३ मार्फत पठाएको पत्र, अनुसन्धान टोलीबाट प्राप्त तथ्य तथा अदालतको फैसलासमेतका प्राप्त तथ्यहरूबाट म्याग्दी जिल्ला बज्रदल बटालिएन ४ नं. सेन्ट्री पोस्टमा सेन्ट्रीमा वसेका सैनिक भीमबहादुर थापाले चलाएको गोली लागि बर्दिया जिल्ला बेलवा गाविस वडा नं. ७ स्थायी घर भई बज्रदल वटालिएन ४ नं. सेन्ट्री पोस्टको १०० मिटरको दूरीमा डेरा गरी बसेका सैनिक जवान ... र ... को संरक्षणमा रहेकी १२ वर्षीया कमला शाहलाई गोली लागी निजको मृत्यु भएको तथ्य पुष्टि हुन आयो ।

६. मृतक कमला शाहका ... ले दिएको जाहेरीको सम्बन्धमा अनुसन्धान पश्चात् अदालतमा चलेको मुद्दा जिल्ला अदालतबाट सैनिक जवानको हेलचेक्र्याइँ ठहराई २ वर्ष कैद र रू. ५०० जरिवाना गरेको र सो फैसालालाई पुनरावेदन अदालतले समेत सदर गरी निज सैनिक जवान भीमबहादुर थापालाई पुर्पक्षका लागि कारागारमा पठाइएको देखिएबाट निज सैनिक जवानको हेलचेक्र्याइँकै कारण धारामा हात धुँदै गरेकी १२ वर्षीया बालिका कमला शाहको मृत्यु भएको देखिन्छ । सो सम्बन्धमा गोली प्रहार गर्ने सैनिक जवानलाई कारबाही तथा जरिवाना गरिएको भए तापनि सो घटनामा मृत्यु भएकी १२ वर्षीया बालिका कमला शाहको परिवारलाई क्षतिपूर्ति सम्बन्धमा सम्मानित अदालतबाट समेत कुनै निर्णय भएको देखिएन ।

७. **सुरक्षाफौजद्वारा बल र बन्दुकको प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त ९, १३ र १४ अनुसार कानुनको पालना गराउने अधिकारीहरूले आत्मरक्षाका लागि वा मृत्यु वा गम्भीर चोटपटकको आसन्न खतराबाट अरूलाई प्रतिरक्षा गर्न जीवनप्रति ठूलो खतरा हुने गम्भीर अपराध हुन नदिन, यस्तो खतरा उत्पन्न गराउने तथा तिनको त्यस्तो अधिकारलाई प्रतिरोध गर्ने**

**व्यक्तिहरूलाई पक्रन तथा भाग्न नदिन र यी उद्देश्यहरू प्राप्त गर्न अन्य कम कठोर उपायहरू अपर्याप्त भएको खण्डमा बाहेक अन्य अवस्थामा व्यक्तिहरूविरुद्ध अनावश्यक बल प्रयोग गर्न नहुने ।** बल प्रयोग गर्नैपर्ने अवस्था भएमा न्यूनतम बल प्रयोग गर्नुपर्ने समेत ती सिद्धान्तहरूले निर्देशित गरेका छन् । तथापि, यस घटनामा उल्लेखित अवस्था सिर्जना नभएकै अवस्थामा बल प्रयोग भएको र सोही कारणबाट धारामा हात धुँदै गरेकी बालिकाको मृत्यु हुन गएको देखियो ।

८. राज्यको सुरक्षा निकायका जिम्मेवार सुरक्षाकर्मीबाट भएको सो कार्य मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ मा व्यवस्था गरिएको जीवन स्वतन्त्रता र सुरक्षाको अधिकारको विपरीत भएको देखिन्छ । यस घटनामा नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अनुबन्ध १९६६ को धारा ६ ले प्रत्येक व्यक्तिको जीवनको अन्तर्निहित अधिकार हुने र कानुनद्वारा यस्तो अधिकारको रक्षा गरिने तथा स्वेच्छाचारी किसिमले कसैको पनि जीवन हरण नगरिने भन्ने व्यवस्थाको समेत उल्लङ्घन भएको देखियो ।

९. यसमा निर्णयतर्फ विचार गर्दा, मिति २०६३/३/१० गते म्याग्दी जिल्लास्थित बज्रदल बटालिएन चार नं. सेन्ट्रिमा बसेको भीमबहादुर थापाले गोली चलाउँदा सो स्थानभन्दा १०० मि. टाढा धारामा हात धुँदै गरेकी जिल्ला बर्दिया बेलवा गाविस ७ की ... वर्ष १२ की कमला शाहलाई गोली लागी मृत्यु भएकाले घटनाको अनुसन्धान गरी पाऊँ भनी मिति २०६४/४/१३ गते यस आयोगमा निवेदन दर्ता हुन आएको देखियो । यसमा म्याग्दी जिल्ला **अदालतमा मुद्दा दायर भई अदालतबाट सैनिकको हेलचेक्र्याइँबाट निज कमला शाहको मृत्यु भएकालेआरोपित व्यक्तिलाई २ वर्ष कैद र रू. ५०० जरिवाना गर्ने गरी मिति २०६५/६/८ गते फैसला भएको मिसिल संलग्न कागजातबाट देखिँदा आयोगबाट त्यसतर्फ बोलिरहनु परेन । तर, मृतकको परिवारले क्षतिपूर्ति प्राप्त गर्न सकेको नदेखिँदा मृतकको कानुनबमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकममध्ये क्षतिपूर्तिबापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए**

**सिफारिस भए बमोजिमको क्षतिपूर्ति रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने** निर्णय भयो ।

१०. प्रस्तुत उजुरीउपर भएको निर्णय कार्यान्वयनका लागि नेपाल सरकारलाई लेखी पठाउनू । निर्णयको जानकारी उजुरीकर्तालाई दिनू । उजुरी फाइलको लगत कट्टा गरी नियमानुसार उजुरी फाइल आयोगको अभिलेख शाखामा बुझाइदिनु ।

................
मन्दिरा श्रेष्ठ
सहायक प्रथम

| | | |
|---|---|---|
| ................ | ................ | .............. |
| सदस्य | सदस्य | सदस्य |

| | |
|---|---|
| ................ | .............. |
| सदस्य | अध्यक्ष |

इति संवत् २०७० साल असार ३० गते रोज १ शुभम् ..................................

## राष्ट्रिय मानव अधिकार आयोगको ठहर

सम्माननीय अध्यक्ष श्री नयनबहादुर खत्री
माननीय सदस्य श्री सुशिला सिंह शिलु
माननीय सदस्य श्री सुदिप पाठक
माननीय सदस्य श्री गोकुल पोखरेल
माननीय सदस्य श्री डा. रामदयाल राकेश

**संवत् २०६२ साल**

**विषयः हत्या ।**

**विनास्वीकृति घरमा कोही नभएको बेला घरधनीलाई जानकारीसमेत नदिई, गोली भरेको (लोड गरेको) बन्दुक लापरबाहीपूर्वक जथाभावी राखिदिएको र सो बन्दुक पड्किन गई निज पद्मा सुवेदीको मृत्यु भएको हुँदा नेकपा (माओवादी) का कार्यकर्ताबाट अन्तर्राष्ट्रिय कानुनद्वारा स्थापित सिद्धान्त तथा जेनेभा महासन्धिको साझा धारा ३ समेतको बर्खिलाप हुने गरी गैरजिम्मेवार एवम् ज्यादतीपूर्ण कार्य गरेको पाइयो ।**

**- प्रकरण नं. १०**

१. गुल्मी जिल्लाको बिसुखर्कको चौतारामा मिति २०६२/७/१२ गते नेकपा (माओवादी) द्वारा गराइएको विष्फोटनमा परी एक महिलाको मृत्यु भएको र अन्य दुईजना व्यक्तिहरू घाइते भएको भन्ने समाचार विभिन्न पत्र पत्रिकाहरूमा प्रकाशित भएको र सो घटनाको सम्बन्धमा हालसम्म यस कार्यालयमा उजुरीसमेत नपरेको हुँदा घटनाको गाम्भीर्यलाई हेरी मानव अधिकार आयोग ऐन, २०५३ को दफा ९(२)(क) वमोजिम आयोगको स्वविवेकमा उजुरी ग्रहण गरी अनुसन्धान र छानविन गरिएको रहेछ ।

२. प्रस्तुत घटनाका सम्बन्धमा आयोगबाट थप अनुसन्धान गर्दा विस्फोटनमा परी मृत्यु हुने साधारण मजदूरी गरी खाने सर्वसाधारण महिला रहेकी, मृतक महिला स्थानीय ... को मेलामा गएको र घर फर्कने क्रममा रहेकोमा निज ... को घरको पिँढीमा माओवादीले विना कुनै सूचना राखेको बन्दुक पड्कन जाँदा देब्रे कम्मरमा लागी निजको घटनास्थलमा नै मृत्यु भएको भन्ने आयोगको अनुसन्धान टोलीको निष्कर्ष रहेछ ।

३. मिति २०६२/७/१२ गते ऐ. गाविस वडा नं. ६ भुङदीमा रहेको करिब आधा घण्टा टाढाको मेरो खेतमा धान

झाँट्ने र स्याहार गर्ने कार्य भएकाले बिहानदेखि नै मेरो परिवार सबै र पद्मा सुवेदी, ... सहितका ७, ८ जना लिई सो काम गरी बोरामा धान प्याक गरी ... र पद्माले घरमा ओसार्ने काम गरिरहेका थिए । त्यसदिन म, मेरो परिवार र खेताला मिलेर ... खेतमा धान झाँटेर सकेपछि धान बोरामा हाली पद्मा र ... ले बोकी मेरो घरमा लगेर राख्ने काम गर्दा पहिलो खेप धान लिई आएकोमा ... ले मेरो दक्षिण फर्केको घरको पूर्वपट्टिको पिँढीमा वसी काखे बालकलाई दूध ख्वाइरहेकी र पद्मा निजकै पिँढीमा नै बसिरहेकीमा घरको पश्चिमपट्टिको पिँढीमा भित्तामा ठड्याएको बन्दुक पल्टिई कम्मरभन्दा मुनिको भागमा पछाडिबाट गोली लागि अगाडिपट्टि आन्द्राभुँडी, मासु निस्किई मृत्यु भएको भन्ने सुनेको हुँ । उनी कसरी त्यस्तो घटनामा परिन् मैले देखिनँ । म लगभग ६:३० बजे घरमा आउँदा मानिसहरूको भिड थियो । लास आँगनामा थियो । त्यहाँ केही माओवादी कार्यकर्ताहरू पनि थिए । त्यस्तो घटना देखेपछि मेरो होस ठेगानमा थिएन । यो गाउँमा माओवादी कार्यकर्ता आउने, जाने, बस्ने गर्दछन् । हामी घरका कोही पनि मानिस घरमा नभएको मौकामा घरको मूल ढोकामा ताल मारेको अवस्थामा माओवादी कार्यकर्ताले सो बन्दुक बाहिर आँगनमा राखेको हुनुपर्छ । मैले बन्दुक देखेको होइन । माओवादी कार्यकर्ताहरूले हाम्रो गल्ती भयो भनेर भनेका छन् भन्ने सुनेको हुँ । यस सम्बन्धमा कहीँकतै उजुरबाजुर गरिएको छैन । अर्को दिन लासको दाहसंस्कार गरिएको हो । मृतकका परिवारलाई कहीँकतैबाट पनि कुनै किसिमको क्षतिपूर्ति तथा राहत दिइएको छैन । मृतकको एउटा माटोको भित्ता भएको घर र एक हल मेलोको बारी मात्र छ । २ छोरा र एक छोरी छन् । जेठो छोरा वर्ष १६ को छ, अर्को छोरा वर्ष १२ को छ । छोरी अ. वर्ष १० कि छिन् । तसर्थ ती वच्चाहरूलाई पढाइ खर्च, क्षतिपूर्ति र राहत दिलाई दिन आयोगले पहल गर्नुपर्दछ भन्ने समेत ब्यहोराको मिति ०६२/७/२७ गते ... ले गरेको लिखित ...बयानमिसिल संलग्न रहेछ ।

४. मिति २०६२/७/१२ गतेका दिन बिहानको खाना खाइसकेपछि म मेरै छिमेकी एवम् ससुरा नाता पर्ने बिसुखर्क–८, भन्ज्याङकै ... को बिसुखर्क, ६ भुङदीमा धानको विटा वोक्न गएको थिएँ । उक्त मेलामा मेरो

... पर्ने पद्मा सुवेदी पनि जानु भएको थियो । उक्त दिन करिब साढे चार बजेतिर थैलामा धान राखेर म र पद्मा सुवेदी आयौं र धानको थैला पिँढीमा बिसायौँ । मचाहिँ दक्षिणतिर फर्केर खुट्टा बलेसीमा झारी मेरो २ वर्षको छोरालाई दूध चुसाउँदै थिएँ । सासू पद्माले घर जाने हैन जाऊँ भन्दै थैलाबाट नाम्लो तान्दै हुनुहुन्थ्यो । त्यसैबखतमा ड्याम्म पड्केको आवाज आयो । म आत्तिएर छोरालाई च्याप्दै अगाडितिर निहुरी परेँ । त्यसपछि पछाडि फर्किएर हेर्दा ... पद्मा भुँइमा घोप्टो परेर ढल्नुभएको थियो । पश्चिमपट्टि पिँढीमा माओवादीले उभ्याई राखेको काठको समाउने भाग भएको बन्दुक भुइँमा पल्टिराखेको थियो । त्यही बन्दुक अकस्मात् पल्टेर पड्केर उहाँलाई गोली लागेको हुनुपर्छ । त्यसपछि म अत्तालिएर रुन कराउन लागेँ । मान्छेहरू जम्मा हुन थाले । म भने पद्माको शरीरबाट रगत बगेको अवस्था देखेर बेहोस वन्न पुगेछु । त्यस्तै करिब आधा घण्टापछि होसमा आउँदा उहाँको मृत्यु भैसकेको रहेछ । बन्दुक पड्कँदा आएको गन्धले हो वा केले हो मेरो अनुहारको दाहिने भागमा अलिकति पोलेको जस्तो लाग्यो र दुई दिनसम्म त्यो भाग अलिकति सुन्निएको थियो । उहाँको लासलाई भोलिपल्ट नियमअनुसार सदगत गरे भन्ने समेत ब्यहोराको मिति २०६२/७/२७ को ... ले गरेको बयान मिसिल संलग्न रहेकोछ ।

५. मिति २०६२/७/१२ गतेका दिन म आफ्नै पसलमा थिँए । मेरो पसल र ... को घर अन्दाजी ... मिटरको दूरीमा पर्दछ । लगभग ५:०० बजेतिर म आफ्नै पसलमा बसिरहेको अवस्थामा बन्दुक पड्केको आवाज आयो । त्यसपछि मेरो पसल वरपर कहाँ के भयो भनी हल्लाखल्ला भयो र बन्दुकको आवाज आएतिर अरू मान्छेहरू गएको देखी म पनि पसल बन्द गरी ... को घरतर्फ लागेँ । त्यहाँ जाँदा डिब्रुङ गाविस सराङ गाउँतिरका मैले नचिनेको अरू मानिसहरू पनि आइसकेका थिए । मैले दक्षिण फर्केको घरको पूर्वपट्टिको पिँढीमा घोप्टो परेको अवस्थामा पद्मालाई देखेँ । हात हल्लाइ रहनु भएको थियो । रगत थुप्रै बगेको थियो । मानिसहरू रुने कराउने गर्दै थिए । त्यसैबखत सोही घरको पश्चिमपट्टिको पिँढीमा गई हेर्दा सिकारीले लिने जस्तो बन्दुक भुइँमा ढली, पछाडिको समात्ने काठको भाग चर्केको जस्तो अवस्थामा देखेपछि मृतकसँग सँगै रहेकी ... लाई सोध्दा त्यो बन्दुक ठाडो गरी राखेकामा ढलेर

गोली चली सोही गोली लागको भन्ने सुनेको हुँ । मृतकलाई अलिअलि हातले वोलाइरहेको अवस्थामा देखेपछि अन्य भागमा गोली लागेको भए प्राथमिक उपचार गराउन लैजान भ्याइन्छ कि भनी म स्टेचर बनाउन भनी काठ र कपडा लिन गई लिई आउँदा मृत्यु भैसकेको थियो । त्यो बन्दुक हाम्रो हो भनी पछि नेकपा (माओवादी) का कार्यकर्ताआई लिएर गए भन्ने सुनेको हो । ती मानिसहरू त्यसैदिन वेलुकापख गाउँमा आएको भन्ने सुनेको हुँ । २०६२/७/१३ गते मृतकको दाहसँस्कार गरेको हो । घटनास्थल प्रकृति मुचुल्का लासजाँच मुचुल्का केही बनाइएको छैन । लासको फोटो पनि खिचिएको छैन । मृतकको काजक्रिया वर्ष १६ पुगेको ... छोरोले गरेको हो । मृतकका श्रीमान् भारत दिल्लीमा काम गर्दथे । पाँच दिनका दिन घर आइपुगेका थिए । मैले थाहा पाएसम्म यस सम्बन्धमा कही कतै उजुरवाजुर गरिएको छैन र क्षतिपूर्ति पाएको पनि छैन भन्ने समेत ब्यहोराको मिति ०६२/७/२७ गते ... ले गरेको बयान कागज मिसिल संलग्न रहेछ ।

६. मिति २०६२/७/१२ गते गुल्मी जिल्ला बिसुखर्क गाविस वडा नं. ८ भन्ज्याङ घर भएकी वर्ष ३७ कि पद्मा सुवेदी र सोही स्थानकी अन्दाजी वर्ष... सोही स्थानका ... को बिसुखर्क गाविस वडा नं. ६ मा अवस्थित भुङदी फाँटमा धानको विटा बोक्न मेलामा आएका थिए । धानको विटा झाँटेर थैलामा धान राखी निज ... को घरमा धान ल्याएर राख्ने क्रममा करिब साँझको ५ बजेतिर गोली पड्केको आवाज आयो । गोली पड्केको आवाज आएतिर हामीहरू दगुर्दै आउँदा निज ... को दक्षिणतर्फ फर्केको घरमा पिँढीको पूर्वपट्टिको भागमा घोप्टो परेको अवस्थामा गोली लागी आन्द्रा भुँडीसमेत वाहिर निस्केको अवस्थामा पदमा सुवेदी हात हल्लाउँदै थिइन् । सँगै मेलामा गएकी र उक्त घटना घट्दा पनि सँगै रहेकी ... ले बताए अनुसार पिँढीको पश्चिमतिर भित्तामा आड लगाएर नाम खुल्न नसकेको काठको कुन्दा भएको बन्दुक उभ्याइराखेको थियो । उनीहरू दुवैजनाले धानको थैला अड्याएर राखेको र त्यसपछि पिँढीको डिलमा वसी ... ले ... आफ्नो छोरालाई दूध चुसाउन लागेकी र पद्माचाँहि चप्पल लगाउन लागेकी थिइन् । त्यसै बखत घरमा पूर्वतर्फ भित्तामा ठड्याइराखेको बन्दुक अकस्मात् भुइँमा लड्न गई त्यसबाट

निस्केको गोली पद्‌मा सुवेदीलाई लाग्न पुग्यो र उनी त्यहीँ तत्कालै घोप्टो परेर ढलेकी हुन् । त्यसको १०-१५ मिनेटमै उनको त्यहीँ मृत्यु भयो । त्यही रात करिब १० बजेतिर माओवादीका चारजना कार्यकर्ताहरू आई हाम्रो असावधानीले घटना घटेको भन्दै घटनास्थलबाट उक्त बन्दुक उठाई लिएर गए । उनीहरूले उठाउनुभन्दा अगाडि बन्दुक पिँढीमा नै लडिरहेको अवस्थामा थियो र समाउने काठको भाग चाँहि चर्केको देखिन्थ्यो । त्यसको भोलिपल्ट चलनचल्ती अनुसार मृतकको दाहसंस्कार गरेको हो भन्ने समेत ब्यहोराको मिति ०६२/७/२७ गतेको सर्जमिन मुचुल्का मिसिल संलग्न रहेछ ।

७. बिसुखर्क गाविस वडा नं. ८ भन्ज्याङ भन्ने स्थानमा २०६२/७/१२ गते शान्तिपुर गाविस का गाउँ जनसरकार प्रमुख बाग्लुङ झरना, १ घर भएका रघु नेपाली (ज्वाला) ले बन्दुकसमेत बोकेको शान्तिपुर गाविसका स्थानीय कार्यकर्ता कृष्णबहादुर थापा र एक जना झोला वोक्ने केटीसमेत पुगी स्थानीयवासी कमल सुवेदीको घरमा वस्नुको साथै घर नजिकको चौरमा आसपासका युवा-युवतीहरूसमेत बोलाई परेड खेलाएका, ४ दिनसम्म परेड खेलाउँछौँ भनेका साथै निज ज्वालाले आफूले लिएको सटगन सफा गर्ने, लोड गर्ने गरिरहेका, सो समयमा झरनाले बन्दुक लोड नगर समेत भनेकोमा लोड गर्नुपर्छ भनी जवाफ दिएका, उक्त दिन ... को धान भित्र्याउने क्रममा उक्त वडा कै ३७ बर्षीया पद्‌मा सुवेदी पनि गएकी, निजले साँझमा धान बोकी ... को घरमा ल्याई भारी विसाई नाम्लो झिक्न लाग्दा अचानक बन्दुक पड्कन गई देब्रे कम्मरमा लागी केही बेरपश्चात् निजको मृत्यु भएको, सो समयमा माथि उल्लेखित माओवादीहरू झोला लिई साँझसम्म बस्न आउँछौं भनी केही पर गएका, घटनापश्चात् झरना र कृष्णबहादुर थापाले मृतकको प्राथमिक उपचारसमेत गरेको, ज्वाला र अर्की युवती त्यहाँबाट भागेको समेत बुझिएको । सो घटनामा माओवादीहरूले बन्दुक ढलेर पड्केको हो भन्ने गरेका छन् भने जनताहरूले गोली पड्काएको हो, ढलेको भए खुट्टा वा अन्य भागमा लाग्ने थियो भन्ने गरेको बुझिन आएको ब्यहोरा अनुरोध छ भन्ने समेत ब्यहोराको जिल्ला प्रशासन कार्यालय, गुल्मीको मिति ०६२/८/२ गतेको पत्र रहेछ ।

८. घरमा कोही नभएको मौका पारी सोही समयमा नेकपा (माओवादी) का कार्यकर्ताहरूले ... को घरको पिँढीमा ल्याई लोड बन्दुक बेवारिसे अवस्थामा छोडिगएका र धान बोकी आएका पद्मा र ... मध्ये सो बन्दुक ढली पद्मा सुवेदीलाई लागी तत्काल घटनास्थलमा नै मृत्यु भएको पाइयो भन्ने समेत ब्यहोराको आयोगको अनुसन्धान टोलीको मिति ०६२/८/६ को अनुसन्धान प्रतिवेदन रहेछ ।

९. आयोगको टोली घटनास्थलमा गई अनुसन्धान गर्दा ... को घरमा धान भित्र्याउने दिन भएकाले घरमा ताला मारी सपरिवार खेतमा गएको बखतमा नेकपा (माओवादी) का कार्यकर्ताले बन्दुक ल्याई ... को घरको बाहिर पिँढीमा ठाडो पारी राखिगएका, ... को खेताला गएकी पद्मा सुवेदी र ... ले अन्दाजी ५:०० बजेतिर खेतबाट धान लिई आई ... को घरको पिँढीमा धानको बोरा विसाई बसेका, ... ले आफ्नो ... छोरालाई पिँढीमा बसी दूध खुवाएकी र सोही अवस्थामा आफ्नो घर जान भनी तयार भएकी पद्मा सुवेदीलाई अचानक ठाडो राखेको बन्दुक पल्टन गई पड्की लागी... देब्रे कम्मरमा लागी घटनास्थलमा नै मृत्यु भएको तथ्य फेला परेकोमा नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२, नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा ६ ले मानिसको अविच्छिन्न अधिकारको रूपमा जीवनको अधिकारको प्रत्याभूत गरेको अवस्था छ । यसैगरी आन्तरिक द्वन्द्वमा आकर्षित हुने जेनेभा महासन्धिको साझा धारा ३ ले गैरसैनिक नागरिकहरूको माथिको क्षति तथा नोक्सानीलाई निषेध गरेको छ । यस्तो अवस्थामा गोली लोड गरेको बन्दुकलाई लापरवाही गरी घरमा कोही नभएको अवस्थामा घरधनीको स्वीकृति नलिई सर्वसाधारण नागरिकको घरमा ल्याई ठाडो पारी राखी छोडिएको हुनाले सो बन्दुक पड्कन गई घटना घटी पद्मा सुवेदीको मृत्यु भएको हुनाले त्यस्तो लापरवाहीपूर्ण कार्य गर्ने नेकपा (माओवादी) पार्टी र त्यस्तो कार्य गर्ने व्यक्तिले राष्ट्रिय कानुन, अन्तराष्ट्रिय मानवीय कानुन तथा मानव अधिकार कानुनको ज्यादती गरेको पाइयो ।

१०. अतः गुल्मी जिल्ला बिसुखर्कको चौतारामा नेकपा (माओवादी) द्वारा गराइएको विष्फोटनमा परी एक महिलाको मृत्यु भएको र अन्य

दुईजना घाइते भएको भन्ने समाचार पत्रपत्रिकामा प्रकाशित भएपछि मानव अधिकार आयोग ऐन २०५३ को दफा ९(२)(क) बमोजिम आयोगको स्वविवेकमा अनुसन्धान तथा छानविन गरिएको यस घटनामा गुल्मी जिल्ला विसुखर्क गाविस वडा नं. ६ का ... को घरमा मिति २०६२/७/१२ गते निजको भुङ्गदी भन्ने ठाउँमा रहेको खेतमा धान झाँट्ने र स्याहार गर्ने काम भएकाले घरमा ताला मारी सपरिवार खेतमा गएको बखतमा नेकपा (माओवादी) का कार्यकर्ताले बन्दुक ल्याई ... को घरको बाहिर पिँढीमा ठाडो पारी राखी गएको, ... को खेताला गएकी ऐ. गाविस वडा नं. ८ बस्ने पद्मा सुवेदी अन्दाजी ५:०० बजेतिर खेतबाट धान लिई आई सो घरको पिँढीमा धानको बोरा बिसाई आफ्नो घर जान भनी तयार भएकै अवस्थामा अचानक उक्त ठाडो पारेर राखेको बन्दुक पल्टन गई देव्रे कम्मरमा लागी घटनास्थलमा नै उनको मृत्यु भएको देखिन आउँछ । यसरी **विनास्वीकृति घरमा कोही नभएको बेला घरधनीलाई जानकारीसमेत नदिई, गोली भरेको (लोड गरेको) बन्दुक लापर्वाहीपूर्वक जथाभावी राखिदिएको र सो बन्दुक पड्किन गई निज पद्मा सुवेदीको मृत्यु भएको हुँदा नेकपा (माओवादी) का कार्यकर्ताबाट अन्तर्राष्ट्रिय कानुनद्वारा स्थापित सिद्धान्त तथा जेनेभा महासन्धिको साझा धारा ३ समेतको बर्खिलाप हुनेगरी गैरजिम्मेवार एवम् ज्यादतीपूर्ण कार्य गरेको पाइयो** । तसर्थ, नेकपा (माओवादी) पार्टीलाई यस किसिमका ज्यादतीका घटना नदोहोऱ्याउन तथा दोहोरिन नदिन आह्वानगर्ने साथै दोषीको पहिचान गरी आवश्यक कानुनी कारबाही गर्न तथा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम मृतकको परिवारलाई रु १,००,०००।- (अक्षरेपी एकलाख रूपैयाँ) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरी लेखी पठाउने ठहर्छ ।

११. यो निर्णयको जानकारी पिडित पक्षलाई समेत दिनू ।

**पेस गर्ने :**

.....................

यज्ञप्रसाद अधिकारी

प्रमुख, संरक्षण महाशाखा

|  |  |  |
|---|---|---|
| ............... | ............... | .............. |
| सदस्य | सदस्य | सदस्य |

|  |  |
|---|---|
| ............... | .............. |
| सदस्य | अध्यक्ष |

इति संवत् २०६३ साल जेष्ठ ३० गते रोज ३ शुभम् ...................................... ।

## राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

मानननीय अध्यक्ष, श्री केदारनाथ उपाध्याय

माननीय सदस्य, श्री गौरी प्रधान

माननीय सदस्य श्री डा.के.वि. रोकाया

संवत् २०६७ सालको फाइल नं. १५६२ क्षे.का., विराटनगर ।

विषय : हत्या ।

**कुनै पनि व्यक्तिलाई पक्राउपछि सम्बन्धित मुद्दा हेर्ने अधिकारीसमक्ष पेस गर्नुपर्ने दायित्व सुरक्षा निकायको नै हुन जान्छ तर गोली लागी घाइते भएका सुनील राजवंशीलाई लखेट्दै गएर गोली हानी हत्या गरेबाट सुरक्षाकर्मीहरूले दायित्व पूरा गरेको देखिएन ।**

**- प्रकरण नं. ७**

**कानुनतः कुनै पनि व्यक्तिको मृत्यु भएपश्चात् घटनास्थल प्रकृति मुचुल्कालगायत शवपरीक्षण गराई प्रतिवेदन तयार गर्नुपर्ने दायित्व पनि सुरक्षा निकायकै दायित्वभित्र पर्दछ । घटनास्थल प्रकृति मुचुल्का, प्रहरी प्रतिवेदन तयार नगर्नु र मृत्यु भएका व्यक्तिको शवपरीक्षण समेत नगराएको र शवपरीक्षण गराउन नसकेका आधारहरू पनि सुरक्षा निकायले कहीँ कतै नखुलाएको अवस्थाबाट कानुन कार्यान्वयन गर्ने निकायबाट नै कानुनी शासन उपहास हुँदा त्यसबाट मानव अधिकारको संरक्षणमा समेत चुनौती थपिन पुगेको छ । जसको कारण मृतक मात्र हैन मृतकका परिवारको अधिकारको समेत उल्लङ्घन हुन पुगेको देखिन्छ ।**

**- प्रकरण ८**

**कुनै राजनीतिक वा सैनिक बलको आडमा गरिएको अपराध क्षम्य हुन सक्तैन । कुनै व्यक्तिलाई आतङ्ककारीको आरोपमा मार्नु निश्चय पनि अपराध हो । यस्ता काम कारबाहीहरूलाई मानव अधिकारको वर्तमान शास्त्रहरू र मानवीय कानुनहरूले पनि अपराध नै मान्दछन् ।**

**- प्रकरण ९**

१. झापा जिल्ला वालुवाडी गाविस वडा नं. ४ पुरानो बजार बस्ने वर्ष ३३ का सुनील राजवंशीलाई २०६०/९/२५ गते दिउँसो करिब १२:३० बजे ... राजगढ बजारबाट सुरक्षाकर्मीहरूले पक्राउ गरी नियन्त्रणमा लिई गोली हानी हत्या गरेकाले घटनाको अनुसन्धान गरी आवश्यक

कानुनी कारबाही तथा क्षतिपूर्तिका लागि आवश्यक पहल गरी पाऊँ भनी... आयोगको क्षेत्रीय कार्यालय विराटनगरमा उजुरी दर्ता हुन आएको रहेछ ।

२. प्रस्तुत उजुरीका सम्बन्धमा आयोगबाट गरिएका काम कारबाहीहरू देहाय बमोजिम रहेको देखियो :

- घटना सम्बन्धमा के कसो भएको हो ? घटना के कसरी घट्न गएको हो ? घटनाको सम्पूर्ण विवरण तथा मृतकको घटनास्थल प्रकृति मुचुल्का, लासजाँच प्रकृति मुचुल्का, प्रहरी प्रतिवेदन तथा शव परीक्षण प्रतिवेदन लगायतका कागजात र ... पीडित परिवारले कुनै राहत/क्षतिपूर्ति पाए नपाएको विवरण र ... कागजात तथा जानकारी उपलब्ध गराई आयोगको काम कारबाहीमा सहयोग पुऱ्याइदिनुहुन भन्ने समेतको ब्यहोरा उल्लेख गरी आयोगको क्षेत्रीय कार्यालय विराटनगरबाट ... जिल्ला प्रहरी कार्यालय भद्रपुर झापालाई पत्राचार गरी जिल्ला प्रशासन कार्यालय भद्रपुर झापालाई लेखिएको पत्र मिसिल संलग्न रहेछ ।
- जिल्ला प्रहरी कार्यालय झापाबाट प्राप्त ...पत्रमार्फत मृतक सुनील राजवंशीसम्बन्धीको कागजातहरू यस कार्यालयको अभिलेखबाट नदेखिएको भन्ने ब्यहोरासहित प्राप्त भएको पत्र मिसिल संलग्न रहेछ ।

३. झापा जिल्लामा अनुसन्धानका लागि २०६७/१०/४ गतेदेखि २०६७/१०/१० गतेसम्म खटिएको टोलीलाई निम्न तथ्यहरू प्राप्त हुन आएको रहेछ :-

- मिति २०६० साल पौष २४ गते मेरो ... सुनील राजवंशीसहित अन्य ९/१० जना उसका साथीहरू सहित हाम्रो गाउँमा आएका रहेछन् । ऊ तत्कालीन नेकपा (माओवादी) पार्टीको जिल्ला सदस्य थियो । त्यस दिन बेलुका घरमा ऊ एक्लै आएको थियो । अन्य पार्टीका मानिसहरू गाउँमा बसेका थिए । भोलिपल्ट २५ गते बिहान झिसमिसेमा नै ऊ घरबाट निस्केर गयो । हामीलाई यहाँ जान्छु, उहाँ जान्छु केही भनेन । हामीले सुनेअनुसार यहाँबाट निस्केपछि पथरिया गाविसबाट प्रहरीका भू.पू. हवल्दार (नाम थाहा भएन केचना गाविस) सँग उसले मोटरसाइकल

चलाएर राजगढतर्फ लागेका रहेछन् । उक्त मोटरसाइकल साना किसान संस्थान पथरिया गाविसको रहेछ । राजगढ गाविसमा त्यस दिन माओवादीको कार्यक्रम पनि भएको कुरा पछि थाहा भयो । राजगढ खयरबारी निवासी ... ले मेरो घरमा आई २५ गते दिनको १:०० बजेतिर ...सुनीललाई सुरक्षाकर्मीले राजगढ बजारमा पक्राउ गर्‍यो भन्नुभयो । उहाँले प्रहरी हवल्दार देवनारायण यादव र एकजना सेनाको मानिस मोटरसाइकलमा सादा पोसाकमा आएर पक्राउ गरेर लिएर गएको भन्यो । त्यसपछि मेरा... ले अब के गर्ने कहाँ भन्न जाने भनेर सरसल्लाह गर्दै थिए । त्यतिबेला २:३० बजेको थियो । राजगढ गाविस वडा नं: ३ बुट्टावारीका ... ले मेरो ... लाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे भन्ने खबर लिएर घरमा आए । त्यो खबर सुनेपछि मेरो ... हरू घटनास्थल तर्फ गए । त्यहाँ गएपछि छोराहरूले राजगढ बजारमा सुनीलको लास देखेछन् । लासलाई लिएर आउन खोज्दा राती १०/११ बजेतिर सुरक्षाकर्मीको एक टोली आई लासलाई नलैजान भने । तर,... लाई त्यहाँको स्थानीय भद्र भलादमी, राजनीतिक दलका प्रतिनिधिहरूको अनुरोधले लास ल्याउन दिएछन् ।

- त्यसपछि भोलिपल्ट बिहान ९/१० बजेतिर लासलाई घरमा ल्याए । शरीरको ८/९ स्थानमा गोली लागेको थियो । ... लास बुझाउने क्रममा सुरक्षाकर्मीहरूले लास लगेर, तुरुन्त सदगत गर्नू भनेका रहेछन् । त्यही भएर घरमा ल्याउनेवित्तिकै कहीँ कतै नलगी सदगत गरेकाले लासको पोस्टमार्टमहरू केही गरिएन ।

- घटना घटेको लगत्तै हामीले कहीं कतै उजुरी गरेनौं । प्रहरी हवल्दार देवनारायण यादव र अर्को नाम थाहा नभएको सैनिकको विरुद्धमा २०६६ सालमा चाहिँ जिल्ला प्रहरी कार्यालय, झापामा जाहेरी लिएर गएका थियौं । जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयबाट हामीलाई आफ्नै प्रहरीले घटाएको घटनाको विरुद्धमा हामी आफैले कसरी जाहेरी लिने र अनुसन्धान गर्ने भनेर जाहेरी दर्ता गरेनन् । त्यसपछि मेरा ... ले दर्ता

गराउनका लागि पुनरावेदन अदालत इलाममा परमादेशको निवेदन दिई पुनरावेदन अदालतले जिल्ला प्रहरी कार्यालयको नाममा जाहेरी दर्ता गराउनको लागि परमादेश जारी गऱ्यो । सोही आदेश बमोजिमको जाहेरी दर्ता गराउनका लागि ...लागिराखेका छन् । पुनरावेदन अदालतको आदेश २०६७ साल वैशाखमा भएको थियो । परमादेशको निवेदन लेख्नेदेखि लिएर बहस पैरवी एड्भोकेसी फोरम झापाबाट भएको थियो । जिल्ला प्रशासन कार्यालय, झापाबाट २०६५ सालमा रु.१,००,०००।– (अक्षरेपी एक लाख रूपैंया) राहतस्वरूप लिएको थिएँ । निजको विवाह भएको थिएन । मेरो जग्गा जमिनबाट खान-लाउनका लागि दुःख छैन पुगिराखेको छ भन्ने मृतकका... को भनाइ ।

- निजलाई पहिला मैले चिनेको थिएन र मेरो नाता सम्बन्ध पनि छैन । पछि निजको बारेमा ... ऊ बालुबाडी गाविस वाड नं. ४ को मान्छे रहेछ । यकिन तिथिमिति मलाई थाहा भएन, समय अन्दाजी १:०० बजेतिर हो, स्कुले बच्चाहरू टिफिन समय भएकाले ओहोरदोहोर गरिरहेका थिए । म आफ्नो पसलमा बसिरहेको थिएँ । बजारभरि सुरक्षाकर्मीले माओवादीलाई समात्यो भन्ने हल्ला भएको थियो । मैले पनि आफ्नो घरअगाडिबाट उनीहरूलाई समातेको ठाउँतर्फ हेरेँ । मेरो घरबाट लगभग २०० मिटर उत्तरतर्फ मूलबाटोमा दुई जना मानिसलाई दुईजना सिभिल पोसाकमा रहेका सुरक्षाकर्मी (प्रहरी) हरूले समाइरहेको देखेँ । एक जना प्रहरी मेरो घर अगाडिको पसलमा डोरी किन्न आयो । उसले डोरी पनि किनिसकेको थियो । यही राजगढ इलाका प्रहरी कार्यालयमा पहिला कार्यरत यादव थरको प्रहरीले त्यहीं ती दुई जना ... मानिसहरूलाई रुँगेर बसिरेहको थियो । ती समातेर राखेका दुईजनामध्ये पहाडिया केटा भुइँमा बसिरहेको थियो तर सुनील राजवंशी र यादव प्रहरी आमने-सामने उभिएका थिए । उनीहरूबीच कुनै वार्तालाप तथा बाजाबाज केही भएको देखिनँ । सोही समयमा सुनील राजवंशीले

यादव प्रहरीलाई हेलमेट लगाइरहेको टाउकोमा एक मुक्का हिर्कायो यादव भुइँमा लड्यो र सुनील राजवंशी पश्चिमतर्फ भाग्यो । त्यसपछि सोही बेलामा डोरी किन्न आएको प्रहरीले मेरो घर अगाडिबाटै हान्दे भन्यो । त्यसो भनेपछि ऊ उठेर सुनीललाई ताक्दै गोली हिर्कायो । पहिलो गोली भाग्दै गर्दा तिघ्रामा लाग्यो । लन्ठङ-लन्ठङ गर्दै ऊ भाग्दै थियो । भाग्ने क्रममा सुनीलले आफ्ना ढाडपछिबाट केही झिक्न लागेजस्तो गर्‍यो । त्यसो गरेपछि यादव केही पछाडि हट्यो । त्यसपछि घरले छेकेकाले के कसो भयो म केही भन्न सक्दिनँ । तर, उसको मृत्यु भइसकेको कुरा बजारमा हल्ला चलेकाले म एकघण्टापछि त्यस ठाउँतर्फ गएँ । सो ठाउँ ... को आँगन थियो । त्यो आगँनमा गएर हेर्दा सुनील राजवंशी उत्तानो परेर लडेको थियो र ऊ मरिसेकेको थियो । ... को घर मेरो घरदेखि पश्चिम उत्तर ... मिटर जति टाढा छ । लास हेर्न बजारका सबै मानिस गएका थिए, लास हेरेपछि म घर आएँ । पक्राउ गरेर राखिएको पहाडिया केटोलाई उनीहरूले लिएर गए । पछि उसका परिवारहरू आएर लास लिएर गए भन्ने कुरा अरूबाट सुनेँ । उसका इष्टमित्रहरूले पनि त्यो मर्ने मान्छे बालुबाडी -४ कै सुनील राजवंशी भएको कुरा भनेपछि उक्त मर्ने मान्छे सुनील राजवंशी भएको थाहा भयो भन्ने एक साक्षीको भनाइ रहेको ।

- निजलाई पहिला मैले चिनेको थिइनँ र निजसँग मेरो कुनै नातासम्बन्ध पनि छैन । तर, पछि निजका परिवारहरू यहाँ आइसकेपछि मात्र बालुबाडीको मान्छे रहेछ भन्ने थाहा भयो । यकिन तिथिमिति मलाई थाहा भएन । सो दिनको बिहानको १०/११ बजेतिरको कुरा हो । हाम्रो सबै परिवार घरमा नै बसिरहेका र हामी बूढाबूढी घरको बार्दलीमा बसिराखेका थियौँ । घरको पूर्वपट्टिबाट दुई जना प्रहरीको पोसाक लगाएका व्यक्तिहरूले एक जना व्यक्तिलाई हाम्रो घरतर्फ खेद्दै ल्याएको देख्यौँ । खेद्दै ल्याउँदा गोलीको आवाजहरू ठ्याङठ्याङ पड्केको सुनिन्थ्यो । उनीहरूले लखेट्दै

ल्याउँदै गर्दा तपाईहरू सबै ढोका लगाएर भित्र बस्नुहोस् ननिस्कनू भनेपछि हामी भित्र पस्यौँ । हामी घरभित्र गइसकेपछि पनि गोलीका आवाज आइराखेको थियो । १० मिनेटको अन्तरमा ती प्रहरीहरू यहाँबाट बजारतर्फ लागे । त्यसपछि बजारका मानिसहरू र हामी सबै परिवारहरू उक्त गोली पड्केको ठाउँतर्फ गयौँ । मेरो घरभन्दा तल्लो घर ... को आँगनमा एउटा कुन्यो थियो, त्यहि कुन्योको आडमा १ जना मानिस उत्तानो अवस्थामा देख्यौँ । व्यक्ति हामीले हेर्दा मरिसकेको थियो । लुगा लगाएको हुदाँ मरेको व्यक्तिको शरीरको कुन-कुन ठाउँमा गोली लागेको थियो भन्ने कुरा देखिएन । सोही दिनको बेलुकापख मृतकका परिवारहरू बालुबाडी गाविसबाट यहाँ आए र लासलाई रुँगेर बसे । उनीहरू आइसकेपछि मात्र मैले मरेको मानिस झापा जिल्ला बालुबाडी गाविस वाड नं. ४ को सुनील राजवंशी हो भन्ने थाहा पाएँ । मृतकका परिवारले लासलाई सोही राती हो या भोलिपल्ट उठाएर आफ्नो घरतर्फ लिएर गए । त्यसपछि उनीहरूले लासलाई के-के गरे हामीलाई थाहा भएन भन्ने घटनाका अर्का साक्षीको भनाइ रहेछ ।

- हामीहरूमध्ये केही मानिसहरूले सुनील राजवंशीलाई झापा जिल्ला राजगढ गाविस वडा नं. ६ का ... को घरको आँगनमा मृत अवस्थामा फेला परेकोले मिति २०६०/०९/२६ गते लासलाई घरमा ल्याइएको र घरमा ल्याइसकेपछि हामी स्थानीय मानिसहरूसमेत सामेल भई २६ गते नै मृतक सुनील राजवंशीकै वडा नं. ४ स्थित आफ्नै खेतमा रितिस्थितिअनुसार दाहसंस्कार गरिएको हो भन्ने घटनाका अन्य साक्षीहरूको भनाइ रहेको ।

- मेरो घर राजगढ गाविस वडा नं. ५ हो । दिउँसो १:०० बजेको थियो । त्यसबेला म पसलमा बसिराखेको थिएँ । मेरो बच्चालगायत अन्य बच्चाहरू पनि घर आउँदै थिए । म मेरो बच्चा जोगाउन लिएर आएँ । बजारमा त्यस दिन प्रहरीले माओवादीलाई पक्रेर ल्याएको छ भन्ने हल्ला पनि भइरहेको थियो । त्यसैबेला प्रहरीहरूले तलतिरबाट

२ जना मान्छे पक्रेर ल्याएको थियो र रोडमा ती पक्रेर ल्याएको मानिसहरू र प्रहरी थिए । रोडमा एकजना प्रहरी र सुनीललाई छाडेर एकजना प्रहरी डोरी किन्नको लागि किराना पसलमा गयो । त्यसबेला रोडमा बसिरहेको अवस्थामा सुनीलले एकजना हेल्मेट लगाएको पुलिसलाई एक मुड्की हानेर भाग्यो । ऊ भाग्दै गर्दा प्रहरीले गोली हान्यो । ऊ अघिअघि कुद्दै गरेको थियो । त्यसबेला ऊ अघि कुद्दा पछाडि फर्किंदै पुलिसलाई बेलाबेला झम्टिंदै कुद्दै गरेको थियो । ऊ कुद्दै गरेको अवस्थामा प्रहरीले गोली हान्दै लखेट्दै गरेको थियो । उसलाई प्रहरीले गोली हानेर मार्‍यो । गोली लागेर मरेको ठाउँमा हेर्दा ऊ घोप्टो अवस्थामो थियो । सुनील राजवंशीलाई डँढेलोमा बढी गोली लागेको थियो । मैले सुनील राजवंशीलाई चिन्दिनथेँ र मलाई थाहा भएन । त्यो बेला कसैलाई सोधीखोजी गर्ने अवस्था पनि थिएन र मैले कसैलाई सोधीखोजी पनि गरिनँ । त्यो प्रहरीले सिभिल ड्रेसमा हेल्मेट लगाएको, कालो ज्याकेट र मुखमा पट्टी बाँधेको थियो भन्ने घटनाका अर्का साक्षीको भनाइ रहेको ।

- मेरो घर घटनास्थलभन्दा करिब ४०० मिटर पर पर्छ । तर, हाल म राजगढ गाविस वडा नं. ६ मा बसेको छु । सो घटना भएको दिन २:३० बजेको थियो होला । नानीहरू स्कुलबाट टिफिनको लाइन आउने जाने गरेको थियो । गोलीको आवाज सुनेको लगभग आधा घण्टापछि म घरबाट बजारतर्फ आउँदा राजगढ ६ को ... को घरमा तुलसाको मोठमा एउटा लास उत्तर दक्षिण अवस्थामा लडेको थियो । साँझ उसका परिवारहरू आएर लास हेरे र भक्कानो निकालेर रोए । ऊ बालुबाडीको लिम्बूजस्तो अनुहार गरेको राजवंशी रहेछ । ऊ ठूलो ज्यानको थियो । पछि हामीले थोत्रा तन्ना मागेर लासलाई ओढायौँ । पछि जिल्लाबाट प्रहरीहरू आएर यो लास जसले लान्छ लान देऊ भने, त्यसपछि लासलाई त्यही राती परिवारले लिएर गए भन्ने अर्का साक्षीको भनाइ रहेछ ।

- मेरो घर राजगढ गाविस वडा नं: ६ मा पर्छ । त्यसबेला म पसलमा बसिराखेको थिएँ । एउटा पुलिस मेरो पसलमा डोरी किन्न आएको थियो । प्रहरीहरू सादा पोसाकमा थिए । मैले उनीहरूलाई चिनेको थिइनँ । मेरो पसलमा डोरी किन्न आउँदा एकजना मात्र प्रहरी आएको थियो । मैले डोरी जोख्दै गर्दा मेरो पसलदेखि उत्तर दिशामा करिब १५० मिटर टाढा रोडमा एकजना प्रहरी र एक जना मानिस मोटरसाइकलसहित गफ गर्दै थिए । त्यो मान्छे त्यहाँबाट भागेछ । अनि, ए भाग्यो त्यसलाई गोली हान हान भन्यो । अनि म पनि डोरी जोख्दाजोख्दै बाहिर निस्कँ । डोरी किन्न आउने प्रहरी पनि उतै गोली हान हान भन्दै गयो । सबै विद्यार्थीहरू बाटोमा थिए । खेदाउँदै पुलिसले गोली हान्दै लखेट्दै थियो । थानादेखि भाग्दै ... को घरमा पुग्दा गोली हानी मारेको थियो । त्योभन्दा अगाडि खुट्टामा गोली हानेको थियो । केही समयपछि मलगायत बजारका सबै मानिसहरू लासको ठाउँमा गयौं । लास उत्तानो अवस्थामा लडिराखेको थियो । गोलीको आवाज ३/४ पटक पड्केको सुनेको थिएँ । साँझ परेकोले म मेरो घर फर्के भन्ने एक साक्षीको भनाइ रहेको ।
- म पूर्वतिरबाट पसलमा आउँदै थिएँ । त्यसबेला प्रहरी र माओवादी रोडमा थिए । विद्यालय लाग्ने समय १:३० बजेतिर थियो । प्रहरी र माओवादी रोडमा भएको बेला माओवादीले पुलिसलाई लडाएर पुलिसको जिउमा छाम्यो । केही हतियार नपाएपछि ऊ भाग्यो । भाग्दा प्रहरीले गोली हान्दै लखेट्दै लग्यो र ... को घरमा गएर मरेको थियो । सुनील राजवंशीलाई पहिले पनि चिन्दथेँ । लास हेर्दा उसलाई मैले चिनेँ । सुनील राजवंशीको लास थियो भन्ने घटनाका अर्का साक्षीको भनाइ रहेकोछ ।
- ... ।
- एकिकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) जिल्ला सङ्गठन समिति झापाले मिति २०६७/१०/१४ गते "झापा जिल्ला बालुवाडी गाविस वडा नं. ४ पुरानो बजार बस्ने पूर्व नेकपा

(माओवादी) पार्टीमा २०५६ सालदेखि सम्पर्क गरी सक्रियताका साथ आफ्नो जिम्मेवारी सम्हाल्दै तत्काल पार्टीको जिल्ला सदस्य (DCM) भएको, मृतक मिति २०६०/९/२५ गते करिब १२:३० बजेतिर पार्टी कामकै सिलसिलामा जुटिरहेको बखत Unified Civil Beauro का नाम नखुलेका यादव थरसहितका तीन जनाको टोलीले राजगढ वजार पश्चिमपट्टि बाटोको क्षेत्रमा ... को घर दक्षिणपट्टि दुवै हात बाँधी SMG ले हानी शरीरभरि गोलीले क्षत विक्षत पारी मारी छोडी गएको र बेलुकीपख वहाँको परिवारले लगी अन्तिम दाहसंस्कार गरेको" भनी आयोगमा पत्राचार गरेको रहेछ ।

४. झापा जिल्ला बालुबाडी गाविस वडा नं. ४ स्थायी घर भई तत्कालीन नेकपा (माओवादी) झापा जिल्ला सदस्यसमेत रहेका सुनील राजवंशीलाई २०६० पौष २५ गते झापा जिल्लाको राजगढ बजारमा सादा पोसाकका सुरक्षाकर्मीले आफ्नो नियन्त्रणमा रहेको अवस्थामा फुत्किएर भाग्न खोज्दा गोली हानिएको र सोही गोली लागी निजको मृत्यु भएको देखिन्छ । यसबाट सुरक्षाकर्मीले आफ्नो नियन्त्रणमा भएको व्यक्तिलाई उचित प्रबन्ध तथा सुरक्षाका साथ राख्न नसकिएको देखियो ।

५. आफ्नो नियन्त्रणमा आइसकेको व्यक्तिलाई उचित सुरक्षा दिन नसकी भाग्न सक्नेसम्मको अवस्था सृजना भएको र सोही कारणबाट व्यक्तिको मृत्युसमेत भएको र निजको परिवारले सरकारका तर्फबाट एक लाख रूपैया राहतस्वरूप पाइसकेको समेत देखिएको हुँदा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ समेतलाई मध्यनजर राख्दा निजको परिवारलाई थप एकलाख रूपैयाँ क्षतिपूर्ति स्वरूप सरकारबाट उपलब्ध गराउनका लागि आयोगबाट सरकारलाई सिफारिस गरी पठाउनुपर्ने । यस घटना सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, झापामा किटानी जाहेरी दिएकोमा उक्त कार्यालयले जाहेरी दर्ता गर्न नमानेको हुँदा पुनरावेदन अदालतबाट जाहेरी दर्ता गर्नका लागि आदेश जारी भइसकेको देखिएको हुँदा सम्मानित अदातलको आदेशलाई अक्षरशः पालना गर्दै जाहेरी दर्ता गरी घटनाको

आवश्यक कानुनी प्रक्रिया अगाडि बढाउनका लागि नेपाल सरकारलाई आयोगबाट लेखी पठाउनुपर्ने ।

६. प्रस्तुत घटनाका सम्बन्धमा मृतकका परिवार, प्रत्यक्षदर्शी साक्षीहरू तथा आयोगको स्थलगत अनुसन्धान प्रतिवेदनसमेतबाट मिति २०६०/९/२५ गते सुनील राजवंशीलाई सुरक्षाकर्मीहरूले नियन्त्रणमा लिएकोमा उनीहरूको नियन्त्रणबाट फुत्किएर भाग्ने क्रममा गोली प्रहार गर्दा निजको मृत्यु भएको पुष्टि हुने आधारहरू देखिए ।

७. प्रचलित नेपाल कानुन र उल्लेखित अध्यादेशले पनि पक्राउ परेको व्यक्तिलाई २४ घण्टाभित्र मुद्दा हेर्ने सम्बन्धित अधिकारीसमक्षपेस गर्नुपर्नेछ भन्ने व्यवस्था गरेको छ । निज सुनील राजवंशीलाई पक्राउ गरेको पुष्टि भैसकेकोले **कुनै पनि व्यक्तिलाई पक्राउपछि सम्बन्धित मुद्दा हेर्ने अधिकारी समक्ष पेस गर्नुपर्ने दायित्व सुरक्षा निकायको नै हुन जान्छ तर गोली लागीघाइते भएका सुनील राजवंशीलाई लखेट्दै गएर गोली हानी हत्या गरेबाट सुरक्षाकर्मीहरूले दायित्व पूरा गरेको देखिएन ।**

८. **कानुनतः कुनै पनि व्यक्तिको मृत्यु भएपश्चात् घटनास्थल प्रकृति मुचुल्कालगायत शवपरीक्षण गराई प्रतिवेदन तयार गर्नुपर्ने दायित्व पनि सुरक्षा निकायकै दायित्वभित्र पर्दछ । घटनास्थल प्रकृति मुचुल्का, प्रहरी प्रतिवेदन तयार नगर्नु र मृत्यु भएका व्यक्तिको शवको परीक्षणसमेत नगराएको र शवपरीक्षण गराउन नसकेका आधारहरू पनि सुरक्षा निकायले कहीँ कतै नखुलाएको अवस्थाबाट कानुन कार्यान्वयन गर्ने निकायबाट नै कानुनी शासन उपहास हुँदा त्यसबाट मानव अधिकारको संरक्षणमा समेत चुनौती थपिन पुगेको छ । जसको कारण मृतक मात्र हैन मृतकका परिवारको अधिकारको समेत उल्लङ्घन हुन पुगेको देखिन्छ ।**

९. **कुनै राजनीतिक वा सैनिक बलको आडमा गरिएको अपराध क्षम्य हुन सक्तैन । कुनै व्यक्तिलाई आतङ्ककारीको आरोपमा मार्नु निश्चय पनि अपराध हो । यस्ता काम कारबाहीहरूलाई मानव अधिकारको वर्तमान शास्त्रहरू र मानवीय कानुनहरूले पनि अपराध नै मान्दछन् । कुनै पनि प्रजातान्त्रिक संविधान एवम् राजनीतिक विचारधाराहरूले वर्तमान प्रजातान्त्रिक विश्वमा कसैको ज्यान लिनैपर्ने संवैधानिक व्यवस्था र**

**राजनैतिक सिद्धान्तहरू प्रतिपादन गरेका छैनन् ।** मृत्युदण्ड दिने व्यवस्था भएका मुलुकहरूमा पनि निश्चित कानुन र प्रक्रियाहरू अवलम्बन गरिन्छन् । यसर्थ, बाँच्न पाउने अधिकार जस्तो महत्त्वपूर्ण अधिकारमा राज्य ज्यादै संवेदनशील हुनुपर्नेमा सुरक्षाकर्मीहरूबाट गोली प्रहार गरी निजको हत्या भएकाले निजको बाँच्न पाउने अधिकारको गम्भीर उल्लङ्घन भएको देखियो ।

१०. सेनाले **हतियारको प्रयोगसम्बन्धी** मार्ग निर्देशिका[१५] मा अनियन्त्रित अवस्था परेमा मात्र हतियारको प्रयोग गर्नुपर्ने, आफू वा आफूले सुरक्षा गर्नुपर्ने व्यक्ति, सम्पत्तिको सुरक्षा गर्नका लागि मात्र हतियार प्रयोग गर्नुपर्ने, बन्दी भाग्न खोजेमा चेतावनी दिनुपर्ने, नटेरी भाग्न खोजेमा हतियार प्रयोग गर्नुपर्ने र हतियारको प्रयोग गर्दा न्यूनतम बलको प्रयोग गर्नुपर्ने भन्ने उल्लेख गरेको छ ।

११. प्रस्तुत घटनामा सुनील राजवंशीको विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा व्यवस्थित हक अधिकारको उल्लङ्घन भएको देखियो । यसका साथै नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी मानव अधिकार समितिले गरेको General Comment 06[16] : The right to life (art.6) : 04/30/1982, Sixteenth Session, 1982 मा पक्ष राष्ट्रहरूले फौजदारी कानुनमार्फत दण्ड र सजायको व्यवस्था मात्र नगरी राज्यकै सुरक्षाफौजका अधिकारीहरूबाट हुने स्वेच्छाचारी जीवन हरण हुनु ज्यादै संवेदनशील विषय हो । यसकारण स्वेच्छाचारी जीवन हरण गरिने कार्यलाई कानुनद्वारा नै कडाइका साथ नियन्त्रण गरिनुपर्दछ भन्ने व्यवस्थासमेत विपरीत देखियो ।

१२. बाँच्न पाउने अधिकारलाई मानवको अहरणीय अधिकारको रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले चित्रित गरेको छ । यसैगरी सुरक्षाकर्मीहरूको यस्तो कारबाही नागरिक तथा राजनीतिक अधिकारसँग सम्वन्धित

१५ द्वन्द्वको समयमा मानव अधिकार र मानवीय कानुन पालना गर्ने सम्बन्धी निर्देशिका २०६१, प्रकाशक नेपाली सेना, पेज नं. १७

16 The protection against arbitrary deprivation of life which is explicitly required by the third sentence of article 6 (1) is of paramount importance. The Committee considers that States parties should take measures not only to prevent and punish deprivation of life by criminal acts, but also to prevent arbitrary killing by their own security forces. The deprivation of life by the authorities of the State is a matter of the utmost gravity. Therefore, the law must strictly control and limit the circumstances in which a person may be deprived of his life by such authorities.

अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा ६ ले प्रत्येक मानिसलाई अहरणीय रूपमा जीवनको अधिकार छ । यो अधिकार कानुनद्वारा संरक्षण गरिनेछ । कसैको स्वेच्छाचारी किसिमले जीवनको अधिकारबाट वञ्चित गरिने छैन भनी सुनिश्चित गरेको प्रावधान विपरीत हुन गएको छ । सोही अनुबन्धको धारा २६ ले सबै व्यक्तिहरूको कानुनको अगाडि समान छन् र कुनै भेदभावविना कानुनको समान संरक्षण पाउँछन् भनी सुनिश्चित गरेको प्रावधानविपरीत हुन गएको छ । यस घटनामा मानव अधिकारको विश्वव्यापी घोषणा-पत्र १९४८ को धारा ३ ले प्रत्येक व्यक्तिलाई जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार छ भनी सुनिश्चित गरेको प्रावधान विपरीत हुन गएको समेत देखिन्छ ।

Asian Human Rights Commission-Asian Charter को धारा ३.६ मा राज्यका सुरक्षाफौजले आतङ्ककारी ऐन जस्ता ऐन, कानुनहरूमार्फत विभिन्न व्यक्तिहरूको स्वेच्छाचारी हत्या, बेपत्ता पार्ने कार्य भैरहेकाले यस्ता कार्यहरू रोकथामका लागि उचित कानुनमार्फत कडा रोकथामका उपायहरू अवलम्बन गर्नुपर्ने उल्लेख रहेको छ । यस घटनामा सुनील राजवंशीलाई आतङ्ककारी भनी मारिहाल्नुपर्ने कानुनको मनसाय नरहेको देख्दादेख्दै पनि सोको विपरीत कारबाही गरिएको हो भनी मान्नुपर्ने देखिन्छ ।

१३. यस घटनामा निज सुनील राजवंशीको उल्लङ्घन भएका हक अधिकारहरूको बारेमा विश्लेषण गर्दा निम्नलिखित मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनएवम् संविधानका प्रावधानहरूको उल्लङ्घन भएको देखियोः

- मुलुकी ऐन २०२०, ज्यानसम्बन्धी महलको दफा (१) मा कानुनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्नका लागि उद्योग गर्न नहुने व्यवस्था रहेको देखिन्छ ।
- नागरिक अधिकार ऐन २०१२ को दफा १२ बमोजिम कानुन बमोजिम बाहेक कुनै व्यक्तिको वैयक्तित स्वतन्त्रताको हरण गरिने छैन भन्ने प्रावधान ।
- तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को मौलिक हकको दफा १२ (१) मा उल्लेख

भएको स्वतन्त्रताको हकको प्रावधान ।

- मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ मा व्यवस्था गरिएको जीवन स्वतन्त्रता र सुरक्षाको अधिकारसम्बन्धी प्रावधान ।
- नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अनुबन्ध १९६६ को धारा ६ ले प्रत्येक व्यक्तिको जीवनको अन्तर्निहित अधिकार हुने र कानुनद्वारा यस्तो अधिकारको रक्षा गरिने तथा स्वेच्छाचारी किसिमले कसैको पनि जीवन हरण नगरिने भन्ने व्यवस्था ।
- जेनेभा महासन्धिको साझा धारा ३ को व्यवस्था ।

१४. यसमा निर्णयतर्फ विचार गर्दा झापा जिल्ला बालुवाडी गाविस वडा नं. ४ बस्ने सुनील राजवंशीलाई सुरक्षाकर्मीहरूले मिति २०६०/९/२५ गते दिउँसो १२:३० बजे ऐ. राजगढ गाविसको राजगढ बजारबाट पक्राउ गरी गोली हानी हत्या गरेकोले घटनाको छानवीन गरी दोषीलाई कारबाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलव्ध गराई पाऊँ भनी मिति २०६७/९/१८ गते आयोगमा उजुरी दर्ता हुन आएको देखियो । यसमा आयोगको अनुसन्धानबाट तत्कालीन नेकपा माओवादी झापा जिल्ला सदस्यसमेत रहेका सुनील राजवंशीलाई मिति २०६०/९/२५ गते झापा जिल्लाको राजगण बजारबाट सादा पोसाकका सुरक्षाकर्मीले पक्राउ गरी कानुन बमोजिम कारबाही गर्नुको सट्टा गोली हानी हत्या गरेको देखियो । निज सुनील राजवंशी तत्कालीन नेकपा माओवादीको कार्यकर्ता भए पनि सुरक्षाकर्मीले आफ्नो नियन्त्रणमा लिइसकेपछि गोली हानी गैरन्यायिक हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकार तथा अर्न्तराष्ट्रिय मानवीय कानुनको समेत उल्लङ्घन भएको देखियो । त्यसपछि मृतकको कानुनबमोजिम रितपूर्वकको लासजाँच अन्य कानुनी प्रक्रिया पूरा गरी अन्तिम दाहसंस्कारका लागि मृतकका परिवारलाई लास जिम्मा दिनुपर्नेमा सो नगरी लास सोही ठाउँमा छोडी गएकाले उक्त कार्यसमेत कानुनबमोजिम गरेको देखिएन । उक्त घटनाको किटानी जाहेरी जिल्ला प्रहरी कार्यालय, झापामा दिएकोमा प्रहरीले जाहेरी दर्ता गर्न

नमानेको, पुनरावेदन अदालतबाट उक्त जाहेरी दर्ता गराउनू भनी आदेशसमेत जारी भइसकेको देखियो । यसमा आदेश दिने प्रहरी प्रमुख र गोली हान्ने सुरक्षाकर्मीको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धीको महलबमोजिम कारबाही गर्न र साथै मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकममध्ये क्षतिपूर्ति बापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिस भए बमोजिमको क्षतिपूर्ति रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

१५. प्रस्तुत उजुरीउपर भएको निर्णय कार्यान्वयनका लागि नेपाल सरकारलाई लेखी पठाउनू । निर्णयको जानकारी उजुरीकर्तालाई दिनू । उजुरी फाइलको लगत कट्टा गरी नियमानुसार उजुरी फाइल आयोगको अभिलेख शाखामा बुझाइदिनू ।

**निर्णय तयार गर्ने**

...................

मन्दिरा श्रेष्ठ,

सहायक प्रथम

| ............... | ............... | .............. |
|---|---|---|
| सदस्य | सदस्य | अध्यक्ष |

इति संवत् २०७० साल वैशाख ३० गते रोज २ शुभम् ................................।